क्रान्ति अगावै कम्युन-जीवनको थालनी गरिरहेको भारतीय कम्युनिष्ट पार्टी

# मूल्याङ्कन

मूल्य रु. १५।-

विच

पूर्णाङ्क २८, जेठ २०५२



## नेपालमा भूमिसुधार केका लागि र कसरी गरिनु पर्छ ?

*- महेशचन्द्र रेग्मी*

अन्तर्क्रिया-कार्यक्रमको जीवन्त रिपोर्ट

## नेपाल-भारत सम्बन्ध अब कस्तो हुनु पर्छ ?

राजनेताहरु, इतिहासविद्, व्यापारविद् र विद्युतविज्ञहरु के भन्छन् ?

# "गाई-आन्दोलन"

## के हुनसक्छ यसको परिणाम ?

STAR MOVIES

ZEE TV

BBC

ZEE CINEMA

PRIME sports

PLUS

CHANNEL [V]

STAR TV

ON

SHANGRI-LA CHANNEL

यी च्यानलहरू हेर्नको लागि सांग्रिला च्यानल डिकोडर
आफैं बुक गर्नु होस् ! स्टक सीमित छ ।

THE WIRELESS PAY TV

SHANGRI-LA CHANNEL
*Anywhere, Everywhere*

डिकोडर बुक गर्ने स्थानहरुः

सांग्रिला च्यानल प्रा. लि.
पो. ब. नं. ५८५२
संघर्ष च्याम्बर, ज्ञानेश्वर
काठमाडौं ।
फोनः ४१५२९९, ४१११३७
फ्याक्सः ४१६३३३

अथवा

❑ लिडर्स ग्रुप प्रा. लि.
फोनः २१६२६५

❑ स्पेस एज प्रा. लि.
फोनः २२२८४१, २२५८११

सर्वश्रेष्ठ DAEWOO COLOR TV




CLEAR PICTURE
CLEAR SOUND
CLEAR CHOICE

DAEWOO
HIGH TECHNOLOGY
COLOR TV

- Only TV in Nepal with **SUPERVISION - S** technology to give you crystal clear picture.
- Multisystem
- 30" - months guarantee
- New Total Control (including auto search) remote control
- Woofer - type double speakers
- Automatic switch - off if no programme / telecast
- plus many more additional features.

Golchha Organisation

Him Electronics P. Ltd.

Classic

# "गाई-आन्दोलन"

## के हुनसक्छ यसको परिणाम ?

मुलुकलाई धार्मिक-विवादको खाडलमा धकेल्न खोजेको
यस चर्चित विवादको चिरफार !

*यसबारे नेताहरु तथा बौद्धिक-सामाजिक व्यक्तित्वहरु के भन्छन् ?*



## कस्तो हुनुपर्छ अबको नेपाल-भारत सम्बन्ध ?

❑ महत्वपूर्ण प्रत्यक्ष विचार-अन्तर्क्रियाको रिपोर्ट

❑ नेताहरू र विषयविज्ञ बौद्धिकहरूको आमने-सामने छलफल

*नेपाल भारत व्यापार सम्बन्ध र १९५० को सन्धिबारे*
*कतिपय नौला तथ्यहरु सहित*

## विश्व कम्युनिष्ट आन्दोलन

क्रान्ति अगावै कम्युन जीवन चालु गरिरहेको चर्चित भारतीय कम्युनिष्ट पार्टी SUCI



-क. शिवदास घोषको जीवनको झाँकी र उल्लेखनीय विचारहरु
-घाटशीला र दुर्गापुर कम्युनमा "मूल्यांकन" को भ्रमणः एक रिपोर्ट

कलाकार
रामेश रेडियो नेपालमा
गएपछि त्यहाँ के हुँदैछ ?
(अन्तर्वार्ता)

## नेपालमा भूमिसुधार केका लागि र कसरी ?

महेशचन्द्र रेग्मीका गहन विचारहरु


हाम्रो मूल्यांकन
किन सरकार वर्ग-अडान छोड्दैछ ? ४
अन्तर्क्रिया
अब नेपाल-भारत सम्बन्ध कस्तो हुनुपर्छ ? ३४
अन्तर्क्रियाका सहभागीहरु
*राजनेताहरु*
क. शंभुराम श्रेष्ठ
क. मोहनचन्द्र अधिकारी
डा. बाबुराम भट्टराई
*बुद्धिजीविहरु*
प्रा. महेश्वरमान श्रेष्ठ, डा. किशोरकुमार गुरुघराना, दीपेन्द्र क्षेत्री, दीपक ज्ञवाली, ओमबहादुर गुरुङ, स्नेह सायमि, गोपाल सिवाकोटी 'चिन्तन', डा. गोपाल पोखरेल, प्रा.-भरतराज पोखरेल, वालकृष्ण चापागाई,
नेपालमा भूमिसुधार, केका लागि र कसरी गर्नुपर्छ ?
-महेशचन्द्र रेग्मी १३
मुक्ति पुरस्कार र महेन्द्र पुरस्कार लिने कि नलिने ?
-गंगाप्रसाद उप्रेती १२
नीति/संस्कृति
रामको अन्धभक्त हनुमान, हनुमान-चालिसा पढ्ने हामी २७
पर्दा/रंगमञ्च
कलाकार रामेश रेडियोमा गएपछि त्यहाँ के के भए ? (अन्तर्वार्ता) ३१
साहित्य
साँझ, उदांस घरको पिंढीमा (कथा)- पारिजात २९
कवि बुँद राना पुरस्कृत ३०
विश्व कम्युनिष्ट आन्दोलन
क्रान्ति अघिनै कम्युन जीवनको थालनी गरेको SUCI १६
क. शिवदास घोषको जीवनको झाँकी १८
क. घोषका उल्लेखीय विचारहरु २३
दुर्गापुर र घाटशीला कम्युनको रिपोर्ट २५
आवरण कथा
गाई आन्दोलनः के हुन सक्छ यसको परिणाम ५
विवादको शुरुवात ६
ऋषिकेश शाह, धर्मरत्न तुलाधर, नरेशवीर शाक्य, क. चित्रबहादुर के.सी., सुशील प्याकुर्‍याल, क. पम्फा भूसाल, क. दीपक शर्माको प्रतिक्रिया ६-११
प्र.म. माथिको हुटिंग र कुर्सी आक्रमण ११
पाठकको कुरो ४२


आवरण फोटोः क. पद्मरत्न तुलाधर । फोटोः एल्भीस जोशी । आवरण कलाः आइडियल डिजाइनर्स, बागबजार । फोटोग्राफरः उषा

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १३ पूर्णाङ्क २८

२०५१, जेठ



**संरक्षक**

डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**

डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**

श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**

हरिगोविन्द लुईंटेल

**सह-सम्पादक**

राजेन्द्र महर्जन

**बजार व्यवस्थापक**

श्याम खड्का

**कार्यालय व्यवस्थापन तथा लेखा**

वीरप्रसाद भंसारी

**व्यवस्थापन सहयोगी**

दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**

"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन प्रा. लि.
न्हूसाल, भ्रोंछे, ख- २,२३७
काठमाडौं- २३
फोन: २१३६९४
पो. ब. नं. ३०२६, काठमाडौं।


# किन सरकार वर्ग-अडान छोड्दैछ ?

"खोलो तर्‍यो, लौरो बिर्स्यो"- एउटा प्रसिद्ध नेपाली उखान छ। यो उखान अहिले नेपालको राजनीतिक मैदानमा निकै लागू हुँदैछ।

आफूलाई नेपालको श्रमिक वर्गको पहिलो सरकारको रुपमा नेकपा (एमाले) ले विश्वसामु गौरवसाथ चिनाएको थियो। श्रमिकहरु आफ्नो सुदिन आयो भनेर खुशीले गद्‌गद् भएका थिए। अहिले "श्रमिक वर्गको" त्यही पहिलो सरकारले उदयपुर वोक्सेमा सुकुम्वासी श्रमिकहरुमाथि जग्गा-जमीन आफ्नो नाममा पार्न उनीहरुमाथि गोली हान्ने चुसाहा वर्गको पक्ष लागेर उनीहरुको उठीवास गर्न लागेको छ। सुकुम्वासीको पक्ष लिने भाइचारा श्रमिक वर्गका नेताहरुलाई यसले हिरासतको चिसो छिँडीमा कोचेर जनदवावका कारण केही दिनपछि छोडेको छ। कैयन निर्दोष श्रमिकहरु श्रमिक वर्गको पहिलो सरकारबाट वारेण्टेड भएका छन्।

यो के गर्न खोजेको हो एमालेको सरकारले ? सरकार एकातिर सुकुम्वासी आयोग बनाएर देशभरि सुकुम्वासीहरुलाई जग्गा बाँड्ने अभियान छेड्दैछ। निकै छोटो अवधिमा निकै धेरै सुकुम्वासीहरु जमीनको मालिक हुँदैछन् पनि। तर त्यही सरकारले अर्को ठाउँमा २०२१ सालदेखि वसोवास गर्दै आएका सुकुम्वासीहरुलाई जाली फटाहाहरूको पक्ष लागेर वासउठ्‌ठा गर्न खोज्दैछ। वास छोड्न नमान्दा, वर्षौंदेखि खन्दै आएको आफ्नै जमीन खनजोत गर्दा, उनीहरुमाथि राज्यको दमनयन्त्र प्रयोग गर्दैछ। आफू कुन वर्गको वर्ग-स्वार्थ रक्षा गर्ने भनेर सरकारमा आएको हो, आफ्नो घोषित वर्ग-अडान के हो भन्ने कुरा किन यति छिटै भुल्दैछ- एमालेको सरकारले ?

हिजो एमालेले आफूलाई राष्ट्रिय स्वाधीनताको र देशको प्रभूसत्ताको दृढ पहरेदारको रुपमा जनतासामु पेश गरेको थियो। नेपाललाई साम्राज्यवादको भोटे-सांग्लोबाट मुक्त गर्ने नारामा चुनाव लडेको थियो।सरकारको शुरु महिनामा उसले त्यही राष्ट्रिय अडानलाई राम्ररी प्रदर्शित पनि गरेको थियो। नेपाल-भारत मैत्री सन्धिको मामलामा उसले पहिलो पटक नेपालको राष्ट्रिय स्वार्थ भारत सरकारसमक्ष प्रष्टतापूर्वक पेश गरेर प्रशंसनीय काम पनि गरेको थियो तर सरकारमा आएको पाँच महीना पनि वितेको छैन, उसले हिजोको आफ्नो राष्ट्रिय स्वाधीनता र प्रभूसत्ताको अडानलाई एकाएक छोड्न थालेको संकेत मिलेको छ। हिजो आफैंले सख्त विरोध गरेको अरुण तेस्रो आयोजनामा बदनाम गिरिजा सरकारले स्वीकार गरेको देशको स्वाधीनता र प्रभूसत्तालाई नै निकै सीमित पार्ने विश्वबैंकका साम्राज्यवादी शर्तहरुलाई एमाले सरकारले पनि हुबहू स्वीकार गर्ने प्रष्ट संकेत विश्व बैंकलाई दिएको छ। देशलाई साम्राज्यवादको भोटे-सांग्लोबाट मुक्त गर्ने होइन, अरु धेरै चुँडाल्नै नसकिने मोटो भोटे-सांग्लोले बाँध्ने कार्य गर्न सरकार तम्तयार भएको छ। बस, अब संझौतामा सही हुन मात्र बाँकी छ।

किन यति चाँडै आफ्नो राष्ट्रिय वर्ग-अडान छोडिरहेछ एमालेको सरकारले ? किन ऊ यति चाँडै भुल्दैछ कि आफू कुन मूल नारा घन्काएर सरकारमा आएको थियो ?

त्यस्तै, संस्कृत भाषाको समाचार प्रसारण पनि एमालेको आफ्नै घोषित भाषा-नीतिको विपरीत दिशामा भइरहेछ। तथाकथित "गाई आन्दोलन" मा सरकारले प्रदर्शित गरेको शुरुको मौनता र त्यसपछि 'त्वम् शरणम्' मुखी रवैया पनि एमालेको आफ्नै "धार्मिक स्वतन्त्रता" को नीति विपरीत देखिएको छ। सरकारले सांप्रदायिक दंगा हुनबाट त राष्ट्रलाई जोगाउनु जरुरी थियो। तर तथाकथित "गाई काट्ने" कुराको चाहिं विरोध गर्ने तर स्वयं मान्छेलाई चाहिं, पद्मरत्नलाई चाहिं, टुक्रा टुक्रा पारेर काट्नु पर्छ भनेर भन्न समेत किंचित नमान्ने एक-धर्म-तानाशाहीका पक्षपाती अन्ध-सांप्रदायिक प्रवृत्तिसमक्ष 'त्वम् शरणम्' गरेर होइन, जनतामा धार्मिक स्वतन्त्रता, धार्मिक सहअस्तित्व र पारस्परिक सदभावको नीतिलाई राम्ररी वकालत गरेर धमिलो पानीमा माछा मार्ने तत्व र सांप्रदायिक तत्वलाई पर्दाफास गरेर तथा एक्लो पारेर उसले यो काम गर्नु पर्थ्यो।

क. पम्फा भूसाल अध्यक्ष रहनु भएको स.ज.मो.ले आव्हान गरेको गत वैशाख २१ को "उपत्यका बन्द"को सन्दर्भमा पक्राउ परेकाहरु माथि पंचायत वा ने.का.को पालामा झैं मुद्दा चलाउने सरकारको तयारी यस्तै अर्को घटना हो।

यी सबै घटनाक्रमले के देखाइरहेछ भने, एमालेको सरकारले आफ्नै घोषित वर्ग-अडानहरुलाई एक एक गरी छोड्दै जाँदैछ। ऊ आफ्नै पार्टीका घोषित प्रतिबद्धताहरुलाई भुल्दैछ। यदि यही यथास्थितिमुखी द्वैध चरित्र र प्रक्रिया बढ्दै गयो भने, यही विकास प्रक्रिया बढदै गयो भने, यसको अन्तिम परिणति के होला ? यस्तो भन्न सकिन्छ- यस्तो बिन्दु चाँडै आउन सम्भव छ , जहाँ एमालेले आफ्नो वर्ग-चरित्र नै पूरापूर बदल्नेछ। ऊ आधारभूत रुपमा समाजको प्रगतिशील वाम शक्तिका रुपमा बाँकी रहनेछैन।

जसरी होस्, कर्सीमा अडीराख्नु नै सर्वप्रमुख कुरा हो- यही कुर्सीमुखी चिन्तन र प्रवृत्तिले नै एमालेको सरकारलाई उसका पहिलेका वर्ग-अडानहरु छोड्न उत्प्रेरित गरिरहेको देखिन्छ। जनता र जनताको विश्वास नै वाम शक्तिको दीगो सत्ताको मुख्य आधार हो। वाम सरकारले यही दिशामा काम गर्न थाल्नु नितान्त जरुरी थियो। तर यो चूरो कुरा सरकारले र सत्तारुढ पार्टीले भुल्न थालेको प्रतीत हुन्छ। सरकारमा आफ्नो स्थान सुरक्षित पार्न उसले जनता र जनविश्वासलाई होइन, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिक्रियावादी शक्ति-वृत्तहरुको समर्थन र त्यो समर्थन प्राप्त गर्ने कुटनीतिलाई मुख्य आधार बनाउन थालेको प्रतीत हुन्छ। यो सरासर गलत कार्यदिशा हो। यो कार्यदिशाले एमाले मात्र होइन, कुनै पनि शक्तिलाई जनताबाट अलग्याउँछ र प्रतिगामी दिशातिर डोर्‍याउँछ।

एमालेले बाटो विराउनु देश र जनताको हितमा छैन। यो समूच्चा वाम आन्दोलनको लागि ठूलो नोक्सानी हो। त्यसैले, एमालेका संपूर्ण जिम्मेवार पार्टी नेता र कार्यकर्ताहरुलाई एक पटक फेरि सरकारले लिएको बाटोबारे आत्मालोचक र गंभीर भएर सोच्न हामी आग्रह गर्छौं। अन्य जिम्मेवार प्रगतिशील शक्तिहरुलाई पनि 'खुच्चिङ' वा द्वेषको मानसिकताबाट माथि उठेर एमालेलाई यतिखेर सही ठाउँमा ल्याउन सबै प्रकारको प्रयत्न र संघर्ष गर्न आह्वान गर्दछौं।

टाइप सेटिंग: माइक्रोचिप्स कम्प्युटर सर्भिस, बागबजार। मुद्रक: इन्द्रेणी अफसेट प्रेस, बागबजार फोन: २२५९५४

# "गाई-आन्दोलन"



फोटो एल्बीज जोशी

# के हुन सक्छ यसको परिणाम ?

वैशाख ८ गते जनकपुरधाममा हिन्दू स्वयंसेवक संघ, जनकपुरको निमन्त्रणामा भारतको काशी हिन्दू विश्वविद्यालयबाट कोही सुदामा शास्त्री भनिने भरत आचार्य आयो र जानकी मन्दिरको प्रांगणमा आयोजित सभामा वर्तमान श्रम तथा स्वास्थ्यमन्त्री तथा नेपालको प्रजातान्त्रिक आन्दोलनमा अत्यन्त प्रभावकारी र महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनु भएका एक व्यक्तित्व पद्मरत्न तुलाधरको टाउको काट्नेलाई रु. ५०,००० (पचास हजार) इनाम दिने खुला घोषणा गऱ्यो !

❑ बैशाख ९ गते बाँके जिल्ला विकास समितिमा सार्वजनिक सभामा नेपाली कांग्रेसका कार्यकर्ताहरुले ने.का.का चर्चित नेता सुशील कोइरालाको उपस्थितिमा क. वामदेव गौतम लगायत क. पद्मरत्न तुलाधरको टाउको काटिने घोषणा गरे !

❑ बैशाख ९ गते राजधानीमा आयोजित एक राष्ट्रिय गोष्ठीमा योगी नरहरिनाथले खुला रुपमा "गाई काट्ने कुरा बोल्नेका जति रौं छन्, त्यति नै टुक्रा गरी काटिएमा उसको अपराधले माफ पाउँछ" भन्ने किम्बदन्ती दोहोऱ्याए !

पद्मरत्नको टाउको काट्ने र उहाँलाई टुक्राटुक्रा गर्ने जस्ता यी खतरनाक प्रस्ताव र योजनाहरु के सलमान रुस्दी र तसलिमा नसरिनलाई मुस्लिम कट्टरतावादको विरोधमा साहित्य लेखेवापत उनीहरुलाई मार्न गरिएका मागहरु र इनामका घोषणाहरु भन्दा भिन्न छन् ?

क. पद्मरत्न तुलाधरले नेपालमा रहेका गाईको मासु खाने वा नखाने धार्मिक समुदायहरुको परस्पर विरोधी देखिने धार्मिक हकको बारेमा प्रश्नहरु उठाएर दिनुभएको चर्चित भाषणका निम्ति उहाँमाथि जारी गरिएका यी 'फतवा' हरु आफूलाई 'प्रजातन्त्रवादी' भन्ने जो कोहीको लागि पनि के सह्य र अनालोच्य कुराहरु हुन् ? यस्ता कुराहरुको प्रतिकारमा आफ्नो अडान राख्नु र यिनको प्रतिकार गर्नु सभ्य समाजको दायित्व हैन ?

तर नेपालका केही कथित 'प्रजातन्त्रवादी'हरुको व्यवहारले जवाफ दिन्छ- हैन ।

उनीहरुको व्यवहारले देखाइरहेछ- 'फतवा'हरुको विरोध त विदेशीहरुको सन्दर्भमा मात्र गर्ने हो, यहाँ त तिनै फतवाहरुलाई हावा दिने काम गर्नुपर्छ, यदि फतवा आफ्नो कोही लोकप्रिय राजनैतिक प्रतिद्वन्द्वीका विरुद्ध जारी छ भने त झन् त्यसको आगोमा घ्यू थप्नु पर्छ !

*-यसो गर्दा 'मानव अधिकार'को खिल्ली उड्दैन ?*

*-यसो गर्दा धार्मिक स्वतन्त्रताबारेको आफ्नै पार्टीको घोषणाको खिल्ली उड्दैन ?*

*-यसो गर्दा देशमा साम्प्रदायिक सद्भावको स्थिति बिग्रन गई देश अनावश्यक र स्तरहीन धार्मिक विवादमा फस्न पुग्दैन ?*


*यी सब प्रश्नको जवाफमा आज देशका कतिपय कांग्रेसी र दरबारपक्षीय व्यक्तिहरु व्यवहारले बोलिरहेछन्- "देश ! जनता, मानव अधिकार, पार्टी घोषणा आदि आदि सब कुरा गोली मारो ! ठूलो मौका पाइएको छ, पद्मरत्नका विरुद्ध जनतामा भ्रम पैदा गर्नै हो, यसबाट राजधानीमा वामपन्थीहरुको प्रभाव घटाउने हो, र एमालेको सरकार गिराउने हो वा भोलि चुनाव जित्ने हो ! अथवा- यसरी भाँडभैलो मच्चाएर जनतामा धार्मिक कट्टरवाद चर्काएर पुनः पंचायती व्यवस्था फर्काउने हो !"*

आज पद्मरत्न तुलाधरका विरुद्ध देशमा जुन विरोध र बखेडाको स्थिति सृजना गर्न खोजिंदैछ, यसले एउटा गंभीर कुराको संकेत गरिरहेको छ। त्यो संकेत हो- क्षुद्र राजनैतिक सत्ता-स्वार्थका निम्ति देशमा ठूलो भाँडभैलो मच्चाउन समेत पछि नपर्ने तत्वहरु यहाँ सक्रिय छन् । तिनले टाउको उठाउन थालेका छन् ।

कांग्रेसी र केही दरबारपक्षीय अखबारहरुले हप्तौंसम्म "गाई काट्न उक्साउने पद्मरत्न"का विरुद्ध ठूला ठूला ठाउँहरु दिए । पद्मरत्नले "मेरो आशय त्यो थिएन" र "जनताको भावनामा मेरो भनाइले चोट परेको भए म क्षमा माग्दछु" भनी सार्वजनिक रुपमा पत्रिकाहरु र रेडियोबाट बताइसक्दा पनि उहाँको यो भनाइ ती अखबारहरुका

## धार्मिक कट्टरतावादलाई उराल्ने काम कसबाट किन भइरहेको छ ?

## माथि पद्मरत्नको गर्धन, मुनि मेरो गर्धन



**ऋषिकेश शाह**

अध्यक्ष- नेपाल मानवाधिकार संगठन

*अहिले मानव अधिकारवादी व्यक्ति पद्मरत्न तुलाधरप्रति जुन विरोधका गतिविधिहरु भइरहेछन्, त्यसका पछाडि निहित राजनैतिक स्वार्थ लुकेको छ । राजनीतिक स्वार्थका लागि यसरी धर्मलाई अगाडि ल्याउनु बिल्कूलै ठीक कुरा हैन । व्यक्तिले बोल्दै नबोलेको, बोल्दा त्यस्तो आशय आएको भए "मेरो त्यस्तो आशय छैन" भनी स्पष्टीकरण दिइसकेको र त्यसबाट जनतामा चोट परेको भए क्षमा माग्दछु भनिसकेको, यस्तो अध्याय नै समाप्त भैसकेको प्रसंगलाई उराल्ने काम प्रबुद्ध वर्गले गर्न सुहाउने काम हैन । यो गलत काम हो । संकीर्णतावादी सोचले अभिप्रेरित यस कार्यले जनतामा बेमेल पैदा गर्न सक्छ ।*

*मैले पद्मरत्नले "गाई काट्नु पर्छ भन्ने लवज बोलेको छैन" भनी भनेको कुरालाई लिएर मलाई "तपाईले पद्मरत्नलाई यसरी किन जोगाउन खोजेको ?" भनेर सोध्नेहरु धेरै छन् । उनीहरुलाई मैले भनिदिएको छु- "माथि पद्मरत्नको गर्धन र मुनि मेरो गर्धन पर्छ भने पनि म यो बेठीक कुराको विरोध नै गर्छु ।"*

*साँच्चै राजनीति गर्नेहरुले यस्तो स्तरहीन राजनीति गर्नु बिल्कूलै सुहाउने कुरा हैन । मलाई त के कुरा पनि लाग्न थालेको छ भने- पद्मरत्नमाथिको यो खेदाइले भोलि कसैले पनि धर्मको कुनै पनि मामलामा बोल्न नपाइने स्थिति खडा गर्ने भित्री नियत पनि राखेको छ । यो नियतबाट पनि हामी मानव अधिकारवादीहरु सजग हुनुपर्छ भन्ने मलाई लागेको छ ।* ❑

समाचारमा थुप्रै पटक उल्लेख नै भएनन् ।

तर आश्चर्य, एकपक्षीयता र अर्द्धसत्यको आधारमा गाईको पक्षमा बोल्ने 'वरिष्ठ पत्रकारिता' गर्ने 'जिम्मेवार पत्रकार'हरुले मान्छे मार्ने खुला घोषणामा चाहिं रत्तिभर चित्त दुखाएनन् । केवल वक्ताले खण्डन गरेर वा क्षमा मागेर थान्को लागिसकेको उही पुरानै कुरा विभिन्न प्रसंगमा एउटै अंकमा ४/५ स्थानमा समेत छापे ।

राजधानीमा "पद्मरत्न बौल्हायो" भन्ने तुल टाँगिए, पद्मरत्नको पुत्ला जलाइयो, विभिन्न स्थानमा जुलुस, विरोध सभा, चक्का जाम र वक्तव्यबाजी भए ।

हिन्दू कट्टरतावादलाई उराल्ने काम मात्र यहाँ भएनन्- यसका नाममा अन्य धर्मावलम्बीहरुलाई चिढ्याउने काम पनि भए ।

दरबारिया आडमा संचालित मानिने योगी नरहरिनाथले त यत्तिसम्म पनि बोले- "गोहत्याकारीलाई झाडु लगाएर सफा गर्नु पर्दछ । ईसाईका पछि लाग्ने हिन्दूलाई पनि बहिस्कार गर्नु पर्दछ, देशबाट निकालीदिनु पर्दछ । हिन्दू अधिराज्य नेपालमा झर्रा हिन्दू मात्रै रहनुपर्दछ । यो खिचडी रहनु हुँदैन । वर्णशंकरहरुलाई कूल र देशको नाश गर्न दिनु हुँदैन । जो जहाँका एजेण्ट छन्, उनलाई उतै खेदिदिनु पर्दछ ।"

*(साप्ताहिक 'जनभावना' २५ वैशाख)*

यो स्थितिमा सवाल के उठ्छ भने, नेपालमा परंपरादेखि नै गाईको मासु खाने अन्य धार्मिक मतावलम्बीहरुले र गैर-हिन्दूहरुले पनि 'जवाफ' को रुपमा अर्को कोणबाट यस्ता उन्मादी सोचहरु उठाउन थाले भने, के होला ?

यसै बीच, २०४६ सालमा जनआन्दोलन विफल होस् भनी कोटीहोम गरेका कोही प्रकाश सुवेदी नामक व्यक्ति नेता भएको राष्ट्रिय हिन्दू युवक संघले पद्मरत्न र अन्ततः वर्तमान सरकारकै विरुद्ध लक्षित गरी राखेको यही जेठ २ को कथित "नेपाल बन्द" को विरुद्ध गाईको मासु खान मिल्ने धर्म भएका समुदायहरुले पनि यस्तै "नेपाल बन्द" वा चक्का जाम गर्न थाले भने के होला ?

नेपालको संविधानले गाईलाई राष्ट्रिय जनावरको रुपमा संरक्षण गर्न राखेको प्रावधानकै विरुद्ध यहाँ संघर्ष छेडियो भने के होला ? किनभने, नेपालको संविधान आफैं अन्तरविरोधी छ । त्यसले नेपाललाई 'हिन्दू अधिराज्य' पनि भनेको छ, साथै त्यही नेपालको संविधानले सबै धार्मिकहरुलाई परंपरादेखि मान्दै आएको धर्म मान्ने हक पनि दिएको छ । स्मरणीय छ, ती कतिपय समुदायहरुले परंपरादेखि मान्दै आएको धर्ममा गाई खाने कुरा पनि स्वतः पर्दछ !

यस्तो भएमा देश उग्र धार्मिक विवादमा फस्ने छ ।

धार्मिक विवादहरु भनेका कति विवेकशून्य र उन्मादी हुन्छन् भन्ने कुरा त छिमेकी देश भारतबाटै हामीले

# गाई-विवादको शुरूवात

*गत फागुन २७ गते बारा जिल्लाको सदरमुकाम कलैयास्थित देवीलाल धर्मशालाको प्रांगणमा नेपाल मानवअधिकार संगठनको पाँचौ साधारण सभामा अन्य वक्ताहरुका अतिरिक्त क. पद्मरत्न तुलाधरले पनि बोल्नु भयो । उहाँले धार्मिक हकबारे नेपालको संविधानले गरेको व्यवस्थाको कोणबाट कुराहरु बोल्नु भयो ।*

*सभामा पद्मरत्नले गाईको मासु खाने वा नखाने धार्मिक हकको प्रसंग बोलिसक्नासाथ त्यहाँ बसी रिपोर्टीङ्ग गरिरहेका एक जना चर्चित कांग्रेसी पत्रकार खुशी हुँदै आफ्नो टेपरेकर्डर बन्द गर्दै त्यहाँबाट उठे । "अब पद्मरत्नलाई यही भनाइका आधारमा फसाउन पाइने भयो" भन्दै उनी बाहिर गए । टेप कतै सुरक्षित राखेर फर्के । यसको लगत्तैबाट त्यही टेपको आधार तेर्स्याएर विवादका क्रमहरु शुरु भए ।*

# पद्मरत्नको भाषणमा के थियो ?

**कतिपय कांग्रेसी र दरबारपक्षीय छापाहरुले पद्मरत्नको कलैया-भाषणको टेप-उतार हज्जारौंको संख्यामा बजारमा आएको हल्ला गरे पनि सो टेप निकै खोजी गर्दा पनि हामीले पाउन सकेनौं । साप्ताहिक देशान्तरले सो भाषणको "जस्ताको तस्तै" भनी प्रकाशित गरेको व्यहोरा निम्न अनुसार छ-**

**"......धर्मको कुरा आउँदा अत्यन्तै संवेदनशील कुराहरु छन् । हामी एकातिर मानव अधिकारवादी भनेर अत्यन्तै जबरजस्त भाषणहरु गर्दछौं तर जब व्यवहारमा धर्मको कुरा आउँछ तैपनि हामी कतै आफ्नो शीर झुकाउँछौं कहीं कतै जस्तो केही वर्षअघि धरानमा एउटा विशाल न्याली र आमसभाको आयोजना भएको थियो विभिन्न धर्मावलम्बीहरुको संयुक्त आयोजना थियो । मुसलमान, क्रिश्चियन, बौद्ध, हिन्दू सबै धर्मका प्रतिनिधिहरुको उपस्थिति थियो । त्यहाँ मैले एक जना फेरि पनि मानव अधिकार वादीको हैसियतमा राखेको कुरा हाम्रो देश निश्चितै रुपमा विभिन्न कारणहरुले गर्दा खेरि अहिले पनि हिंन्दू धर्म भनेर भनियो, हिन्दू अधिराज्य भनेर घोषणा गरियो संविधानमा जबसम्म परिवर्तन हुँदैन जबसम्म संशोधन हुँदैन तबसम्म यो हिन्दू अधिराज्य भई नै रहने छ तर तैपनि हाम्रो मान्यता हामी सबैले मानेको कुरा धार्मिक समानता पनि हो, धार्मिक सहिष्णुता पनि हो, धार्मिक स्वतन्त्रता पनि हो तर फेरि पनि मुसलमानहरुको जब कुरा आउँछ फेरि पनि मंगोल जातिको मूलका नेपालीहरुको कुरा आउँछ उनीहरुले गाईको मासु खान पाउने कि नपाउने ?**

**कुरा बोल्नु हुन्छ कि हुँदैन, यस्तो सभामा जहाँ हिन्दूहरुको बाहुल्य हुन सक्दछ अर्थात् जुन देशलाई हिन्दू अधिराज्य भनेर घोषित गरेको छ यस्तो ठाउँमा एक जना मानवअधिकारवादीले धार्मिक स्वतन्त्रताको पक्षपाती भएर धार्मिक सहिष्णुताको पक्षपाती भएर बोल्दाखेरि साहस गर्ने कि नगर्ने ? तर हामी मध्ये अधिकांशको साहस गर्न सक्दैनौं म पनि साहस गर्न सक्दिनँ तर तैपनि यो एउटा यस्तो थलो, यस्तो एउटा सभा नेपाल मानव अधिकार संगठनको पाँचौ साधारण सभा हुनुको कारणले मैले साहस गरेको हो कि हामी यो आन्दोलनमा लागेका हौं । ऋषिकेश शाहको नेतृत्वलाई हामीले स्वीकार गरेका हौं भने हामीले साहस गर्नु पर्दछ कि हिन्दू अधिराज्य भएपनि धार्मिक सहिष्णुतामा विश्वास गर्दछौं यो कुरालाई हामीले सहर्ष स्वीकार गरेका हौं । यो कुरामा विवादै छैन हामीमा सहिष्णुता छ यदि सहिष्णुता छ भने कमसेकम मुसलमानहरुको बस्तीमा केन्द्रित होस् त्यहाँ उनीहरुको धर्मले, उनीहरुको संस्कृतिले खोजेको हो भने उनीहरुको त्यही संस्कृति हो, त्यही धर्म हो भने हामीले छुट दिनु पर्दछ कि पर्दैन ? मेरो विचारमा छुट दिनु पर्दछ ।" २०५१/११/२७ गते कलैयामा । (-भीमसेन दास प्रधान)**




देखिसकेका छौं । हाम्रो देशमा आजसम्म जुन धार्मिक सहिष्णुताको वातावरण कायम छ, त्यो वातावरण भत्किएको खण्डमा यहाँ देशका मूल मूल समस्याहरु पाखातिर पर्ने र ती समस्याहरु हल गर्न लाग्नु पर्ने मानवीय प्रयत्नहरु आपसी विवाद र मारामार एवं तीव्र घृणा र क्षोभमा अल्मल्लिने छन् । कांग्रेसको तुच्छ कुर्सी-स्वार्थ पूरा होला, वा दरबारको पुनः पंचायत फर्काउने स्वप्न केही गाढा होला वा 'वर्क परमिट' को आवाज हिजो जोड-जोडले उठाउने पद्मरत्न तुलाधरलाई कुर्सीबाट फ्याँक्ने भारतीय साम्राज्यवादीहरुको निहित स्वार्थ केही हदसम्म पूरा होला, तर मुलुक भने, साम्प्रदायिक दंगा र बेमेलको कालो खाडलमा धस्सिन पुग्ने कुरा निश्चित छ ।

त्यसैले, नेपालका सबै सचेत जनताले, सच्चा धर्मनिरपेक्षतावादी शक्तिहरुले र वैज्ञानिक सोच राख्ने प्रगतिशील शक्तिहरुले षड्यन्त्रकारीहरुको स्वार्थको निम्ति टुसाउन थालेको यो धार्मिक विवादको विषालु आँकुरालाई नफाँगिदै निमोठ्नु जरुरी छ । अन्यथा, यसले फाँगिने मौका पाएमा मुलुक बर्बादीको भासमा भासिन जाने निश्चित छ ।

## पद्मरत्नको गल्ती के ?

कलैयामा वास्तवमा पद्मरत्नले जुन कुरा बोल्नु भएको भनी प्रचारमा आइरहेछ, त्यसैलाई आधार मान्ने हो भने पनि त्यसमा निम्न पक्ष प्रष्ट रुपले आएका छन् :

*- नेपालको संविधानले नेपाललाई हिन्दू अधिराज्य घोषणा गरेको र यो संविधान परिवर्तन नहुन्जेल यो कुरा कायमै रहने सवाल,*

*- धार्मिक स्वतन्त्रता पनि हामीले मानेकै कुरा हो भन्ने पक्ष,*

*- विपरीत परंपरा भएका धार्मिक समुदायको हकको कुरा गर्दा धार्मिक स्वतन्त्रताका पक्षपातीहरुले साहस गर्ने कि नगर्ने भन्ने प्रश्न,*

*- धार्मिक सहिष्णुतालाई कायम राख्नुपर्छ भन्ने मान्यता,*

*- मुसलमानहरुको धर्म संस्कृतिले खोजेको हो भने, वा उनीहरुको धर्म संस्कृति त्यही हो भने, उनीहरुलाई गाईको मासु खाने छुट दिनु पर्छ । त्यो कुरा उनीहरुको वस्तीमा मात्र केन्द्रित हुनुपर्छ ।*

क. पद्मरत्नको सबैभन्दा विवादास्पद कुरा यही पछिल्लो कुरा हो ।


यसमा के प्रष्ट छ भने, उहाँले भन्नु भएको यो कुरा आ-आफ्नो क्षेत्र र धार्मिक परिवेशमा हिजैदेखि चल्दै आएको कुरा नै हो । गाईको मासु खानेहरु वा गाईलाई पूजा गर्नेहरु एक अर्कालाई नचिढ्याइकन सो काम गरिरहेकै छन् । पाँचतारे होटेलहरुमा विदेशबाट ल्याएर गाईको मासु आफ्ना ग्राहकलाई खुवाउने प्रचलन यहाँ कायम नै छ ।

क. पद्मरत्न तुलाधरले भनेका यी कुराहरु धार्मिक स्वतन्त्रताका पक्षपातीहरु सबैले भन्ने कुरा हो । भाषा आफ्नै प्रकारको भएपनि उहाँको भनाइको मूल सार- नेपालमा धार्मिक स्वतन्त्रता हुनु पर्छ भन्ने नै हो । उहाँको आशय सबैले आ-आफ्नो धर्म मान्न पाउनु पर्छ- तर विवादास्पद कुराहरुमा आफ्नै बस्तीमा केन्द्रित भएर, ता कि- अर्काको चित्त नदुखोस् भन्ने नै हो ।

धार्मिक स्वतन्त्रताको यो कुरा संयुक्त राष्ट्रसंघको मानवअधिकार घोषणा-पत्रले पनि प्रष्ट रुपमा उल्लेख गरेको कुरा हो । नेपालको संविधानका चार आधारभूत कुरामध्येको एक आधारभूत कुरा पनि यही मानवअधिकार नै हो ।

यो आधारमा बोल्ने पद्मरत्न तुलाधरलाई "फाँसी दिनुपर्छ" भन्नेहरुले

## अतिवादीहरुको कार्यप्रति घोर आपत्ति



### नरेशवीर शाक्य

नेपाल भाषा मंकाःखलः का सचिव

**नेपाल भाषा मंकाःखलका अध्यक्ष एवं श्रम तथा स्वास्थ्यमन्त्री पद्मरत्न तुलाधरका विरुद्ध केही अतिवादी हिन्दूहरुले व्यक्तिगत इर्ष्याको कारणले भए नभएका अनर्गल प्रचार गरिआएकोमा हाम्रो पनि ध्यानाकर्षण भएको छ । नेपाल भाषा मंकाः खलः को सचिवको हैसियतले यस्ता अतिवादीहरुको कुत्सित कार्यहरुप्रति घोर आपत्ति व्यक्त गर्न चाहन्छु ।**

**बारा कलैयाको एक आमसभामा मानव अधिकारवादीको नाताले पद्मरत्न तुलाधरद्वारा व्यक्त गरिएका विचारहरुलाई बंग्याई अभिव्यक्त नै नगरिएको मनसायलाई निहित स्वार्थी मनोवृत्ति भएकाहरुले भ्रामक प्रचार गरि रहेका छन् । माननीय मन्त्रीले पटक पटक सार्वजनिक संचार माध्यमहरुमा एवं मञ्चहरुमा आफ्नो धारणा स्पष्ट गरिसक्नु भएको र वारा कलैयाको सवालमा आफ्नो अभिव्यक्तिले कसैको धार्मिक अहंमा आघात नपर्ने कुरा पनि स्पष्ट पारिसक्नु भएको छ ।**

**यति हुँदा हुँदै पनि, केही अतिवादीहरुले यसलाई अन्य कुनै मुद्दा बनाउँछन् भने, यस्ता कुत्सित तत्वको प्रतिकार हुनु पर्दछ । बारा कलैयामा उपस्थित मानवाधिकारवादी अन्य नेताहरुले समेत माननीय मन्त्रीको अभिप्रायलाई बंग्याई केही संचार माध्यमहरुले प्रशारण गरिरहेको कुरा प्रकाशमा ल्याइसकेपछि स्वयं श्री ५ को सरकारले समेत गलत प्रचार गरीहिंड्ने त्यस्ता षड्यन्त्रकारी तत्व उपर कारवाही चलाउनु पर्दछ ।**

**नेपाल भाषा मंकाः खलः समान भाषिक अधिकार एवं धार्मिक सहिष्णुताको सदैव पक्षधर रहिआएको छ । गलत मनःस्थिति भएका कुनै पनि तत्वले यस पक्षको शान्तिमा खलल पुऱ्याउँछ भने, त्यस्ता तत्वहरुको प्रतिकार सम्पूर्ण शान्तिप्रेमी जनताले गर्नु नै पर्दछ । र, नेपालभाषा मंकाः खलः यस्ता कुतत्वहरुसंग सामना गर्न हमेशा तयार रहेको छ ।** ❑

## प्रतिरोध गर्न अनुरोध



### धर्मरत्न तुलाधर

अध्यक्ष- पद्मरत्न केन्द्रीय सहयोग समिति

*बारा जिल्लाको कलैयामा नेपाल मानवअधिकार संगठनमा मानव अधिकारसंग सम्बन्धित धार्मिक समानता, स्वतन्त्रता र सहिष्णुताबारे बोल्दा पद्मरत्न तुलाधरले गोहत्या सम्बन्धी बोल्दै नबोलेको कुरालाई निहित स्वार्थपूर्वक प्रतिशोधको भावनाले गलत प्रचार-प्रसार भैरहेको प्रति यो केन्द्रीय सहयोग समिति दुःख तथा क्षोभ प्रकट गर्दछ ।*

*यस गलत प्रचारको खण्डन गर्दै सरकारी तथा निजी क्षेत्रका संचार माध्यमबाट आफ्नो मन्तव्य पद्मरत्न तुलाधरले स्पष्ट गरिसक्दा पनि त्यसको वेवास्ता गरी दुराग्रहपूर्ण मनसायले यस विषयलाई गैर-जिम्मेवार ढङ्गबाट विभिन्न ठाउँमा तुल टाँग्ने, टोल गल्ली गाउँ घरमा सोझा सिधा जनतालाई गुमराह र भ्रममा पार्ने अत्यन्त घृणित कार्य गरी निहित राजनैतिक स्वार्थपूर्ति गर्ने जुन कुप्रयास भैरहेको छ, त्यसबाट धार्मिक असहिष्णुता बढाउने आपराधिक प्रवृत्ति बढ्दै गैरहेको दुःखद परिस्थितिप्रति सजग रहँदै हामी सम्पूर्ण न्यायप्रेमी जनताप्रति चीरकालदेखि रहँदै आएको धार्मिक सहिष्णुता र सद्भावलाई कायम राख्न हार्दिक अपील गर्दछौं ।*

*निरंकुश व्यवस्थाका विरुद्ध सदा संघर्ष गर्दै जनताको पक्षमा सदा समर्पित प्रजातन्त्र र मानव अधिकारवादी पद्मरत्न तुलाधर जस्तो उच्च व्यक्तित्वप्रति अन्य कुनै राजनैतिक विषय वा सन्दर्भले आलोचना गर्न नसकी उहाँको स्वच्छ विचार, उच्च व्यक्तित्वबाट आत्तिएका पराजित मनःस्थिति भएका तत्वहरुले जनताको धार्मिक भावनासंग खेल्दै सम्वेदनशील विषयलाई अत्यन्त घृणित तरीकाले उठाई चरित्र हत्या गर्ने बदनियतपूर्ण जुन दुष्कार्य गरिरहेका छन्, त्यसको घोर भर्त्सना गर्दै त्यस्ता तत्वहरुको कुकर्मको सम्पूर्ण न्यायप्रेमी जनताले प्रतिरोध गर्न हार्दिक अनुरोध गर्दछौं ।* ❑

## पद्मरत्नको काठमाडौंको प्रभाव खस्काउने नियत



**क. चित्रबहादुर के.सी.**

नेकपा मसालका नेता तथा अनेराजमोका अध्यक्ष

*हाल यो 'गाई-प्रसंग' मा जे जस्ता कुराहरु भैरहेका छन्, त्यसका पछाडि देशी विदेशी प्रतिकृयावादी-पुनरुत्थानवादीहरुको हात छ। उनीहरु अरु कुनै 'इस्यु' नपाएर "गाई मार्न भन्यो" भनी पद्मरत्नलाई आरोप लगाएर सोझा र धर्मभीरू जनतालाई भ्रममा पार्ने र उराल्ने काम गरिरहेछन्। यसो गर्नुका पछाडि पद्मरत्नको काठमाडौंमा रहेको प्रभाव खस्काइदिने र समग्रमा एमालेको सरकारको विरोध गर्ने र यसको बद्नाम गराउने उनीहरूको नियत रहेको प्रष्ट देखिन्छ। तर यसले एमाले वा पद्मरत्नलाई मात्रै हैन, हाम्रो सिंगो समाजलाई नै धार्मिक-सांप्रदायिक विवादमा फसाएर ठूलो घाटा हुन सक्ने संभावना छ।*

*त्यसकारण, यो प्रतिकृयावादी जालबाट तमाम जनताहरु सचेत हुनुपर्दछ। जब प्रतिकृयावादीहरूसंग कुनै राजनैतिक मसला बाँकी रहँदैन, तब उनीहरु यस्ता महत्वहीन गैर-राजनीतिक विषयलाई उराल्ने गर्छन्। यसो गरेर उनीहरु आफ्ना शोषण र लुटका इस्युहरुबाट आम जनताको ध्यान अन्तै मोडेर उनीहरुलाई एक आपसमा जुधाउने कोशीस गर्दछन्। छिमेकी देश भारतमा यस्ता घटनाहरु प्रशस्तै हुने गरेका देखिएका छन्।*

*हाम्रो पार्टीले प्रतिकृयावादी पुनरुत्थानवादीहरुको यो राजनैतिक टाटपल्याइ र निम्न कोटीको जालको विरोध गरेको छ।*

*आज मान्छे मार्न नहिच्किचाउनेहरु समेत "गाई मार्न पाइन्न" भनी खोक्रो नारा उरालेर पर्दा पछाडिबाट आम असचेत र सोझा जनतालाई बहकाउँदैछन्। विहान थारो गाईको खुरको पानी खाने र साँझ त्यो थारो गाईलाई भारतीय सीमा कटाएर मासुको भाउमा १५-१६ सय रुपियाँसम्ममा बेचेर आउनेहरु पनि आज तुच्छ राजनैतिक स्वार्थका कारण 'गौमाता-भक्त' भएका छन्। यो सब चालबाजीको पर्दाफास हामीले गर्नु पर्दछ। ❑*

---

संयुक्त राष्ट्रसंघ र नेपालको वर्तमान संविधान सिंगैलाई पनि "फाँसी दिनु" पर्छ भनी माग राख्नु पर्ने हुन्छ। के उनीहरु त्यसो गर्न तयार छन्?

जहाँसम्म, नेपालको संविधानले नेपाललाई 'हिन्दू अधिराज्य' तोकेको सवाल छ, यो सवाल आफैंमा विरोधाभाषपूर्ण छ। यसैकारण, वामपन्थीहरुले वा धर्मनिरपेक्षतावादीहरुले राज्यले धर्मको मामलामा हात हाल्नु हुन्न भनी भन्दै आएका हुन्। नेपालमा वर्तमान संविधानको मस्यौदा राजासमक्ष पेश हुँदा वामपन्थीहरुको पहलमा नेपाललाई हिन्दू राज्य होइन, धार्मिक स्वतन्त्रता भएको धर्मनिरपेक्ष राज्य बनाइएको थियो। त्यसलाई दरबारसितको मिलीभगतमा नेपाली कांग्रेस स्वयंले विरोध गऱ्यो र हिन्दू राज्य बनायो।

कांग्रेसको झण्डाका चार ताराहरु मध्येको एक तारालाई 'धर्मनिरपेक्षतावाद'को अथवा "धार्मिक स्वतन्त्रता"को संकेतको रुपमा मानिन्छ। तर ने.का.ले आफ्नै झण्डाको आशय र घोषणापत्र विपरीत यसलाई बडो लाचारीपूर्वक लत्यायो। आज पनि यही धार्मिक स्वतन्त्रताको एक तारा सहितको चारतारे झण्डा बोकेर ने.का. का कार्यकर्ताहरु अन्ध-संप्रदायवादी कट्टरपन्थी हिन्दू धार्मिक संस्थाहरुलाई उराल्ने र पद्मरत्नको पुत्ला जलाउने कार्य गर्दैछन्- फगत कुर्सी स्वार्थको लागि। यो कुन हदको अनैतिकता र सैद्धान्तिक विचलन हो? के नेपाली कांग्रेस पार्टीले अब कुर्सीको लोभमा 'धार्मिक स्वतन्त्रता'को सिद्धान्त नै छोडेको हो?



संविधानमा एकातिर 'मानवअधिकार'लाई अत्यन्त ठूलो महत्व दिइएको छ, धार्मिक स्वतन्त्रताको प्रष्ट शब्दमा वकालत पनि गरिएको छ, तर अर्कोतिर कुनै एउटा धर्मलाई राज्य-धर्म घोषणा पनि गरिएको छ। संविधानमा विरोधाभाष छ भनेको यही हो। पद्मरत्नले संविधानले नै बताएको एउटा बुँदा- धार्मिक स्वतन्त्रताको व्याख्या गर्नुभयो त के बिगार्नु भयो?

क. पद्मरत्न तुलाधरले आफ्नो आशयको व्याख्या गरी 'मानव अधिकारवादी'हरुले सहासपूर्वक बोल्ने कि नबोल्ने?' भनी आफूले प्रश्न उठाएको तर 'गोवध' गर्नु पर्छ भनी आफूले नबोलेको र आफ्नो त्यस्तो आशय पनि नभएको कुरा प्रष्ट पार्नु भयो। आफ्नो भनाइले जनतामा चोट लागेको भए क्षमा माग्दछु भनी उहाँले आफ्नोतर्फबाट यो विवाद बन्द गर्ने प्रयत्न पनि गर्नु भयो।

गोवधको विवाद ल्याउनेहरुको आशय पद्मरत्नलाई सच्याउनु थियो भने पद्मरत्न स्वयंले प्रष्टीकरण दिएर क्षमा मागिसकेपछि उनीहरु संतुष्ट हुनु पर्ने हो। अझ प्रधानमन्त्री आफैंले क्षमा मागेपछि त उनीहरु निर्धक्क हुनुपर्ने हो। तर किन त आज पद्मरत्नको स्पष्टीकरण र क्षमायाचनाको प्रसंग जोडेर एमालेको सरकार तथा पार्टीले साम्प्रदायिक एकताको पक्षमा वक्तव्य दिइसकेपछि पनि उनीहरु 'बन्द' र विरोधका रागहरु अलाप्न छोडिरहेका छैनन्? किनकि, उनीहरुमध्ये एकथरि चाहन्छन् यही निहुँमा क. पद्मरत्न मन्त्रीबाट हटून्, एमाले सरकारबाट हटोस् र गिरिजाप्रसादको सरकार यहाँ पुनः स्थापित होस्। अर्काथरि चाहन्छन्- यहाँ भद्रगोल मच्चियोस्, अराजकता छाओस, कामचोर घरानियाहरु एवं चुसाहा फटाहाहरुले खुलेआम ब्रम्हलुट गर्न पाइने पञ्चायती व्यवस्था पुनः फर्कोस्, वर्तमान व्यवस्था यही कारणले बदनाम होस्।

उनीहरुको यही नियत हुनाले पद्मरत्न र सरकारको क्षमायाचनाबाट उनीहरु पटक्कै सन्तुष्ट छैनन्।

### केही आधारभूत प्रश्नहरु

**यो** जगजाहेर छ कि नेपालमा गाईको मासु खाने जनजातिहरु र जातहरु निकै ठूलो संख्यामा

---

# लेखकहरूको हत्या गर्ने फरमानको निन्दा गरेका छौं


**सुशील प्याकुऱ्याल,** अनौपचारिक सेवा केन्द्र (इन्सेक)

**मन्त्री पद्मरत्न तुलाधरले मानव अधिकार संगठनको कलैया भेलामा बोलेको कुरालाई लिएर निकै खैलाबैला मच्चाउने प्रयत्नहरु गरिँदैछ। वर्तमान विश्वमा राजनैतिक कट्टरतावादको विकल्पमा धार्मिक कट्टरतावाद हावी हुँदै गएको छ। एकातिर विश्वभरि नै विधिको शासनको लागि प्रजातान्त्रिक शक्तिहरु संघर्ष गर्दैछन् भने अर्कोतिर कट्टरतावादी र यथास्थितिवादीहरु विभिन्न निहुँमा परिवर्तनको प्रकृयालाई रोक्ने प्रयत्न गर्दैछन्।**

**कसैले पनि आफूलाई लागेको कुरा निर्धक्क बोल्न पाउनु पर्ने, समाज विकासमा आफ्नो योगदान गर्दै राष्ट्रिय मूलधारमा समावेश हुन पाउने उसको नैसर्गिक अधिकार को कुरो हो।**

**संयुक्त राष्ट्र संघको मानवअधिकार घोषणापत्रको धारा ३ मा भनिएको छ** "Every one has rights to life liberty and security of a person."

**त्यस्तै सोही घोषणापत्रको धारा १९ मा उल्लेख गरिएको छ-** "Every one has the right to freedom of opinion and expression; this rights includes freedom to hold opinions without interference and to seek, receive and impart information and ideas through any media and regardless of frontiers."



**यसरी संयुक्त राष्ट्रको मानवअधिकार घोषणापत्रले एकातिर मानिस मात्रको बाँच्न पाउने अधिकार, स्वतन्त्रता र सुरक्षाको ग्यारेण्टी गरेको छ भने, अर्कोतिर विचार र अभिव्यक्तिको निर्वाध स्वतन्त्रताको अधिकारका साथै आफ्ना विचारहरु निर्धक्क कुनै त्रासबिना अभिव्यक्त गर्न पाउने अधिकारको पनि प्रत्याभुति गरेको छ।**

**त्यति मात्रै हैन, नेपालको संविधानको धारा १२ को उपधारा २ (क) ले पनि वाक् स्वतन्त्रतालाई हस्तक्षेपमुक्त राखेको छ। यस्तो स्थितिमा एउटा प्रजातान्त्रिक र मानवअधिकारप्रति प्रतिबद्ध मुलुकमा मन्त्री तुलाधरले बोलेको केही कुरालाई लिएर धार्मिक विवाद खडा गर्दै अन्तोगत्वा सामाजिक विखण्डन ल्याउने दुष्प्रयास गरिँदैछ।**

**हामीले कतिपय मुलुकका धार्मिक नेताहरुले आफ्नो विचार व्यक्त गर्ने लेखकहरुको हत्या गर्ने फरमान जारी गरेको कुरालाई निन्दा गरेका छौं। अहिले हाम्रै मुलुकमा धार्मिक स्वतन्त्रताको सन्दर्भमा बोलेको कुरोलाई लिएर टाउको काट्ने आदेशसम्म दिइएको छ। यस्ता कृयाकलापको सबै न्याय, समानता र प्रजातन्त्रप्रेमी जनताले प्रतिकार गर्नुपर्छ। मूलतः आम-संचार जस्तो महत्वपूर्ण क्षेत्रमा संलग्न व्यक्तिहरुले धार्मिक र जातीय उन्माद हैन, सद्भावको लागि योगदान गर्नु पर्ने बेला आएको तथ्यलाई महशूस गर्नु पर्छ। ❑**

## सबै मृत गाईको पोष्टमार्टम गर्नुपर्ने भयो ?

जनतामा रहेको असचेतताको फाइदा उठाई 'राजनीति' गर्न सजिलो हुन्छ । जनतालाई रुढीवादबाट मुक्त गरी चेतनशील बनाउनु पर्ने राजनैतिक व्यक्ति वा संस्थाहरुले जब कुनै धर्मको वा त्यसको कुनै एक पक्षको अन्धसमर्थनमा जनताको भावनालाई उराल्न खोज्छन्, तब उनीहरु कस्ता कस्ता निहुँहरु पनि झिक्न पछि पर्दैनन् भन्ने कुराको उदाहरण नेपालको उदयपुर जिल्ला र पर्वत जिल्लाका यी दुई घटनालाई लिएर निहित स्वार्थीहरुले देखाएको रवैयाबाट पनि पुष्टी हुन्छ ।

❑ गत चैतको अन्त र वैशाखको शुरुताका उदयपुर गाईघाटमा कोही अन्तरी बस्नेतको गाई कालगतिले मरेकोमा उनलाई प्रहरीमा उजुरी दिन लगाइयो । "पद्मरत्नको उक्साहटले गाई काटिएको" चर्चा चलाइयो । पोष्टमार्टम गर्न डाक्टर गए; तर डाक्टर जाँदा उक्त मरेको गाई त्यहाँबाट गायब थियो !

❑ गत वैशाखको दोस्रो साता पर्वत जिल्ला नाङलिथाङ्ग गा.वि.स. का सेते दर्जी र सूर्यबहादर दर्जी नामक केटाहरुलाई घरमा तरकारी नभएकोले गाईको बाच्छो मारेको आरोप लगाई थुनाइयो !

वास्तवमा यो घटना के थियो त ? भन्ने कुरा यसका विरुद्ध नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजले जारी गरेको यो वक्तव्यले नै प्रष्ट पार्दछ- "दर्जी (दमाई) जाति हिन्दू भएका र गोमांस सेवन नगर्ने भएकाले 'तरकारी खान' भन्ने जुन कथित बयान छ, त्यो नै हास्यास्पद छ । ९/१० वर्षका नाबालक बच्चालाई मरेको गाईको बाछो हेर्न गएका बखत आफूले नै मारेको भन्ने जवर्जस्ती बयान गराई वर्तमान राजनीतिक मुद्दा (तुलाधरको "गाई काट्ने" मुद्दा) समेतलाई पुठ गर्न अबोध बालकहरुलाई त्यसप्रकारको झूठो जालसाजपूर्ण घटनामा मुछिएकोमा हामी दलित जाति घोर आपत्ति जनाउँछौं ।"

यदि आम-जनता सचेत नहुने हो भने र जनतालाई फुटाएरै पनि आफ्नो तुच्छ राजनीतिक स्वार्थ पूरा गर्न खोज्नेहरुको चालबाजीलाई चिन्न नसक्ने हो भने, भोलि हरेक मृतक गाईको पोष्टमार्टम गर्नुपर्ने र त्यस मृत्युमा पद्मरत्नको हात "भए नभएको" प्रमाणित गर्नुपर्ने हास्यास्पद स्थिति खडा हुन पनि के बेर ? ❑

छन् । शेर्पाहरु, भोटेहरु, मगरहरु ! तामाङ्गहरु, गुरुङ्गहरु, राईहरु, लिम्बुहरु सबै गाईको मासु खाने जनजातिहरु हुन् । मंगोल मूलका प्रायश: सबै जनजातिहरु गाईको मासु खान्छन् । मुसलमान धर्मका अनुयायीहरु र ईसाई धर्मका अनुयायीहरु पनि गाईको मासु खान्छन् ।

मानव जातिको इतिहासले भन्छ- आर्यहरु आफैं पूर्व-वैदिक कालमा गाईको मासु खान्थे । ऋषि वशिष्ठ आफैंले गाईको मासु खाएको प्रसंग हाम्रा धार्मिक ग्रन्थहरुमा उल्लेख छ ।

*(भवभूतिकृत उत्तररामचरित्मा उल्लेख)*

त्यसैले, गाईको मासु खान पद्मरत्नले उक्साउनु पर्ने यहाँ कुनै जरुरत नै छैन । पद्मरत्नले बोल्नुभन्दा हजारौं वर्षअघिदेखि यहाँ त्यस्ता आदिवासीहरु बस्छन्, जो आफ्नो जीविकाको परम्परा वा धर्म-परम्पराको क्रममा गाईको मासु खान्छन् ।

पद्मरत्नले मुसलमानहरुलाई गाईको मासु खाने धार्मिक छुट हुनुपर्छ भन्नुभयो । धमिलो पानीमा माछा मार्ने नियत बोकेकाहरुले हल्ला गरे- पद्मरत्नले गाई काट्न उक्साएको भनेर ।

तर आधारभूत प्रश्न के हो भने- मुसलमानहरुलाई गाईको मासु खान पद्मरत्नले उक्साउनु पर्छ र ? के पद्मरत्नको भाषणभन्दा हजारौं वर्ष अघिदेखि मुसलमानहरुले गोमांस खाइरहेका थिएनन् र ? फेरि पद्मरत्नले सबै हिन्दू धर्मावलम्बीहरुलाई गाईको मासु खाने स्वतन्त्रता हुनुपर्छ भन्नु भएको छ र ? के पद्मरत्नले अब आम रुपमा गाईको मासु खाने प्रचलन चलाउनु पर्छ भन्नु भएको छ र ? अनि कसरी पद्मरत्नले गाई काट्न उक्साएको ठहरियो ?

तसर्थ, यहाँ मूल सवाल गाईको मासु नखानेलाई मासु खान पद्मरत्नले उक्साए कि उक्साएनन् भन्ने कुराको होइन, यहाँको मुख्य सवाल के हो भने- जसरी नेपालमा गाईकों मासु नखाने हिन्दूहरु थुप्रै संख्यामा अस्तित्वमा छन्, त्यसरी नै गाईको मासु खाने धर्मावलम्बीहरु पनि हाम्रो देशमा बग्रेल्तीं संख्यामा छन् । यो सत्य हो कि होइन ?

जसरी गाईको मासु नखाने हिन्दूहरुको धार्मिक आस्थालाई कायम राख्ने उनीहरुलाई स्वतन्त्रता हुनु पर्छ, त्यसरी नै गाईको मासु खाने गैर-हिन्दूहरुको धार्मिक आस्थालाई कायमै राख्ने धार्मिक स्वतन्त्रता उनीहरुलाई हुनुपर्छ कि पर्दैन ? प्रजातन्त्रमा हिन्दूहरु सरह धार्मिक स्वतन्त्रता गैर-हिन्दूहरुलाई हुनुपर्छ कि पर्दैन ?

प्रजातन्त्रको मूल सार र सिद्धान्त नै सबै नागरिकहरुलाई बिना भेदभाव समानता र स्वतन्त्रता हो । त्यो समानता र स्वतन्त्रता धर्मको मामलामा हिन्दू नागरिकहरु सरह गैर हिन्दू नागरिकहरुलाई हुनुपर्छ कि पर्दैन ?

पद्मरत्नले दिनु भएको उत्तर हो- पर्छ । दुबैथरि नागरिकहरुले समान हक पाउनु पर्छ ।

अनि, पद्मरत्नले कहाँनेर अपराध गर्नुभयो र उहाँको टाउको काट्नु पर्ने भयो ? पद्मरत्न धर्मको मामलामा प्रजातन्त्रको मूल सिद्धान्तभन्दा कहाँनेर बाहिर जानुभयो र उहाँको रौं पनि बाँकी नरहने गरी उहाँलाई गिंड्नु पर्ने भयो ?

पुन: सत्तामा जाने कुनै निहुँ नपाएर देशलाई साम्प्रदायिक दंगाको आगोमा धकेल्ने मूल्यमा पनि तथाकथित "गाई काट्न उक्साएको" आरोप लगाएर आन्दोलन चर्काउने गिरिजा गुट र "प्रजातन्त्रवादीहरु"लाई सोध्नु परेको छ- तपाईको प्रजातन्त्रमा धार्मिक स्वतन्त्रता भनेको के हो ? नेपाली कांग्रेसको झण्डा र घोषणा पत्रमा उल्लिखित धार्मिक स्वतन्त्रता खालि गाई नखाने हिन्दूहरुलाई मात्र एकलौटी छ कि गाई खाने गैर हिन्दूहरुलाई पनि ? के हो तपाईहरुको प्रजातन्त्रको परिभाषा ? के तपाईहरुको प्रजातन्त्रमा यो देश जत्तिको हिन्दूहरुको मात्र हो, त्यत्तिकै गैर हिन्दूहरुको पनि हो कि होइन ?

यही प्रश्न योगी नरहरिनाथजस्ता दरवारिया हिन्दू अन्धतावादीहरुलाई पनि गर्नु परेको छ- यो देश हिन्दूहरुको मात्र हो कि गैर हिन्दूहरुको पनि हो ? "बसुधैव कुटुम्बकम्" अर्थात् संसारका सबै नागरिक आफन्तहरु हुन् भनेर नारा दिने हिन्दू धर्ममा गैर हिन्दूहरु आफन्त हुन् कि होइनन् ? जति हक हिन्दू धर्मावलम्बीहरुलाई छ, गाईको मासु नखाने- त्यत्तिकै हक गाईको मासु खाने कुटुम्बहरुलाई छ कि छैन ? तपाईहरुको रामराज्यरुपी प्रजातन्त्रमा समानता र स्वतन्त्रता भन्ने कुरा हुन्छ कि हुँदैन ? र त्यो धर्मको मामिलामा हुन्छ कि हुन्न ?


नेपालको विशेषता के हो भने- यहाँ गाई खाने गैर-हिन्दूहरु र गाई नखाने हिन्दुहरु दुबै हातेमालो गरेर बसिरहेका छन्, दुबैलाई कुनैको विशेषता थाहा छ, आहार-रुचि थाहा छ; तर पनि आपसमा घृणाभाव छैन, असहिष्णुता छैन, सह-अस्तित्व र आपसी सद्भाव नेपाली जनता र नेपाल राष्ट्रको चरित्र रही आएको छ । यहाँ धर्मको नाममा दंगा कहिल्यै भएन । नेपाली कांग्रेस र दरवारको मिलोमतोमा तथा संविधानले जबरजस्ती एक-धर्मको तानाशाही लाद्दा पनि यहाँ धार्मिक दंगा भएन !

धार्मिक सहिष्णुताको र आपसी सद्भावको धनी यो मुलुकलाई क्षुद्र कुर्सी स्वार्थको लागि धार्मिक दंगाको आगोमा धकेल्ने काम कसले गरिरहेको छ ? धार्मिक स्वतन्त्रता र सहिष्णुताको कुरा गर्ने पद्मरत्नले कि- त्यस्तो कुरा गर्नेलाई फाँसी दिनु पर्छ, टुक्रा टुक्रा पारेर काट्नु पर्छ भन्नेहरुले ? आफूले आधारभूत गल्ती नगर्दा नगर्दै पनि कसैको धार्मिक भावनामा चोट त पुऱ्याइएन भनेर सतर्क हुँदै क्षमा माग्ने पद्मरत्नले कि- क्षमा मागिसकेपछि र जे गरेपनि चित्त नबुझाउने र देशलाई धर्मजस्तो अति संवेदनशील मामलामा "नेपालबन्द" तिर धकेल्ने तत्वहरुले ?

### दुई प्रवृत्ति

गाईको नाममा समेत कुर्सीको राजनीति गर्ने मेलोमेसो जुन नेपालमा अहिले चलिरहेको छ- त्यसले दुई वटा प्रवृत्ति प्रष्टै देखाएको छ:

एउटा, चुनावबाट सत्ताच्यूत भएको नेपाली कांग्रेस र आन्दोलनबाट सत्ताच्यूत भएको दरवार- फेरि शक्ति संचय गर्न र सत्तारुढ हुन अनैतिकताको जतिसुकै होचो धरातलमा पनि ओर्लन तयार छन्, जे पनि गर्न तयार छन् । यतिसम्म कि उनीहरु निहित कुर्सी स्वार्थको लागि पूरै राष्ट्रलाई धार्मिक दंगाको कहिल्यै ननिभ्ने आगोमा झोकिदिन समेत तयार छन् । नेपाली कांग्रेस आफ्नो प्रजातन्त्र र धार्मिक स्वतन्त्रताको झण्डा बाटोमा मिल्काएर "नेपालको भारतीय जनता पार्टी"मा बद्लिन तयार छ, धार्मिक भोट-बैंक सुनिश्चित गर्नको



काठमाडौं इन्द्रचोकमा पद्मरत्नको पुत्ला जलाइंदै । यस कार्यक्रममा स्थानीय कांग्रेसीहरूको संलग्नता प्रष्टै देखिन्थ्यो

लीग । यहाँ कोही भारतका लालकृष्ण आडवानी र कोही इरानका आयातुल्ला खुमैनी निस्कन बेर छैन ।

दोस्रो, यदि देशका जिम्मेवार मानिएका पार्टीहरु आफैं कुर्सीको निम्ति धर्मको राजनीति गर्ने अन्ध-प्रवृत्ति देखाउँछन् भने- नेपाल राष्ट्र अब कुनै पनि बेला धर्मको आधारमा विभाजित हुन सम्भव छ । धार्मिक सह-अस्तित्व र सद्भावको नेपालको इतिहास- ठूलो प्रयत्न र प्रतिरोध नगर्ने हो भने, अब त्यस्तो बाँकी नरहन पनि सक्छ ।

यी प्रवृत्तिहरु हावी हुनुबाट देशलाई बचाउन जरुरी भएको छ । आम नेपाल जनता अझै पनि निकै धार्मिक सहिष्णु छन्, शान्त छन् । शान्तिपूर्ण धार्मिक सह-अस्तित्व अझै पनि उनीहरुको मूल स्वभाव हो, यसलाई जोगाउनु जरुरी भएको छ ।

एक-धर्म-तानाशाहीवाद र अन्ध-धर्म-सम्प्रदायवाद, यसले यो सहिष्णुतालाई मारिदिन सक्छ । अहिले त्यही खतरा टड्कारो भएको छ ।

यसको प्रतिक्रियामा आउने अराजकतावाद वा अन्ध-नास्तिकतावाद, यसले पनि धार्मिक सहिष्णुताको भावनामा चोट पुऱ्याउन सक्छ ।

यी दुबै अतिबाट देशलाई जोगाउनु परेको छ ।

## दुई त्रुटीहरु

क. पद्मरत्नले धार्मिक स्वतन्त्रताको माग गरेर कुनै आधारभूत गल्ती गर्नु भएको छैन । तर धार्मिक स्वतन्त्रताको व्याख्या गर्ने क्रममा भने उहाँबाट पर्याप्त सजगता अप्नाइएको देखिएन । उहाँले यो व्याख्या गर्दा मुसलमानले गाईको मासु खान पाउनु पर्छ भन्नु कुनै जरुरी नै थिएन, किनकि उनीहरुले त्यो त वर्षौंदेखि सेवन गर्दै आएका छन् नै । उहाँसित धार्मिक स्वतन्त्रताको व्याख्या गर्न त्यो भन्दा उन्नत र विवादरहित हुन सक्ने उदाहरणहरु थिएनन् र ? धमिलो पानीमा माछा मार्ने तत्वहरु यहाँ प्रशस्त छन् र तिनीहरुले अर्थको अनर्थ गरिदिन सक्छन् भन्ने कुरामा उहाँको स्तरको राजनैतिक व्यक्तित्वले पर्याप्त होशियारी अप्नाउनु जरुरी थिएन र ?

अर्को, उहाँ जस्तो साम्यवादमा आस्था राख्ने व्यक्तित्वले धार्मिक स्वतन्त्रताको व्याख्या विशुद्ध पूँजीवादी मानव अधिकारवादी संकुचित कोणबाट मात्र गर्नु भयो, वैज्ञानिक साम्यवादी कोणबाट गर्नुभएन ।

साम्यवादीहरु सबैभन्दा वैज्ञानिक द्वन्द्वात्मक वस्तुवादी चिन्तन प्रणाली अप्नाउँछन् त्यसैले विज्ञानसित मेल नखाने कुनै पनि प्रकारको अन्धविश्वास उनीहरु मान्दैनन् । जसमध्ये धार्मिक अन्धविश्वास पनि पर्छ ।

साम्यवादीहरुलाई थाहा छ, अज्ञानता र न्यून चेतनास्तरका कारणले, आफ्नो दुःखको असली कारण पत्ता लाउन नसक्नाले नै मानिसहरु धर्म मान्छन् । तसर्थ, साम्यवादीहरुको मान्यता के हो भने- दमन र हस्तक्षेपले, कसैको धार्मिक भावनामा चोट पुऱ्याएर धार्मिक अन्धविश्वास खत्तम हुँदैन ।

तसर्थ, धर्मको मामलामा राज्य तटस्थ र अलग्ग बस्नु पर्छ । राज्यको हकमा, धर्म हरेक नागरिकको व्यक्तिगत मामिला हुनुपर्छ । इच्छा लागेको मानिसले इच्छा लागेको धर्म मानोस् वा नमानोस्, त्यो उसको व्यक्तिगत छनौटको विषय हुनुपर्छ । राज्य कुनै धर्म विशेषको हुनुहुँदैन, जस्तो नेपालमा भइरहेको छ । धर्म मान्ने वा नमान्ने आधारमा कुनै पनि नागरिकमाथि भेदभाव गरिनु हुन्न, राज्यले कुनै धर्मविशेषलाई अनुदान पनि दिनु हुन्न र दमन पनि गर्नु हुन्न ।

छोटोमा, राज्य धर्म-निरपेक्ष हुनुपर्छ । साम्यवादको धर्म निरपेक्षताको व्याख्या यही हो ।

पद्मरत्नले साम्यवादी कोणबाट

# जन आन्दोलनलाई दिग्भ्रमित पार्ने प्रयास



**क. पम्फा भूसाल**

अध्यक्ष- जनमोर्चा नेपाल

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका महत्वपूर्ण सवाल लिएर नेपाली जनताले आन्दोलनमा लागिरहेको र शोषणबाट मुक्त हुन वर्ग संघर्ष संचालन गरिरहेको समयमा त्यसलाई परास्त गर्न नसकेपछि प्रतिक्रियावादीहरुले धार्मिक र साम्प्रदायिक कुरा उचालेर आन्दोलनलाई दिग्भ्रमित तुल्याउन खोजेका छन् ।

जेठ २ गते हुने भनिएको नेपाल बन्दको विरोध गर्न आम जनतालाई आव्हान गर्दछु ।

केही धार्मिक संगठनको नाममा धार्मिक र साम्प्रदायिक षड्यन्त्र गर्न खोजिदैछ, त्यसको भण्डाफोर गर्न सचेत जनसमुदायलाई आव्हान गर्दछु । ❑

# एमाले र सरकारको रवैयाले पनि विवाद बढेको हो

## क. दीपक शर्मा

**सचिव- राष्ट्रिय सम्मेलन आयोजक समिति, नेकपा एकता केन्द्र**

स्वास्थ्यमन्त्री पद्मरत्न तुलाधरले केही दिन अघि कलैयामा बोलेको कुरालाई आधार बनाई कथित 'गाई विवाद' पिसर्जना गरी यस विषयलाई जुन ढंगले चर्काउने र उछाल्ने प्रयत्न भएको छ, त्यो प्रतिगामी प्रतिक्रियावादी कोणबाट भएको छ र त्यसको हाम्रो पार्टी घोर निन्दा र भर्त्सना गर्दछ ।

वास्तविक मानअधिकारको व्यापक दायराभित्र पर्ने अन्य थुप्रै जरुरी महत्वका विषयहरुलाई छाडेर तुलाधरले मानवअधिकारको सन्दर्भमा उक्त उदाहरण दिंदा विषयवस्तुको प्राथमिकता निर्धारण गर्न चुक्नु भयो भनी वा प्रतिक्रियावादीहरुद्वारा जनताको समवेदनशील भावनालाई भड्काई गलत दिशातिर मोड्ने संभावनाप्रति सावधानीपूर्वक विचार पुऱ्याउन सक्नु भएन भनी उहाँप्रति आलोचनात्मक टिप्पणी हुन सक्दछ ।

तर तुलाधरको कथन प्रतिवाद गर्नु पर्ने र अझ यसलाई धार्मिक विवादको रुपमा चर्काउनु पर्ने कुनै विषय नै होइन । यसलाई यसरी जबर्जस्ती विवादको विषय बनाई गलत ढंगले उछाल्नुका पछाडि मूलभूत रुपले प्रतिगामी पुरुत्थानवादी तत्वहरुको अस्थिरता पैदा गराई निरंकुशता र प्रतिगमनको निम्ति वातावरण बनाउने षड्यन्त्रपूर्ण स्वार्थ तथा सरकारबाट च्यूत भएका प्रतिक्रियावादी तत्वहरुको सत्तालिप्साले भूमिका खेलेको प्रष्ट देखिन्छ । प्रतिगामी-प्रतिक्रियावादी तत्वहरुले आफ्नो निहित स्वार्थ पूरा गर्नको निम्ति यसबाट उत्पन्न हुन सक्ने अन्तिम परिणामको ख्यालै नगरी देशलाई धार्मिक तथा साम्प्रदायिक विवाद र विभाजनको भुँवरीमा धकेल्न खोज्दैछन् ।

आफ्नै मन्त्रीमण्डलको एक सदस्यको अभिव्यक्तिलाई लिएर सिर्जना गरिएको विवाद विकृत रुपले अघि बढ्दा पनि समयमै यस सम्बन्धमा स्पष्ट दृष्टिकोण पेश नगर्ने एमाले पार्टी र सरकारको गैर जिम्मेवारपूर्ण रवैयाले गर्दा पनि उक्त कथित विवाद अनावश्यक ढंगले यस रुपमा अघि बढ्न गएको छ । यतिबेला देशका सबै सचेत सामाजिक तथा राजनैतिक शक्ति तथा व्यक्तिहरुले तथा धार्मिक सहिष्णुताको परम्परामा हुर्केका विविध धर्मावलम्बी नेपाली धार्मिक जनसमुदायले देशलाई धार्मिक तथा साम्प्रदायिक विवाद, विभाजन र दंगाको दिशातिर घचेट्ने प्रतिक्रियावादी दुष्प्रयत्नलाई विफल पार्न जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नु आवश्यक भएको छ ।

हामी सबै प्रगतिशील, देशभक्त र जनतान्त्रिक शक्तिहरुसंग यसनिम्ति हार्दिक अपील गर्दछौं । हामी के कुरामा पनि स्पष्ट र सजग हुनु जरुरी छ भने, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रतिक्रियावादी शक्तिहरुले राष्ट्र र जनताको मूल मुद्दाहरुबाट जनसमुदायको ध्यान अन्यत्र मोड्न र क्रान्तिकरी संघर्षलाई विथोल्न पनि यस प्रकारका धार्मिक तथा साम्प्रदायिक विवादहरु सिर्जना गराउने गर्दछन् । साथै, क्रान्तिकारी आन्दोलन कमजोर भएको अवस्थामा नै यस प्रकारको विवादहरुले मौलाउने मौका पाउँदछन् ।

हाम्रो पार्टी ने.क.पा. (एकता केन्द्र) व्यक्तिको धार्मिक आस्थाको सम्मान गर्दछ र धार्मिक स्वतन्त्रताको पक्षमा छ । तर धर्म मान्ने वा नमान्ने वा कुन धर्म मान्ने भन्ने कुरा व्यक्तिको वैयक्तिक सवाल भएकाले धर्मको मामलामा राज्य निरपेक्ष रहनुपर्दछ भन्ने हाम्रो स्पष्ट धारणा छ । राज्यले कुनै विशेष धर्म, जाति र भाषालाई विशेष स्थान दिनाले अन्य धर्म, जाति र भाषामाथि अपमान र उत्पीडन हुन जान्छ । त्यस अवस्थामा धार्मिक वा त्यस्तै प्रकारको समस्या रहीरहन्छ र त्यसले विकृत रुप पनि लिन सक्दछ । त्यसैले राज्यलाई धर्म निरपेक्ष घोषणा गरेर, कुनै पनि धर्मलाई विशेष स्थान प्रदान नगरेर र धर्म मान्ने, नमान्ने वा कुन धर्म मान्ने भन्ने व्यक्तिको व्यक्तिगत स्वतन्त्रताको विषय बनाएर नै धार्मिक सवालको सही समाधान हुन सक्दछ । ❑





धर्म निरपेक्षताको व्याख्या गर्नुपर्थ्यो। यो व्याख्याबाट प्रतिक्रियावादीहरुलाई धार्मिक कचिंगल पैदा गर्ने छिद्र नै प्राप्त हुँदैनथ्यो। तर उहाँले यस्तो गर्नु भएन। धार्मिक स्वतन्त्रतालाई उहाँले निकै साँघुरो पूँजीवादी मानव अधिकारको घेरोबाट मात्र परिभाषित गर्न खोज्नु भयो। त्यो पनि मासु खाने वा नखाने स्वतन्त्रताको कोणबाट मात्रै।

अझ सरकार र एमाले पार्टी त यो हिन्दू राज्य नै हो, संविधानतः, त्यसैले हामी गाई काट्न दिने छैनौं भन्दै आफ्नो मन्त्रीले गल्ती गरेको आशय बुझाउने हदसम्मै ओर्ले र, त्यो हिसाबले क्षमा माग्दै हिँड्न थाले। सरकार र पार्टीले पद्मरत्नको भनाइमा निहित संविधानले नै प्रदान गरेको धार्मिक स्वतन्त्रताको सारलाई रक्षा गर्ने होइन, त्यसको सही व्याख्या गर्ने होइन, उल्टो, नेपाललाई एउटै धर्मको तानाशाही बनाउने सारमा नै ल्याप्चे ठोक्यो। र कसैले गैर-हिन्दूलाई गाई काट्न उक्साएकै थियो भन्ने आशय बुझिने गरी हामीले गाई काट्न दिने छैनौं जस्ता बेठीक प्रतिबद्धता जारी गऱ्यो। अन्यथा, यो घोषणाको जरुरत नै के थियो ?

किन भुल्यो एमालेले नेपाल बहुधार्मिक देश हो भन्ने कुरा ? किन व्याख्या गर्न सकेन एमालेले धार्मिक स्वतन्त्रता र धार्मिक सहअस्तित्व तथा सद्भावको सवाललाई साम्यवादी कोणबाट ? किन उसले गौहत्याको चाहिँ विरोध गर्ने तर नरहत्या गर्न चाहिँ खुल्ला आव्हान गर्ने गजबको धार्मिक अन्धतावादसित "त्वम् शरणम्" गऱ्यो ?

हो, धार्मिक दंगाबाट देशलाई बचाउनु त जरुरी छ। तर धार्मिक अन्धतावादलाई विजयको मानसिकता बनाउन दिएर त्यो दंगाबाट देशलाई बचाउन सकिन्छ ?

धार्मिक दंगाबाट बचाउने हो भने त- धार्मिक अन्धतावादलाई, बाँकी सबै धर्म-सहिष्णु जनताबाट अलग्याउनु पर्छ, एक्लो पार्नु पर्छ। उनीहरुको वास्तविक कुत्सीत मनसायको पर्दाफाश पो गर्नु पर्छ। धर्मको मामलामा राज्य तटस्थ र निष्पक्ष बन्ने कुराको वकालत पो गर्नुपर्छ। संविधानको विरोधाभाष इंगीत पो गर्नु सक्नु पर्छ।

हो- यो सरकारले विद्यमान कानून र संविधान नाघ्न सक्दैन, तर संविधान र कानूनमा विरोधाभाषपूर्ण कुराहरु छन् भने- त्यो नाजायज छ भन्ने वातावरण त तयार गर्न सक्छ।

सरकारको वक्तव्यले देखाउँछ- पार्टी र सरकारको मूल ध्याउन्ना हाल उठेको धार्मिक विवादको दीगो र सही समाधान निकाल्नुमा हैन, समस्यालाई जे गरेर हुन्छ टालटुल गर्नुमा छ। जसरी होस् कुर्सी जोगाउनुमा छ।

वक्तव्यले देखाउँछ- सरकारको मूल्यांकन पनि यही छ कि- पद्मरत्नले वास्तवमा गल्ती नै गरेका छन्। त्यसैले, विवाद अलिकता पनि बढ्नासाथ पद्मरत्न छटनीमा पर्न सक्नु हुन्छ।

यदि यस्तो भयो भने, त्यो हरेक हिसावले नोक्सानीपूर्ण घटना हुनेछ। यसले धार्मिक अन्धतावाद अरु धेरै शक्तिशाली र प्रोत्साहित हुनेछ। एउटा संघर्षशील व्यक्तित्वको पाइला टेक्ने जनआधारमा असर पर्नेछ। र, सिंगै एमाले पार्टीलाई पनि यसले कमजोर तुल्याउने छ। ❑

-हरिगोविन्द लुईंटेल/श्याम श्रेष्ठ

## पद्मरत्न समर्थकहरुको रवैया

**हाल पद्मरत्नको नाममा र निहुँमा चर्काइएको ठूलो विवादलाई समयमै शान्त गर्न स्वयं पद्मरत्न तुलाधर र एमाले सरकारलाइ 'मूल्यांकन'ले गतांकमा नै सजग गराएको थियो। प्रजातान्त्रिक आन्दोलनमा पद्मरत्नका सारा योगदानहरुलाई किनारा लगाएर उहाँ र वामपन्थी शक्तिहरुविरुद्ध आम जनतामा भ्रम फैलाउन थालिएको र यसले मुलुकलाई साम्प्रदायिक विभेदतिर लैजाने अनिष्टतिर धकेलिरहेको देखेर हामीले सो आवाज उठाएका थियौं। समयमा उहाँहरुले यसतिर गम्भीर ध्यान दिनु भएन। ढीलै भएपनि उहाँहरु जनतासामु यो मामलामा उत्रनुले राम्रो काम गरेको छ।**

**तथापि यस सन्दर्भमा एमाले सरकारले वक्तव्यमा प्रदर्शित गरेको अडान संविधानको "धार्मिक स्वतन्त्रता"को प्रावधानको पाटोभन्दा ज्यादा "हिन्दूधर्मवाद"को प्रावधानको पाटोतिर ढल्केको छ।**

**विरोधीहरु पद्मरत्नको प्रभाव क्षेत्र काठमाडौंमा फूट र भ्रम बढाई राजधानीको वाम-समर्थक गढ फुटाउने नांगो षड्यन्त्रमा ओर्लिदा पनि पद्मरत्नका पक्षधरहरुको सजगता भने कम देखिएको छ। पद्मरत्नको प्रभाव खुकुलो पारी आफू पद्मरत्नको स्थानमा चुनाव लड्ने वा मन्त्री हुने "दाउ" गरेर कसैले यसो गरिरहेको छ भने त्यो अत्यन्त चिन्ताजनक रवैया हो।**

**कतिपयले संस्कृत भाषा लाद्ने सरकारी नीतिका विरुद्ध पद्मरत्नको अडान कमजोर भएको मानेर पनि उहाँप्रति असन्तुष्टि देखाएको पाइएको छ।**

**सरकारले रेडियोमा संस्कृत समाचार प्रशारण गर्न गरेको निर्णयप्रति पद्मरत्नको लिखित भिन्न-मत (मंकाः खलःको वक्तव्यद्वारा प्रदर्शित) लाई कम आँकेर विपक्षीहरुको उक्साहटमा रनभूल्लमा पर्ने उहाँका समर्थकहरु पनि देखिएका छन्। एमाले नजीकका छापाहरुले पद्मरत्न-विवादलाई गरेको उपेक्षा पनि अर्थपूर्ण र आत्मघाती भएको हाम्रो ठहर छ। ❑**

## प्रधानमन्त्रीमाथिको हुटिङ्ग र कुर्सी-आक्रमण

*गत वैशाख ३१ गते काठमाडौं वेदविद्याश्रम, बनकालीमा एउटा धर्म-सभामा प्रधानमन्त्रीमाथि हुटिङ्ग गर्ने र कुर्सी हान्ने समेत जुन काम भयो, त्यसले यो "गाई-विवाद"का पछाडि नियोजित रुपमा षड्यन्त्रमा लागेकाहरुको नियत प्रष्ट पारेको छ। राष्ट्रिय अस्मिता संरक्षण मञ्च नामक संस्थाले आयोजना गरेको सो कार्यक्रममा "पद्मरत्नलाई फाँसी दे" भन्ने नारा समेत लगाइएको थियो। सुरक्षा व्यवस्था राम्रो नभएको भए प्र.म.लाई हानिएको कुर्सीले लाग्ने प्रष्ट थियो। प्र.म. बीचैमा कार्यक्रम छोडेर त्यहाँबाट हिँड्नु भएको थियो।*

*आफूले निमन्त्रणा गरेका अतिथि प्र.म. माथि आफ्नो सभामा अभद्र व्यवहार भएको कुरामा आफू नम्रतापूर्वक पेश हुनु पर्नेमा यसको उल्टो, आयोजक उक्त मञ्चका अध्यक्ष खेमराज केशवशरणले प्रधानमन्त्रीलाई नै त्यसको जिम्मेवार ठहऱ्याउने काम गर्नु भएको छ। प्रधानमन्त्रीले चर्चित गोबध प्रकरणलाई अतिरंजित गरिएको भन्ने धारणा व्यक्त गर्नु भएकोमा सरकारको नियत नै गौहत्यातर्फ हो कि भन्ने चिन्ता प्रकट गर्दै बृहद धार्मिक सभा बिथोलिएकोमा दुःख व्यक्त गर्दै उहाँले वक्तव्य दिनु भएको छ। (साप्ताहिक नेपाल जागरणमा प्रकाशित)*

*यसबाट बुझिन्छ- खेमराज केशवशरण त्यो अभद्र व्यवहारकर्ताको कुनै दोष देख्नु हुन्न, बरु उनीहरुको बचाऊ गर्नुहुन्छ।*

*यसबाट के पनि बुझिन्छ भने- आयोजकहरुको नियत स्वयं षड्यन्त्रको पक्षमा छ। के गोवध प्रकरणलाई पद्मरत्नका विरोधीहरुद्वारा अतिरंजित गरिएको भन्ने कुरा गलत हो ? के प्र.म.ले यसो भन्न नपाई "सरकारको नियत गौहत्यातर्फ हो कि" भन्ने अर्थ लाग्छ ?*

*धर्मका नाममा हिजोका पंचायत नीति तथा जाँचबुझ समितिको भित्री आडमा सो मंचमा केही मानिसहरु घुसेको कुरा हामीलाई एक समाचार सूत्रले बताएको छ। बनकालीको सो सभामा नाराबाजी गर्ने स्थानमा प्रा. कपिल श्रेष्ठ, दामोदर गौतम, भीमसेनदास प्रधान, ज्योति कोइराला, शिवध्वज बस्नेत जस्ता कांग्रेसी कार्यकर्ताहरुको उपस्थिति रहेको कुरा "प्रकाश" साप्ताहिकले जनाएको छ।*

*प्र.म. माथि आक्रमण गरिएको उक्त कार्यक्रममा भीड जम्मा गर्ने र उक्त हुटिङ्ग एवं कुर्सी हानाहान गर्ने भित्री योजना आयोजकहरुको थियो भन्ने कुराको पुष्टि सो कार्यक्रमका बारेमा "राष्ट्रिय एकता मञ्च"को नामबाट वितरित हातेपर्चा (ह्याण्ड बील)को व्यहोराले पनि संकेत गरेको छ। सो हाते पर्चामा भनिएको छ- "गाई मार्न उक्साउने मन्त्री पद्मरत्न तुलाधारको अभिव्यक्ति र धार्मिक असहिष्णुताको विरोध गर्न वैशाख ३१ गते आइतवार विहान ८ बजे पशुपति वेद विद्याश्रममा जाऔं, कम्युनिष्ट सरकारको धारणा प्रधानमन्त्रीबाट सुनौं। धार्मिक र संवैधानिक ऐक्यबद्धतालाई पुष्टि गरौं।"*

*यसरी "विरोध गर्न" भनी बोलाइएको भीडले प्र.म. माथि आक्रमण गर्नु स्वाभाविक थियो।*

*यसबाट बुझिन्छ- वर्तमान व्यवस्था नै पल्टाउन चाहनेहरु देशलाई २०४६ अघिको स्थितिमा पुऱ्याउन एवं वर्तमान एमाले सरकार ढाली आफू कुर्सीमा जान चाहनेहरु धार्मिक संस्था र धार्मिक व्यक्तिहरुलाई प्रयोग गरेर, उनीहरुको आस्था र भावनाको फाइदा उठाएर दुबैथरि एकै बिन्दूमा भेला भएका छन्। उनीहरुको यो राष्ट्रघाती अघोषित गठबन्धनको परिणामले मुलुकलाई कहाँ पुऱ्याउँला ?*

*यतिखेर धर्ममा आस्थावान व्यक्तिहरुले पनि गम्भीर भएर सोच्नु पर्ने स्थिति पैदा भएको छ। उनीहरुले केलाउन जरुरी छ- उनीहरुलाई उनीहरुको आस्थाको निहुँमा कसैले आफ्नो तुच्छ राजनैतिक स्वार्थका निम्ति प्रयोग गर्न लागिरहेको त छैन ?*

*हिजो २०४६ को जनआन्दोलनमा त्यत्रा मानिसहरु मारिंदा त्यस हत्याविरुद्ध चूँसम्म नबोली मुख फर्काएर हिँड्नेहरु आज किन रातारात यत्ति धेरै "धर्मात्मा" हुँदैछन् ? विदेश गएर गाईको मासु खान पछि नपर्नेहरु पनि एकाएक किन "गौमाता" भक्त भएका छन् ?*

*यो कुरा उनीहरुले खुट्ट्याउनु जरुरी भएको छ।*

*यो वा ऊ धर्मको नाममा जनतालाई अन्ध अतिवादी बनाएर आपसमा जुधाउन आउनेहरुको नियतमा प्रश्नचिन्ह नउठाउने हो भने सोझासाझा धार्मिक व्यक्तिहरु तुच्छ स्वार्थीहरुका "राम्रा" हतियार बनाइने छन्। त्यसैले यतिखेर सबैले सचेत हुन जरुरी छ भन्ने हाम्रो ठहर छ। ❑*

# मुक्ति पुरस्कार र महेन्द्र पुरस्कार लिने कि नलिने ?

— गंगाप्रसाद उप्रेती

अन्तर्क्रिया

एक प्रगतिवादी लेखकले विभिन्न स्रोतबाट स्थापित पुरस्कारहरू लिने कि नलिने ? त्यस्ता पुरस्कारबारे प्रलेसजस्ता संस्थाले कस्तो दृष्टिकोण राख्ने ? तथा सरकारी तथा निजी स्रोतबाट स्थापित खास खास पुरस्कारहरूबारे तिनको प्रकृति हेरी पुरस्कारै पिच्छे खास दृष्टिकोणहरू बनाउनु पर्छ कि पर्दैन भन्नेबारे प्रगतिवादी खेमाका प्रतिनिधिमूलक संस्थाहरूमा औपचारिक अनौपाचारिक छलफलहरू समय समयमा गरिए पनि त्यसबारे औपचारिक निर्णय वा नीति अहिलेसम्म बन्न सकेन र मतहरू पनि विभिन्न रहँदै आए । यसकारण यस खेमासंग सम्बद्ध साहित्यकार एवम संस्कृतिकर्मीहरूले यस्ता पुरस्कार प्राप्त गर्दा आफ्नो विवेक प्रयोग गरी स्वीकार गर्ने गरेका छन् ।

माथि उल्लिखित मध्येकै एक पुरस्कार ग्रहण गर्ने एक वरिष्ठ प्रगतिशील साहित्यकारले त पुरस्कार प्राप्त गरेपछि पनि प्रलेसको उच्चतम नेतृत्वदायी पद ग्रहण गरिसक्नु पनि भएको छ। प्रलेसका महत्वपूर्ण ओहोदामा रहेका अरू साथीहरूले पनि जनस्तरका विवादास्पद संस्थाले प्रदान गरेका पुरस्कारहरू यस अघि ग्रहण गरिसक्नु भएको छ ।

तर यो साल माथिका दुवै पुरस्कार प्रगतिशील लेखक संघको इतिहासकै आधारस्तम्भ मानिने व्यक्तित्वलाई प्रदान गरिई उहाँले ती पुरस्कार ग्रहण गर्दा जुन प्रकारले विवाद उठेका छन्, त्यसकापछि के कस्तो पूर्वाग्रहले भूमिका खेलेको छ, त्यो धेरै विचारणीय पक्ष हो । यो विवाद उठिसकेपछि तत् सवालमा अन्तर्क्रिया हुनु जरूरी छ र प्रलेस, राजसा मंच जस्ता संस्थाले यस्ता सवालमा विस्तृत छलफल गराउन आवश्यक पनि छ । सम्भवतः यिनै कुरामा छलफल गर्न र नीति तयार गर्न प्रलेसले केन्द्रीय कार्यसमितिको बैठक बोलाएको पनि बुझिएको छ । यस्तो अहम् सावलमा मूल्यांकनले पनि अन्तर्क्रिया गर्ने योजना बनाउनु निश्चय पनि सराहनीय कार्य हो । यसका लागि मूल्यांकन परिवारलाई धन्यवाद दिन चाहन्छु ।

साहित्य र संस्कृतिको फाँटमा काम गर्नेहरूका लागि मुलुकमा अहिलेसम्म दुई खाले पुरस्कार स्थापित भएका छन् ।

एकथरि पुरस्कारहरू जनस्तरबाट स्थापित भएका छन् भने अर्कोथरि पुरस्कारहरू राज्यकोषबाट स्थापित भएका सरकारी स्तरका पुरस्कारहरू छन्। यी दुवैथरि पुरस्कारहरू विभिन्न व्यक्तिका नामबाट स्थापित छन् । जनस्तका पुरस्कारहरू पूँजी लगानी गर्नेहरूले आफ्ना परिवारका आदरणीय र प्रिय पात्र अथवा आफ्ना आस्थाका पुरूषका स्मृतिमा स्थापित गरेका छन् भने राज्यकोषबाट स्थापित पुरस्कारहरू शासक वा पूर्वशासकका नाममा स्थापित छन् ।

अब पुरस्कारको यो बगुन्द्रमा कस्ता पुरस्कार ग्रहणीय छन् र कस्ता उपेक्षणीय छन् भन्ने कुरा पुरस्कार राख्नुको अभिप्राय, पुरस्कार चयनको प्रक्रिया र पुरस्कारका शर्तहरु हेरेर टुंगो लगाउनु पर्छ । यदि कुनै पनि पुरस्कार निश्चित शर्तमा लेखकले ग्रहण गर्नुपर्ने छ र त्यस्तो पुरस्कार मार्फत लेखकको स्वाभिमानमा आँच आउने कुनै आंकुश छन् भने निश्चिय पनि त्यस्ता पुरस्कार उपेक्षणीय हुन्छन्। तर त्यस्ता पुरस्कारहरू निःशर्त रूपमा लेखक वा कलाकर्मीका योगदानको बस्तुगत कदर गर्दै प्रदान गरिन्छन् र तिनको चयनको प्रक्रिया पनि लेखकको अस्मितामा आँच नआउने प्रकारको छ भने त्यस्तो पुरस्कार ग्रहण गर्नमा कुनै आइतबार बार्नु आवश्यक छैन । यस्ता मामलामा पुरस्कृत प्रतिभा आफैं पनि विवेकसम्मत निर्णय लिन स्वतन्त्र छ। यस्तो निर्णय गरिंदा उसको जीवनभरको प्रतिबद्धतामा नै प्रश्न चिन्ह लाग्ने खालका चर्चा गर्नु तथा अब उसले पछि के गर्छ भन्ने कुराको अवलोकन गर्ने धैर्य नगरी वाक्‌युद्ध चलाउनु निश्चय पनि बचकनापन हो। यस्ता बचकनापनले आखिर कसैलाई पनि भलो गर्दैन ।

चर्चामा आएका माथि उल्लिखित दुई पुरस्कारमध्ये मुक्ति पुरस्कार जनस्तरको पुरस्कार हो। एउटा पूँजीपति छोराले आफूले आर्जन गरेको



*श्यामप्रसाद शर्मा*

***गतांकमा हामीले साहित्यकार खगेन्द्र संग्रौलाका विचारहरु दिएका थियौं। यसपटक साहित्यकार गंगाप्रसाद उप्रेतीका विचारहरु प्रस्तुत छन् । · मूल्यांकन***

सम्पत्ति साहित्य संस्कृतिको फाँटमा काम गर्नेहरुलाई सम्मान गर्ने कामका लागि छुट्टयाई आफ्ना दिवंगत पिताको स्मृतिमा यो पुरस्कार स्थापित भएको देखिन्छ। यो पुरस्कार तत्कामका लागि बेग्लै छुट्याइएको अक्षय कोषको व्याजबाट त्यही काम संचालन गर्न गठित एवं सरकारी नियम अनुसार पंजीकृत संस्थाको कार्य समितिले आफैं वा आफूले नियुक्त गरेका निर्णायक मण्डलका निर्णयका आधारमा वितरण गरिने प्रक्रिया रहेको थाहा भएको छ ।

यस पटक विगत पाँच दशकको समय अवधिमा नेपाली भाषा र साहित्यमा उल्लेखनीय काम गरेवापत ससम्मान निःशर्त रुपमा साहित्यकार श्यामप्रसादलाई यो पुरस्कार प्रदान गरिएको छ । बहुलवादको उदार राजनैतिक प्रयोग शुरु भएको नेपाली समाजमा एक पूँजीपतिले स्थापना गरेको, साहित्यकारहरुको सहभागिता रहेको सार्वजनिक संस्थाले कुनै पनि प्रगतिवादी स्रष्टालाई उसले गरेको कामको कदर गरेकोमा यो पूँजीपतिले गरेको कदर भएकोले त्याज्य छ भन्नु कतिसम्म मुनासिव ठहर्ला !

हो, पुरस्कारले व्यक्तिमा निहित आकंक्षालाई केही बढाइदिन्छ। तर पनि व्यक्तिका पूँजीबाट स्थापित पुस्कार हामी आफैं पनि चलाइरहेछौं । पूँजीपति छोराले आफ्नो प्रातःस्मरणीय पिताका नाममा स्थापना गरेका कुनै पुरस्कार चाहिँ चल हुने, कुनै पुरस्कार चाहिँ अचल हुने तर्क कति सन्तुलित छ ? हो, समाज वहिष्कृत एवं तिरस्कृत कुनै पनि व्यक्ति वा समूहको लगानीबाट स्थापित पुरस्कार ग्रहण गर्नाले पुरस्कृत प्रतिभाको गरिमामा आँच आउँछ । तर त्यो बहिस्कार र तिरस्कारको मानदण्ड के ?

कुनै व्यक्ति वा समूहले चलाएका प्रायोजित मनोगत हल्लाबाटै व्यक्ति वहिस्कृत र तिरस्कृत ठहरिने हो कि त्यसका लागि ठोस आधारहरु पनि चाहिन्छन् ? मेरो विचारमा प्रचलित नियम कानून अनुसार राज्य यन्त्रले वा समाजका कुनै पनि संगठित शक्तिले अपराधी घोषणा गरेवाहेक सबै पूँजीपतिले कमाएको पूँजीको स्रोत प्रकारान्तरले एकै प्रकारको हुन्छ र यस स्थितिमा एक सहृदयी पूँजीपतिको छोराले आफ्नै आर्जनको अंश छुट्याई दिवंगत भएका आफ्ना बाबुका स्मृतिमा स्थापना गरेको 'मुक्ति पुरस्कार' निःशर्त रुपमा विगत जीवनमा गरेका योगदानको कदर गर्दै श्यामप्रसाद शर्मालाई प्रदान गरी उहाँले ग्रहण गरेकोमा विवाद गर्नु पर्ने कारण म देख्दिनँ ।

दोस्रो पुरस्कार हो- महेन्द्र प्रज्ञा पुरस्कार ।

यो सरकारी कोषबाट स्थापित पुरस्कार हो । आज हाम्रो मुलुकमा बहुलवादको चाखलाग्दो प्रयोग भइरहेछ। यही प्रयोगको परिणाम स्वरूप मुलुकमा कम्युनिष्ट पार्टीको नेतृत्वमा प्रगतिशील वाम सरकार स्थापित छ। यो सरकार मुलुकका तीन प्रमुख राजनैतिक शक्ति (सामन्तवाद, पूँजीवाद तथा

**-बाँकी ३३ पेजमा-**

# नेपालमा भूमिसुधार केका लागि र कसरी गर्नुपर्छ ?

## भूमि संबन्धी प्रख्यात लेखक श्री महेशचन्द्र रेग्मीको विचार

"

नेपालमा भूमि समस्या अहिले पनि नेपाली जनताको प्रमुख समस्या हो । अहिले पनि ८१% जनताको मुख्य रोजीरोटी कृषि पेशाबाटै आउँछ । देशको राष्ट्रिय उत्पादनको ४२% अहिले पनि कृषि क्षेत्रबाटै प्राप्त हुन्छ । नेपालका उद्योगहरू मध्ये तीन चौथाईभन्दा पनि बेसी उद्योगहरू कृषिजन्य कच्चा पदार्थमै आधारित छन् । नेपालको अर्थतन्त्र अहिले पनि कृषि-प्रधान अर्थतन्त्र हो ।

अहिले अर्थतन्त्रको यही मुख्य क्षेत्रमा भूमिसुधार गर्ने प्रयत्न हुँदैछ- एमालेको सरकारबाट ।

यसको निम्ति आवश्यक विचार- स्पष्टता सरकारसित तम्तयार नहुनाले सरकारले एउटा "उच्च स्तरीय भूमिसुधार आयोग" गठन गरेको छ । त्यसले देशभरी राय संकलन गर्दैछ र विदेशका अनुभव पनि संगेट्दैछ । यो स्थितिमा, भूमिसुधार अहिले राष्ट्रिय बहसको विषय बनेको छ ।

विचार स्पष्टताको यही प्रक्रियालाई मजबूत पार्न मूल्यांकन मासिकले यो विषयमा एउटा महत्वपूर्ण अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिरहेछ, जसमा नेपालका विभिन्न विचारधाराका प्रमुख राजनेताहरू, भूमिविद्हरू, अर्थविदहरू, समाजशास्त्री र कानूनविदहरू सरिक हुनु भएको छ ।

यसैको पहिलो कडीको रूपमा यस पटक हामी नेपालका भूमि सम्बन्धी राजनैतिक अर्थशास्त्रका लेखक महेशचन्द्र रेग्मीका विचारहरू प्रस्तुत गर्दैछौं । उहाँको यो विचार टेप रेकर्ड गरिएको हो र प्रस्तुत लेख टेप रेकर्ड गरिएको विचारको संपादित उतार हो ।

हामी अर्को पटक प्रशिद्ध वामपन्थी नेता क. मोहनविक्रम सिंह, भू.पू. भूमिसुधार मंत्री तथा नेपाली कांग्रेसका नेता जगन्नाथ आचार्य र कृषिविज्ञ दीपेन्द्र क्षेत्रीका विचार प्रस्तुत गर्नेछौं, साथै प्रत्यक्ष- अन्तर्क्रिया कार्यक्रमको विस्तृत रिपोर्ट पनि !

- प्रधान संपादक

"

म कुनै किसान होइन, जमीन्दार पनि होइन, सरकारी भूमिवेत्ता पनि होइन र योजनाकार पनि होइन । सिर्फ नेपालको आर्थिक इतिहासको एक जना विद्यार्थीको हैसियतले म आफ्नो धारणा राख्न लागिरहेछु । मेरो ज्ञान भनेको भूमि र आर्थिक इतिहास सम्बन्धी किताब लेख्ने प्रक्रियामा आर्जित ज्ञान हो । यो कुरा म पहिले नै स्पष्ट पार्न चाहन्छु ।

भूमि व्यवस्थालाई अलग-थलग रूपमा हेर्नु हुँदैन । यसलाई समग्र अर्थतन्त्रको एउटा भागको रूपमा मात्र हेरिनु पर्छ । भूमिसुधारको कार्यक्रमले मात्र उत्पादन बृद्धि, गरीबी र बेरोजगारीका सारा समस्या सुल्झाउँछु भन्नु अयथार्थवादी दृष्टिकोण हो । सीमित र संभव उद्देश्य राखेर भूमिसुधार गर्नु र त्यो पूरा गर्न मरिमेट्नु नै सफलताको कसौटी हो ।

### भूमिसुधार केका लागि ?

भूमिसुधार गर्नुको उद्देश्य राष्ट्रिय विकास प्रक्रियामा कृषि उत्पादनको क्षेत्रबाट सहयोग पुऱ्याउनु हुनुपर्छ । भूमिसुधारले कृषि उत्पादनमा विकास गर्ने बाटो खोलोस् र त्यसले समग्र अर्थतन्त्रको विकास प्रक्रियामा मद्दत पुऱ्याओस् । र, यस दौरानमा सामाजिक न्याय हुन सक्छ भने त्यो पनि होस्- यही उद्देश्य राखेर नेपालमा भूमिसुधार गरिनु पर्छ । तर सामाजिक न्यायको नाममा कृषि उत्पादन पनि नबढ्ने, समग्र अर्थतन्त्रको विकास प्रक्रियामा पनि सहयोग नपुग्ने गरी भूमिसुधार गर्न खोज्नु मेरो विचारमा गलत छ ।

नेपालमा अहिले सीमान्त र साना किसानहरु बहुसंख्यामा छन् र यहाँ खेतीका साना साना इकाईहरूको बाहुल्य छ । पर्ता नपर्ने जमीनका साना साना इकाई नै यहाँको प्रमुख भूमि समस्या हो । 'जसको जोत उसको पोत' र सामाजिक न्यायको नाममा भूमि सुधारको उद्देश्य यस्तो नहोस् कि भएका साना साना इकाईहरू पनि अरू टुक्रिउन्, सीमान्त र साना किसानहरू अरू बढून् र नेपालमा निर्वाहको लागि हुने खेती (Subsistence Farming) नै वृत्तमा पुगिराखोस् । यस्तो गरेर कृषि उत्पादन बढ्छ र राष्ट्रिय विकास प्रक्रियामा सहयोग पुग्छ भन्ने मलाई लाग्दैन । नेपालको अहिलेको स्थितिमा "जसको जोत उसको पोत" ले हामीलाई निर्वाह खेती (Subsistence Farming) कै दायराभित्र कैद गर्छ । र, जमीन आर्थिक हिसाबले पर्ता नपर्ने टुक्राहरूमा अरू बेसी विभाजित हुनेछ भन्ने मलाई लाग्छ । फेरि 'जसको जोत उसको पोत' गरेर जुन जमीन वितरण गरिन्छ, त्यो जमीन घुमिफिरी धनीहरूकै हातमा पर्न जान्न भन्ने के निश्चितता छ ? 'जसको जोत उसको पोत' गर्नलाई मुआब्जा दिनु पऱ्यो, जमीन्दार र जग्गाधनीलाई । त्यो मुआब्जा रकम कति हुन्छ र त्यो पैसा आउँछ नै कहाँबाट ? लौ, तपाईले जसरी तसरी पैसा ल्याउनु भो कहींबाट, तर अरबौंको त्यो लगानी जमीनलाई साना साना इकाईमा टुक्रयाउनका लागि खर्च

**'जसको जोत उसको पोत' गरेर जुन जमीन वितरण गरिन्छ, त्यो जमीन घुमिफिरी धनीहरूकै हातमा पर्न जान्न भन्ने के निश्चितता छ ?**



फोटोः बालकृष्ण महर्जन

गरेर त्यसबाटं देशलाई के फाइदा हुन्छ ? त्यो लगानीको प्रतिफल देशलाई कति मिल्छ ?


## भूमिसुधार कसरी ?

मेरो विचारमा देशमा जमीन नजोतिकन जमीन ओगट्ने जुन प्रणाली छ, त्यो उन्मूलन गर्नु पर्छ । तर जमीनमा व्यक्तिगत स्वामित्व चाहिँ सिर्जना गर्नु हुँदैन । भनाइको तात्पर्य, देशमा गयल जमीन्दारी (Absente Landlordism ) अन्त गर्नु पर्छ । तर जफत गरिएको जमीन किसानहरुको व्यक्तिगत सम्पत्ति हुने गरी दर्ता गरिदिनु हुँदैन । जोताहाको नाममा जग्गा दर्ता गर्नु हुँदैन । त्यो जमीन गाविसको नाममा दर्ता गर्नु पर्छ । गाविसले त्यो जमीनलाई आर्थिक हिसावले फाइदाजनक हुने खेतहरुको रूपमा सिर्जना गर्नुपर्छ । ती जमीनहरूमा जोताहाहरूलाई खेती गर्न दिनुपर्छ, लीजमा । वा, २५ प्रतिशत उपज वाली तिरून् जोताहाहरूले । बाँकी बचत चाहिँ गाविसले विकास कार्यमा लगाउनु पर्छ ।

यस्तो गरेमा आर्थिक हिसाबले पर्ता नपर्ने भूजोत (Uneconomic Holding)को समस्या पनि आउँदैन । जमीन साना साना इकाईमा पनि टुक्रिँदैन । निर्वाह खेतीको दोषबाट पनि बच्न सकिन्छ । हदबन्दीलाई पनि राम्ररी लागु गर्न सकिन्छ । र, पूँजीको सिर्जना पनि हुन्छ ।

भूमिसुधारले चाल्नु पर्ने अर्को कदम मोहीयानी हकलाई बेच्ने अधिकार दिनु हो । यसो गरेपछि या त जग्गाधनीले मोहीसित जग्गा किन्नेछ या मोहीले जग्गाधनीको । यसो गरेपछि सरकारले मुआब्जाको लागि टाउको दुखाइ राख्नु नै परेन । जमीनमा जसको बढी चाख छ, उसले जग्गा लिनेछ । मोही र जग्गाधनी दुबैलाई छनौट गर्ने अधिकार हुनेछ । प्रजातन्त्र भनेकै छनौट अधिकार हो । तपाई किन अरूको लागि सोच्ने ठेक्का लिनुहुन्छ ? छनौटको अधिकार दिनुहोस्, जग्गाधनी वा जोताहा आफैंले आफ्नो हितको कुरा सोचेर छनौट गर्नेछन् । वरू तपाई खेतीबाहेकको अनुकूल विकल्प खडा गर्नुहोस्- त्यो उद्योग पनि हुन सक्छ, सेवा पनि हुन सक्छ । जीविकाको विकल्प खडा गरिदिएपछि आफ्नो रूचि र क्षमता अनुसार मानिसले विकल्पको छनौट गर्नेछ ।

कमैया प्रथाकै अन्तका लागि पनि पहिले रोजगारीको विकल्प खडा गर्नुपर्छ, अनि मात्र कमैया प्रथाको अन्त गर्नु पर्छ । सुदुर पश्चिमाञ्चल विकास क्षेत्रमा उद्योगहरूको स्थापना भयो भने कमैयाहरू आफैंले विकल्पको छनौट गर्नेछन् । जमीनमा चाप स्वतः कम हुनेछ ।



फोटोः उषा

> हाम्रो देशमा के भइरहेछ भने, किसानले जमीनमा खेती गर्ने होइन, जमीनले किसानको खेती गर्ने काम भइरहेछ । किसानलाई साना साना टुक्रा जमीनमा झुण्ड्याइराख्ने, अड्काइराख्ने योजना यहाँ भइरहेछ । 'जसको जोत उसको पोत'भित्र त्यही योजना अन्तर्निहित छ ।

भन्न लागेको कुरा के हो भने, सरकारको संरक्षक प्रवृत्ति (Patronizing Attitude) खत्तम गर्नु पर्छ । किसानहरू गरीब छन्, अज्ञानी छन्, उनीहरूको सट्टा हामीले सोचिदिनु पर्छ- यस्तो संरक्षक प्रवृत्तिको अन्त गर्नुपर्छ । अवसर र विकल्प खडा गरिदिऊँ । बाँकी उनीहरू आफैं सोचून् न ।

हाम्रो देशमा के भइरहेछ भने, किसानले जमीनमा खेती गर्ने होइन, जमीनले किसानको खेती गर्ने काम भइरहेछ । किसानलाई साना साना टुक्रा जमीनमा झुण्ड्याइराख्ने, अड्काइराख्ने योजना यहाँ भइरहेछ । 'जसको जोत उसको पोत'भित्र त्यही योजना अन्तर्निहित छ । त्यति खेतीयोग्य जमीन नै कहाँ छ र नेपालमा- कि सबै किसानलाई खेतीले नै रोजगारी दिन सकोस्, सबै समस्याको हल कृषिबाटै हुन सकोस् ? जग्गाको सीमित दायराबाटै सबै समस्याको हल खोज्ने चिन्तन बेठीक छ । यो गतिशील चिन्तन भएन, स्थिर चिन्तन भयो । यस्तो चिन्तन लिएर भएन ।

खेतीयोग्य जग्गा नै कम छ, उत्पादनशीलता नै कम छ, त्यसैले हामीले कृषि बाहेकको विकल्प सोच्नु पर्‍यो । विकल्पमा औद्योगिकरण सोच्नु पर्‍यो । किसानलाई सानो टुक्रा जमीनमै बाँधिराख्ने परिस्थितिको अन्त गर्नु पर्‍यो । जो खेती- किसानीमै सारै धेरै मरिमेटछन्, उनलाई खेती- किसानी गर्ने अवसर दिनुपर्‍यो, बाधा बन्धन हटाइदिनु पर्‍यो । बाँकीलाई अन्य विकल्पतर्फ आकर्षित गर्नु पर्‍यो । जमीनमा पाइलै नटेक्ने, खेतीपातीको ज्ञानै नभएका मानिसलाई जमीनको मालिक बनाएर के काम ? उन्नत खेतीको लागि पूँजी, स्रोत, साधन, प्रविधि नै प्रयोग गर्न नसक्ने हालतमा पारेर किसानलाई साना टुक्रो जमीनमा बाँधेर पनि के काम ?

## प्रक्रियागत सुधारको खाँचो

मेरो सुझाव के छ भने- यहाँ कार्यक्रमगत सुधार होइन, प्रक्रियागत सुधारको खाँचो छ । कार्यक्रमगत सुधारले भ्रष्ट कर्मचारी मात्र मोटाउँछ । जस्तो, मुआब्जा दिएर द्वैध स्वामित्व खत्तम गर्ने कार्यक्रम ल्याउनु होस् । यसमा कर्मचारीतन्त्रको ठूलो चाख हुन सक्छ, किनकि मुआब्जा भन्ने बित्तिकै पैसा चलाउन पाइन्छ, टापटिप गर्न पाइन्छ । तर यसबाट देशलाई के फाइदा ?

२०२१ सालमा पंचायत सरकारले हदबन्दी तोकिदियो । 'यस्तो यस्तो वर्गको मानिसलाई हदबन्दी लागु गर्नू, यस्तो यस्तो वर्गको मानिसलाई बाँड्नू है' भनिदियो । यसबाट जग्गा प्राप्त गर्ने प्रक्रिया, भूमि वितरणको प्रक्रिया, पुनर्वितरणको प्रक्रिया, मोही दर्ताको प्रक्रिया यति जटील भयो कि हदबन्दीभन्दा बेसी जमीन त्यत्ति हातै लागेन । लागेको पनि त्यत्ति वितरण भएन । कार्यक्रम नै त्यत्ति सफल भएन । त्यस्तो प्रक्रियागत जटीलता फेरि किन ल्याउने ?

मेरो सुझाव के छ भने- एउटा विज्ञप्ती जारी गर्नु होस्- '२०५२ साल चैत मसान्तसम्ममा मानिसहरूले यतिभन्दा बेसी जग्गा आफूसित राख्न पाइने छैन, राखिएको थाहा पाइएमा जफत हुनेछ ।' बस्, सम्बन्धित मानिसको दौडादौड परिहाल्नेछ । पत्ता लाउनु होस्- बेसी जमीन, दर्ता गर्नु होस्- गाविसको नाममा ।

मैले प्रक्रियागत सुधार भनेको यही हो । प्रक्रियालाई सरल, वैज्ञानिक र प्रभावकारी बनाउने काम गर्नुपर्‍यो ।

मोहीयानी हक बेच्न पाइने व्यवस्था गर्नु पनि प्रक्रियागत सुधार नै हो । त्यस्तै, खेतीयोग्य जमीन बाँझो राख्न नपाइने व्यवस्था गर्नु पनि । यो प्रक्रिया एक चोटि शुरू गरीदिनुहोस् । तपाईले मुआब्जा पनि दिनु पर्ने छैन । जमीन स्वतः त्यसैले किन्नेछ, जो त्यसमा खेती गर्न, उत्पादन बृद्धि गरेर फाइदा उठाउन बेसी इच्छुक छ । यस्तो प्रक्रियागत सुधार गर्नुपर्‍यो, साँघुरो चित्त र साँघुरो चिन्तन लिएर भएन, मेरो भनाइ यही नै हो । सामाजिक न्याय यसबाट अलि ढीलो प्राप्त होला , तर त्यो प्राप्त त हुने नै छ ।

नेपालमा दर्तावाल मोहीहरूको प्रतिशत असाध्यै थोरै छ । पाँच सात प्रतिशत पनि छैनन् तिनीहरू ।

मोही भएको जमीनको प्रतिशत पनि सारै थौरै छ। छूट भएका मोही कति छन्, केही ठेगान छैन। अब ती मोहीले जग्गाको लालपूर्जामा आफ्नो नाम दर्ता गर्नु साह्रै कठीन छ। रेकर्ड अनुसारका मोहीले नै जोतको पोत पाउने हुन्। अधिकांश किसानहरू त सरकारी लगतमा आफैं जमीनका मालिक छन्। त्यसैले, नेपालको प्रमुख भूमि समस्या कम उत्पादनशीलता र सानो आकारको खेती भएको छ। भूमिसुधारले यही समस्यालाई समाधान गर्नु पर्छ।

सहकारी र सामूहिक खेतीमा मलाई विश्वास लाग्दैन। त्यो कतै सफल भएको देखिएको छैन। अहिलेसम्म मानव जातिमा पारिवारिक खेतीभन्दा प्रभावकारी खेती अरू देखिएको छैन। त्यसैले, उपाय के हो भने आर्थिक हिसावले पर्ता नपर्ने जमीनको सानो टुक्रा समातेर बसेकालाई रोजगारीको विकल्प दिने। अलिकता पनि बेस विकल्प भेट्ने वित्तिकै उसले त्यो छोड्छ। यही प्रक्रियाबाट अन्ततः आर्थिक हिसावले पर्ता पर्ने जमीनको टुक्रा खडा हुनेछ। यो लामो प्रक्रिया हो, एकै चोटमा यो हुनेवाला छैन। काठमाण्डूमा पहिले घरमा काम गर्ने नोकर धेरै पाइन्थे। अहिले पाइदैनन्, किन ? किनकि अहिले त्योभन्दा राम्रो रोजगारीको विकल्प भेट्टाए। राम्रो विकल्प भेट्टाएपछि कष्टकर विकल्पमा कोही बस्दैनन्। यो कुरा खेतीमा पनि लागू हुन्छ।

त्यसबाहेक उत्पादनशीलता बढाउन सिंचाई र उन्नत प्रविधि अप्नाउनु पऱ्यो। यो प्राविधिक कुरा पऱ्यो। म यसको विज्ञ होइन। म यति मात्र भन्न सक्छु कि उन्नत प्रविधिको नाममा हामी सारै नै परावलम्बी भएका छौं, विदेशको मुख ताक्ने भएका छौं। त्यस्तो चाहिँ हुनु भएन। हामीले त्यस्तो सांस्कृतिक र सामाजिक स्थिति नै पैदा गर्नु पऱ्यो, जसमा विश्वमा भएका प्राविधिक उन्नति पनि यहाँ भित्रिनु पऱ्यो र त्यो वास्तविक फाइदाको रूपमा किसानहरूले ग्रहण गर्न सकून्।

द्वैध स्वामित्वको हकमा मेरो भनाइ बेग्लै छ। यहाँ द्वैध स्वामित्व नै छैन, मेरो ठम्याइमा। स्वामित्व हुनुको निम्ति भोगको हक (Possession) हुनु पऱ्यो, पैतृक सम्पत्तिको रूपको हक (Inheritance) हुनुपऱ्यो, र स्थानान्तरण (Transfer) गर्न सक्ने हुनु पऱ्यो। त्यो हक छ र मोहीलाई नेपालमा ? त्यसैले, द्वैध स्वामित्व भन्ने कुरा फजुल कुरा हो। यो अवधारणा नै ठीक भएन।

> **द्वैध स्वामित्व अन्त भनेको मोहीयानी हकको अन्त हो, सारमा। मोहीयानी हकको अन्त गर्ने स्थिति छैन नेपालमा।**

म त त्यसलाई मोहीको व्यवस्था भन्छु। द्वैध स्वामित्व अन्त भनेको मोहीयानी हकको अन्त हो, सारमा। मोहीयानी हकको अन्त गर्ने स्थिति छैन नेपालमा। बेरोजगारीको समस्या बढ्दै गएको देशमा मोहीयानी हकले गर्दा केहीले रोजगारी त पाउँथे। त्यो पनि अन्त गरिदिएपछि बेरोजगारीको समस्या झन चर्को हुनेछ। गरीबलाई धक्का पुग्ने छ यसबाट। जग्गा जसको छ, छ, जसले किन्न सक्यो, उसले किन्यो, किन्न नसक्नेले त जग्गा पाउने नै भएन अब।

यो अलि कडिकडाउ भयो, अलि लचिलो नीति चाहियो। अलि बजारमुखी अर्थनीति हुनुपऱ्यो। एक एक कदम गरेर जानुपऱ्यो। एउटा कदम चाल्दै, आएको नयाँ समस्या हेर्दै, फेरि कदम चाल्दै गर्नुपऱ्यो- मोटरको स्टेरिंग चलाएजस्तो। एक चोटि स्टेरिंग सोझ्याइदिएपछि सधैंभरिलाई पुग्ने गरी स्टेरिंग सोझ्याउने- यस्तो प्रबृत्ति लिनु भएन।

जहाँसम्म हदबन्दीको कुरा छ, त्यो अहिलेको चरणमा पूरानै व्यवस्थालाई प्रभावकारी तवरले कार्यान्वयन गर्ने समस्या मात्रै हो। नयाँ हदबन्दी लाएर त्यत्ति जमीन निस्कने देख्दिनँ म। दुई पुस्ता बितिसक्यो। जमीन धेरै टुक्रिसक्यो। तथापि अलिकता हदबन्दी घटाउन सकिन्छ- १० विघामा ल्याउन सकिन्छ।

२००८ सालमा जागीर प्रथा खारेज भयो। त्यो सुधार थियो। 'जसको जोत उसको पोत' नै गरियो त्यतिखेर। जोत्नेहरूले जमीन पाए। तर त्यतिखेर जमीन पाएकाहरू कसैले जमीन बेचे, कसैले धितो राखे, कसैले के गरे। अहिले कतिसित त्यो जमीन बाँकी छ ? जुन उद्देश्यले 'जोतको पोत' गरियो, त्यो उद्देश्य त हासिल भएन। त्यसैले, २००८ सालको त्यही प्रक्रिया अहिले जमीन बाँड्दा फेरि १०/१५ वर्षपछि दोहोरिन सक्छ। उही स्थिति आउन सक्छ। त्यस सम्भावना उपर ध्यान पुगोस्।

यी सब विचार गर्दा मोहीयानी हकमा प्रतिबन्ध लगाउनु ठीक छैन। मोहीको हक पनि त्यहाँ बेसी दिन सकेका छन्, जहाँ किसानहरूको राजनीतिक चेतना बेसी छ र आन्दोलन बलियो छ। लौ कसैले हटाओस् त मोहीलाई काठमाण्डू उपत्यकामा ? त्यसैले, राजनीतिक पार्टी, बुद्धिजीवि, जनता मिलेर मोहीलाई अरू सचेत पार्नुपर्छ। मोहीको हक सुनिश्चित पार्नुपर्छ। तर मोहीयानी हककै अन्त गर्नु हुँदैन। मोहीको हक चाहिँ बरू बेच्न दिनुपर्छ। ❑


नव वर्ष
२०५२ को
उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना

गण्डकी नुडल्स (प्रा.) लि.
परिवार

नव वर्ष २०५२ को
उपलक्ष्यमा
हार्दिक मंगलमय
शुभकामना

ललितपुर नगरपालिका
परिवार

**A pioneer in Agricultural Finance**

provides credit,capital and banking facilities through our field offices all over the country.

**OUR MAJOR LENDING PROGRAMMES ARE :**

- ❑ Agri-production
- ❑ Agri-mechani-zation and waterhousing
- ❑ Agro-business
- ❑ Horticulture
- ❑ Tea, Coffee and Cardamom
- ❑ Gobar gas plant
- ❑ Cottage and small scale industries etc.

Priority to small farmers development projects.

**AGRICULTURAL DEVELOPMENT BANK**
Head Office
Ramshah Path, Kathmandu
Phone : 213819, 211744 211802
TELEX : 2267 AGRBNK NP
FAX : 977-1-225329

# भारतीय कम्युनिष्ट आन्दोलनमा एस. यू. सी. आई.

हाम्रो छिमेकी देश-भारतको कम्युनिष्ट आन्दोलन विगतमा नेपाली कम्युनिष्ट आन्दोलनलाई निकै प्रभावित पारिरहेको शक्तिको रुपमा परिचित छ। त्यसैले, भारतीय कम्युनिष्ट अन्दोलन अहिले ५० को दशकको नयाँ नेपाली वामपन्थी पुस्ताको लागि अत्यन्त जरुरी अध्ययनको विषय हो।

भारत, नेपालको कम्युनिष्ट पार्टी स्थापना भएको भूमि हो। यति मात्र होइन, भारतको कम्युनिष्ट आन्दोलनकै उत्प्रेरणा र सहयोगमा समेत नेपालको कम्युनिष्ट पार्टीको स्थापना भएको तथ्य ५० को दशकको नेपाली वाम-पुस्ताले बिर्सेको छैन, बिर्सन सकिने कुरा पनि होइन। नेपालका कतिपय पुराना वामपन्थी नेताहरु प्रशिक्षित समेत भएको देश भारत उनीहरु भूमिगत हुँदा काम गर्ने थलो पनि थियो। अतः त्यहाँका पार्टीहरुका नेताहरुको र कार्यकर्ताहरुको प्रभाव उनीहरुमा हुनुलाई अस्वाभाविक मान्न सकिंदैन।

नेपाली वामपन्थीहरुको सम्पर्कमा रहेका भारतीय कम्युनिष्ट पार्टीहरु थुप्रै छन्। सोही सम्पर्कका कारणले नेपाली वामपन्थी आन्दोलनमा परिचित भारतीय कम्युनिष्ट पार्टीहरुमा केही पार्टीहरु उल्लेखनीय छन्।

भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) अर्थात् भाकपा (मार्क्सवादी) अर्थात् सी. पी. एम (मा.क.पा.) नेपालमा सबैभन्दा बढी परिचित छ। पश्चिम बंगालको सत्तासीन पार्टी, क. ज्योति वसुको पार्टी वा केन्द्रीय कांग्रेसी सरकारलाई पनि प्रभावित पार्न सक्ने पार्टीको रुपमा नेपाली वाम-मानसमा परिचित यस पार्टीको नेपालको तात्कालीन नेकपा (मार्क्सवादी) संग बढी सम्पर्क थियो।

स्थापना कालदेखि एउटै नाममा अडिरहेको भारतीय कम्युनिष्ट पार्टी अर्थात् भाकपा अर्थात् सी. पी. आई पनि नेपालमा परिचित नै छ, तर माकपा जति चर्चित भने छैन।

भाकपा, माकपा बाहेकको अर्को चर्चित खेमा हो- नक्सलवादी आन्दोलन।

भाकपा र माकपाको कम्युनिष्ट आन्दोलनबाट असन्तुष्ट भई विद्रोह गरी निस्केका क्रान्तिकारीहरुद्वारा नेपालको झापा नजीकै रहेको नक्सलवाडी क्षेत्रबाट शुरु गरिएको सशस्त्र किसान विद्रोहलाई नक्सलवादी आन्दोलन भनिन्छ। क. चारु मजुमदारको नेतृत्वमा १९६० को उत्तरार्द्धतिर शुरु भएको यस आन्दोलन अहिले विभिन्न पार्टी, समूह र व्यक्तिमा विभाजित भएको छ।

ठूला ठूला दश बाह्र समूहमा विभाजित यस आन्दोलनको एउटा घटक नेपालमा सबैभन्दा बढी चर्चित एवं परिचित छ, त्यो हो- क. विनोद मिश्रको नेतृत्ववाला भाकपा (माले)- लिवरेशन समूह !

पूरानो नेकपा मालेसंग निकट सम्बन्ध रहेको यस पार्टी पनि अहिले भूमिगत जीवन त्यागेर सशस्त्र संघर्षलाई भन्दा सडक र सदनको संघर्षमा कृयाशील देखिन्छ।

माओ-विचार या माओवादलाई मान्ने नेपालका वामपन्थी शक्तिहरुको सोचसंग नजीक गाँसिएर आउने अर्को ठूलो नक्सलवादी समूहको नाम हो-पीपुल्स वार ग्रुप अर्थात् भाकपा माले- पीपुल्स वार ग्रुप अर्थात् पी. डब्ल्यू. जी.।

दुई दशकभन्दा बढी समय अगाडिदेखि सशस्त्र संघर्ष गरिरहेको यस पार्टीले लगातार चुनाव बहिष्कार गर्दै आइरहेको र यस पार्टीका पुराना नेता क. सीतारमैयाको गिरफ्तारी र रिहाईको चर्चा त नेपाली वाम-मानसमा चर्चित भएकै कुरा हो।

अन्य वामपन्थी समूहमा माओवादी कम्युनिष्ट सेन्टर, जनशक्ति, रेडफ्ल्याग समूह जस्तै थुप्रै नक्सलवादी समूहहरु भारतमा कृयाशील छन्।

तर भारतमा यस्तो पनि एउटा कम्युनिष्ट पार्टी छ- जसले यी पार्टीभन्दा निकै फरक कुराहरुलाई आफ्नो विशिष्ठताको रुपमा विकसित गरेर संघर्ष गरिरहेको छ।

भारतीय समाजवादी एकता केन्द्र- एस. यू. सी. आई. (SUCI) त्यस्तो कम्युनिष्ट पार्टी हो, जुन भाकपाको गर्भबाट निस्केको पार्टी होइन। भाकपाको गर्भबाट निस्केका



SUCI पार्टीका संस्थापक नेता तथा दार्शनिक क. शिवदास घोषको जीवनको झाँकी

# क्रान्ति अगावै कम्युन जीवनको थालनी !

कम्युनिष्ट पार्टीहरुको भन्दा यस पार्टीको प्रष्ट रुपले भिन्न नीति, कार्यक्रम, रणनीति-कार्यनीति, क्रान्तिकारी सिद्धान्त, कार्यशैली, जीवनशैली रहेको छ।

यस पार्टीको कम्युन जीवनले हामी नेपालीहरुलाई मात्र होइन, भारतीयहरु र विश्वका अन्य देशहरुका समाजवादी-साम्यवादीहरुलाई समेत आश्चर्यचकित पार्दछ। कम्युनिष्ट पार्टीमा सहभागी हुन कम्युनिष्ट चरित्र ग्रहण गर्नुपर्दछ भन्ने यस पार्टीको धारणाले गर्दा नै यस पार्टीले कम्युन जीवनलाई देशभरि फैलाउन थालेको हो। भारत पूँजीवादबाट साम्राज्यवादतिर संक्रमण गरिरहेको विश्लेषण गर्दै अब भारतमा समाजवादी क्रान्ति गर्ने उद्देश्य लिइरहेको यो पार्टी अचेल सडक र सदनको संघर्षमा व्यस्त देखिन्छ। बस भाडामा भएको बृद्धि, महिलामाथि हुने बलात्कार र उत्पीडनका घटनादेखि सिनेमाका अश्लील प्रचारमाथि रोक लगाउनसम्म एवं नेपालमाथि हुने भारतीय साम्राज्यवादी थिचोमिचोदेखि इराक, सोमालिया, हैटी र चेचेन्यामा भएका उत्पीडनहरु आदि मामिलाहरुमासम्म स्पष्ट दृष्टिकोणका साथ सडकमा विरोधका स्वरहरु सशक्त रुपमा निकाल्नु यस पार्टीको परम्परा नै बनिसकेको छ।



१९४८ मा यो स्थापित भएपछिको समयावधिमा भारतका अरू वामपन्थी पार्टीहरू पटक पटक फुटे तर यस. यू. सी. आई. हालसम्म पनि एक ढीक्का रहेर अगाडि बढिरहेको छ।
*यस पार्टीका कार्यकर्ताहरूको एकताबद्ध जुलूसको एक दृश्य*

एक ताका पश्चिम बंगालको संयुक्त सरकारमा समेत पुगिसकेको यो पार्टी अहिले त्यहाँको वाम-सरकार इतरको वाम-शक्तिमा एउटा प्रमुख स्थान लिएर कृयाशील भइरहेको छ। भारतकै सबैभन्दा ठूलो कम्युनिष्ट पार्टी माकपाले समेत उडिसा राज्यमा यस पार्टीसंग तालमेल मिलाएर चुनाव लड्नु परेको बाध्यताले यस पार्टीको राज्य स्तर को शक्तिको पहिचान दिइरहेको छ।

हाल देशका अधिकांश राज्यमा कृयाशील यस पार्टीको सर्वोच्च नेतृत्वमा क. नीहार मुखर्जी रहनु भएको छ। आफ्नो जीर्ण शरीर लिएर पनि दृढ क्रान्तिकारी इच्छा-शक्तिको आधारमा दृढतापूर्वक उहाँ सकृय हुनुहुन्छ, जो यस पार्टीका संस्थापक नेता, पूर्व महासचिव एवं मार्क्सवादी दार्शनिक क. शिवदास घोषका समकालीन एवं सहयोद्धा हुनुहुन्छ।

सामूहिक नेतृत्व प्रणाली-द्वारा विकसित यसको नेतृत्व तहमा अहिले तीन थरिका कमरेडहरु कृयाशील छन्।

एक, क. नीहार मुखर्जीको समकालीन वरिष्ठ नेतृत्व । अर्को, ५०-६० वर्षको दोस्रो तहको नेतृत्व। र, अर्को, पार्टीको केन्द्रीय समितिमा बस्न लायक बनाइएको युवा नेतृत्व, जो केन्द्रका हरेक काममा बौद्धिक र शारीरिक रुपमा योगदान गर्न सक्षम मानिन्छ।

भारतीय कम्युनिष्ट आन्दोलनको अध्ययनको लागि हामीले यस पार्टीको इतिहासदेखि वर्तमानसम्मको मोटामोटी रुपरेखा खिच्ने प्रयास गरेका छौं। र, यसैक्रममा यस पार्टीका संस्थापक नेता एवं दार्शनिक क. शिवदास घोषको क्रान्तिकारी जीवनी खोतलखातल गरेर यहाँ प्रस्तुत गरेका छौं।

यसले त्यस पार्टीको विकासक्रम र वैचारिक पक्षमा केही प्रकाश पार्ने आशा लिएका छौं।

मूल्यांकनले केही महिना अगाडि गरेको भारतको स्थलगत भ्रमणको आधारमा लिखित एस. यू. सी. आई. को नयाँ, रोचक र गंभीर खालको कम्युन जीवनको रिपोर्ट यसै साथ प्रस्तुत गरेका छौं।

स्मरण रहोस्, मूल्यांकनको यो प्रयास- भारतीय कम्युनिष्ट आन्दोलनलाई बुझ्ने-बुझाउने सिलसिलाको प्रथम अध्याय मात्रै हो। यस सिलसिलालाई विस्तारै अगाडि बढाउने हाम्रो जमर्को जारी रहने छ।

–मूल्यांकन

## घाटशीला र दुर्गापुर कम्यूनको स्थलगत भ्रमणको रिपोर्ट

**एस. यू. सी. आई.का महासचिव क. नीहार मुखर्जीसंगको विशेष अन्तर्वार्ता**

*क. स्तालीन जीवित छँदै विश्व कम्युनिष्ट आन्दोलनको दोष औंल्याएको दावी गर्ने पार्टीको विश्लेषणः पूर्वी यूरोपबाट समाजवाद धराशायी हुनुको कारण के हो ?*

(आगामी अंकमा)

भारतका एक चर्चित कम्युनिष्ट नेता

# क. शिवदास घोषः

## एक शिक्षक-एक चिन्तक !



**''याचनाको स्थितिभन्दा राम्रो के हो भने, म सडकमै मर्नेछु । तब पनि भारतको क्रान्तिको लागि यही आवश्यक थियो भनेर बुझ्नेछु । जब मर्नु नै छ भने, सम्मानका साथ आफ्नो शिर उँचो राखेर मर्नेछु ।**

**यदि अरू केही पनि काम गर्न सकिँन भने क्रान्तिको लागि कमसेकम एउटा ईँट भए पनि थपेर जानेछु, ता कि अरू व्यक्तिहरू आएर त्यसमाथि बाँकी काम गर्न सकून् । उठ्दा-बस्दा, सुत्दा-उठ्दा, हरेक हालतमा म जिउँदो रहनुको एउटै मात्र अर्थ छ, र त्यो हो- जबसम्म म बाँचु, म क्रान्तिकारीका रूपमा बाँची-रहूँ ।"**

-यो क्रान्तिकारी भाव त्यस्तो व्यक्तिको हो, जो हाम्रो छिमेकी देश भारतका सर्वहारा वर्गका एक समर्पित नेता, मार्क्सवादी-लेनिनवादी चिन्तक र एक कुशल शिक्षकको रूपमा चर्चित छन् ।

क्रान्तिकारी जीवन र मृत्युको यो बोध त्यसको हो, जसले लेनिन, स्तालिन र माओ पछि 'मार्क्सवादको विकासमा दार्शनिक योगदान दिएका थिए, जसले भारतको क्रान्तिको लागि आफ्नै जीवनकालमा साम्यवादी कम्यून-जीवन थालनी गरेका थिए ।

बेलायती साम्राज्यवादीहरूको पराधीनताको सिक्री तोड्नका लागि किशोर अवस्थादेखि नै संघर्षमय जीवन शुरूवात गर्नु भएका कम्युनिष्ट नेता क. शिवदास घोष नै त्यो व्यक्ति हुनुहुन्थ्यो, जसको क्रान्तिकारी भावलाई माथि उल्लिखित हरफहरूले व्यक्त गरेका छन् ।

आजभन्दा ७४ वर्ष अगाडि बेलायती साम्राज्यवाद अन्तर्गतको पूर्वी बंगाल (अहिले बंगलादेश)मा एउटा अभावग्रस्त, गरीब निम्न मध्यमवर्गीय बंगाली परिवारको जेष्ठ पुत्रको रूपमा जन्मेका क. शिवदास घोषको छात्र जीवन अत्यन्त मेधावी थियो । मेधावी छात्र, गरीब परिवारको जेठो छोरो, बालक कालमै पिताविहीन हुन पुगेको टुहुरो बच्चाबाट आमाले, परिवारले धेरै आशा-आकांक्षा राख्नु अस्वाभाविक थिएन । तर आमा-बाबु र भाइ-बहिनीहरूप्रति असीम श्रद्धा र प्रेम हुँदा-हुँदै पनि क. घोषले आफ्नो परिवारका ती आशा-आकांक्षाहरूको पूर्ति समाजको आमूल परिवर्तनपछि मात्रै, बेलायती साम्राज्यवादबाट मुक्तिपछि मात्रै संभव देख्नु भयो ।

आफ्नो बाल्यकालको पारिवारिक जीवनको कुरै गर्न नरूचाउने क. घोषको आँखा आफ्ना माता-पिताको प्रसंग उठ्नासाथ रसाएको देख्ने उहाँका सहकर्मी कमरेडहरू भन्छन्- आफ्ना माता-पिताप्रतिको यही अगाध प्रेमलाई उहाँले जनसाधारणप्रतिको निर्मल प्रेममा रूपान्तरित गर्नुभएको थियो र यही प्रेमले, सामाजिक परिवर्तनको चेतनाले र बेलायती साम्राज्यवादबाट मुक्तिको चेतनाले डोऱ्याएकै कारणले उहाँ १३ वर्षको किशोरावस्थादेखि नै क्रान्तिकारी संघर्षमा हाम्फाल्नु भएको थियो ।

सत्यलाई जीवनमा प्रयोग गर्ने मामिला होस् या अविचल निष्ठा र दृढ संकल्पको विषय होस्, ती क. घोषको बालक कालदेखि नै विकसित हुँदै आएका गुणहरू थिए । यिनै गुणको जगमा विकसित क्रान्तिकारी चेतकै कारणले स्वतन्त्रता-संग्राम ताका सन् १९०२ मा स्थापित- 'अनुशीलन समिति' नामक क्रान्तिकारी संगठनमा सहभागी हुन उहाँलाई कुनै कठिनाइ भएन ।

आफ्ना आमा-बावुको आँसुको ऐनामा आफ्नो देशका करोडौं करोड शोषित-पीडित र बञ्चित आमा-बबाहरूको व्यथा-वेदाना देख्नु हुने क. घोषको किशोरावस्था अनुशीलन समितिका क्रान्तिकारी कार्यहरूमै बित्यो । अन्ततः आफ्नो प्रिय घरवार, परिवारजन, पढाइ-लेखाइ र क्यारिएर आदि सबैको मोह छोडेर शहीद खुदीराम बोस जस्तै, 'अनुशीलन समिति'को आह्वानमा स्वतन्त्रता-संग्रामको लामो संघर्षको यात्रामा उहाँ हिंड्नु भयो ।

निम्न पूँजीवादी पार्टी र राष्ट्रवादी विचारधाराद्वारा संचालित स्वतन्त्रता संग्रामको कठीन बाटोमा आधा दशकभन्दा बढी समयसम्मको यात्राको क्रममा नै उहाँ मार्क्सवादी दर्शनतिर आकर्षित हुनुभएको थियो । सबै कुरा तर्कको कसीमा घोटेर हेर्ने, सत्यलाई जान्ने-बुझ्ने र जीवनमा प्रयोग गर्ने चारित्रिक विशेषता र संघर्षशीलता उहाँमा विद्यमान भएकै कारणले उहाँ मार्क्सवादी दर्शन र त्यसको द्वन्दात्मक विचार विश्लेषण-पद्धतितिर त्यति कम उमेरमै आकर्षित हुनुभएको थियो ।

यस आकर्षणले २० वर्षका क. घोषलाई भारतमा सर्वहारा वर्गको एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टीको खोजीतर्फ डोऱ्यायो । 'अनुशीलन समिति' को सीमित घेरो र न्यूनतम लक्ष्यबाट निकै अगाडि बढ्दै उहाँले भारतमा विद्यमान कम्युनिष्ट पार्टी र अन्य क्रान्तिकारी भनिने पार्टीहरूका चरित्रबारे अध्ययन गर्न थाल्नु भयो ।

यसै क्रममा त्यस बेलाको भारतको एउटै मात्र ठूलो कम्युनिष्ट पार्टी 'भारतीय कम्युनिष्ट पार्टी' (CPI) को वारेमा बुझ्ने क्रममा उहाँ के निष्कर्षमा पुग्नु भयो भने- सि.पी.आई. श्रमिक वर्गको क्रान्तिकारी पार्टीको रूपमा विकसित नै हुन सकेन ।

यस निष्कर्षमा पुग्न अनेक कारणहरूले उहाँलाई प्रभावित गरेका थिए । त्यसमध्ये महत्वपूर्ण कारण थियो-

> “ क. घोष, जसको विचारले विश्वको क्रान्तिकारी आन्दोलनलाई समेत प्रभावित पारिरहेको छ ! ”

सि. पी. आई. का नेताहरूको व्यक्तिगत जीवन कम्युनिष्ट स्तरको नहुनु !!

उहाँको विचारमा सी.पी.आई.का नेताहरू देशका युवा-युवतीहरू र विद्यार्थीहरूलाई क्रान्तिको लागि आह्वान गर्छन, लड्न, जेल जान, लाठी-गोलीको सामना गर्न अपील गर्छन, तर आफ्ना-छोरा-छोरीहरूलाई भने पहिले राम्ररी पढेर, राम्रो नोकरी पाउन प्रेरित गर्छन र आफ्ना छोरीबेटीहरूका लागि राम्रो वर खोज्न र व्यक्तिगत सम्पत्ति जोड्नका लागि प्रेरित गर्छन । नेताहरूको यस्तो खालको ढोंगकै कारणले यत्ति महान आदर्श केवल आर्थिक मागहरूको पूर्ति गर्नका लागि हुने आन्दोलनको माकुरोको जालोमा फँसिराखेको हो र आजसम्म देशका जनतालाई त्यस महान क्रान्तिको प्रेरणा दिई उठाउन त्यसले नसकेको हो ।

जीवनमा वास्तविक दैनिक व्यवहारबारे दुई जिब्रे नीतिको वारेमा अति घृणा गर्दै भारतको सी.पी.आई. का नेताहरूलाई आलोचना गर्दै उहाँ भन्नु हुन्थ्यो- **"यिनीहरू मध्ये अनेक त्यस्ता नेताहरू छन्, जसको व्यक्तिगत सम्पत्ति छ, घर छ, गाडी छ, साथै पर्याप्त मात्रामा दैनिक प्रयोगको लागि चाहिने पोशाकहरूका अलावा पनि बेलायत जानका लागि या चिया पार्टीमा सामेल हुनका लागि अलग्ग-अलग्गै पोशाक छन् । तर तिनीहरू मजदूर, किसान एवं साधारण जनताबीच जाँदा भने साधारण पोशाक लगाएर जान्छन्, मानौं- उनीहरु ठूला त्यागीहरू हुन् ! यसरी पूँजीवादी ढोंगीहरूले जसरी मजदूरहरूका अगाडि आफ्नो व्यक्तिगत जीवनलाई लुकाएर र एक महान "त्यागी"को मुकुण्डा लगाएर जानुको अर्थ के ? यो त देशका आम जनतालाई ठग्नु हो !"**

भारतीय कम्युनिष्ट आन्दोलनका प्रखर नेता एवं लेनिनका समकालीन मार्क्सवादी चिन्तक एम. एन. रायका वारेमा कुरो उठ्नासाथै उहाँ धेरैजसो भन्नु हुन्थ्यो- **"हो, उनी ठूलै नेता हुन्, तर के उनी कम्युनिष्ट हुन् ? देख्नु भएको छ- रहन-सहन कस्तो छ ? उनको व्यक्तिगत आचरण कस्तो छ ? मार्क्सवादी आदर्श र उनको व्यक्तिगत जीवनको आचरणबीच कत्तिको संगति छ ?"**

यिनै आलोचनात्मक चेतले उहाँलाई सन् १९४० मा 'अनुशीलन समिति' कै एक समूहले त्यसबाट अलग्ग भई आफूले रिभोल्युशनरी सोशलिष्ट पार्टी (R.S.P.) को नाममा एउटा नयाँ मार्क्सवादी-लेनिनवादी पार्टी स्थापना गर्नका लागि थालेको पहलकदमीतिर तानेर लग्यो । आर.एस.पी.को गठन प्रक्रियामा उहाँले पनि अन्य कमरेडहरूलाई साथ दिनुभयो र उहाँ निकै कृयाशील पनि हुनुभयो ।

आर.एस.पी. को स्थापना कालको प्रारंभिक समयदेखि नै युवा कार्यकर्ता क. घोषले सि.पी.आई. को पार्टी-संगठन र नेताहरूमा रहेको कमी-कमजोरीबाट सिक्नका लागि वैचारिक संघर्ष थाल्नु भएको देखिन्छ । उहाँले त्यस बेला नैं राख्नु भएको कठोर र क्रान्तिकारी विचार यस्तो थियो-

**"यस नयाँ पार्टीको गठनमा जो जो अगाडि आउँछन्, उनीहरू सबैभन्दा पहिले मार्क्सवादी-लेनिनवादी विचारधाराको आधारमा र त्यस पद्धति अनुसार आफ्नो जीवनका सबै पक्षहरूमा व्यापक कम्युनिष्ट-चरित्र हासिल गर्ने संघर्षको मैदानमा उत्रनु पर्दछ । किनकि, यस पार्टीको निर्माणमा अगाडि बढेका हामी सबै यत्तिका दिनसम्म स्वतन्त्रता-आन्दोलनमा निम्न पूँजीवादी, राष्ट्रवादी विचारधाराबाट संचालित हुँदै आएका व्यक्तिहरू हौं । र, त्यसकै आधारमा हामीहरूको चिन्तन पद्धति, रूचि-संस्कृतिको धारणा एवं मानसिक ढाँचा पनि तयार भएका छन् । त्यसैले, मार्क्सवाद र सर्वहारा अन्तर्राष्ट्रवादी विचारधारा तथा पद्धतिको आधारमा नयाँ पार्टीको गठन गर्नका लागि सबैभन्दा पहिले हामीले आफैंसंग कठोर संघर्ष गर्दै मार्क्सवादी दृष्टिकोण, चिन्तन पद्धति तथा मानसिक ढाँचा निर्माण गर्नु पर्दछ । यसो गर्न सकेमा मात्रै हामी सही अर्थमा एउटा मार्क्सवादी-लेनिनवादी पार्टी निर्माण गर्न सफल हुन्छौं ! नत्र, मार्क्सवाद-लेनिनवादको जतिसुकै कुरो गरौं, हाम्रो नियत जतिसुकै सफा किन नहोस्, जसरी गलत पद्धति अप्नाएकै फलस्वरूप अन्य पार्टीहरू ऐतिहासिक रूपमा निम्न पूँजीवादी वर्गका पार्टीहरूमा परिणत भएका छन्, हाम्रो पनि नतीजा अनिवार्य रूपले त्यही हुनेछ ।"**



एस. यू. सी. आई.का वर्तमान महासचिव क. नीहार मुखर्जी

भारतको क्रान्तिको लागि एउटा सही, मार्क्सवादी-लेनिनवादी पार्टी निर्माण गर्ने उद्देश्यले कृयाशील क. घोष आर.एस.पी.को संघर्षकालभरि यही आलोचनात्मक चेतसहित वैचारिक संघर्षहरू र सडक-संघर्षहरूमा कृयाशील भइरहनुभयो ।

दोस्रो विश्वयुद्धको पृष्ठभूमिमा बेलायती साम्राज्यवादी शासकहरूले स्वतन्त्रता-संग्रामीहरूलाई गिरफ्तार गर्न थालेकाले केही नेता, कार्यकर्ताहरू त भूमिगत पनि भए, तर अधिकांश गिरफ्तारीमा परे । क. घोषले पनि भूमिगत जीवन जीउने क्रममा आफ्नो कार्यक्षेत्र ढाकाबाट कलकत्ता सारेर आफ्नो सांगठनिक उत्तरदायित्व वहन गरिरहनुभयो । र, सन् १९४२ को अगष्ट-आन्दोलनमा एउटा विशिष्ट भूमिका पनि खेल्नु भयो । तर, अन्ततः १९४२ कै भूमिगत कालमा क. घोषलाई पनि गिरफ्तार गरेर तीन वर्षसम्म ब्रिटिश शासनले जेलहरूमा बन्दी बनायो ।



एस. यू. सी. आई.का कार्यकर्ताहरूमाथि लाठी चार्ज

जेलहरूले पनि उहाँको क्रान्तिकारी कार्यलाई रोक्न-छेक्न सकेनन् । जेल जीवनकालमा पनि उहाँले आर.एस.पी. लाई सही वैज्ञानिक पद्धतिद्वारा मार्क्सवादी-लेनिनवादी पार्टी बनाउनका लागि निकै वैचारिक संघर्ष चलाई रहनुभयो । यस बैचारिक संघषको क्रममा उहाँ दिन-रात यत्ति कठोर मेहेनत गर्नु हुन्थ्यो कि जेलका अन्य बन्दी कमरेडहरू समेत चकित् हुन्थे । अन्य कमरेडहरू जेललाई आरामगृहको रूपमा लिई मोजमस्ती गर्थे, खान्थे, सुत्थे । तर उहाँको भने खाना जहिले पनि चिसै हुन्थ्यो, रात-रातभर सुत्नु हुन्नथ्यो । उहाँकै लत्ता-कपडा पनि अन्य कमरेडहरूले हेरविचार गरेर सुरक्षित राखीदिनु पर्दथ्यो । तर उहाँले भने जेललाई पनि एउटा छापामार-ट्रेन्चको रूपमा लिई अध्ययन, बैचारिक संघर्ष र लेखनमा आफूलाई समर्पित गर्दै रहनु भयो । कत्तिले एक मेधावी छात्र भएको कारणले उहाँलाई जेलबाटै परीक्षा दिएर डिग्री प्राप्त गर्नका लागि सल्लाह समेत दिए । तर उहाँ भने मार्क्सवादको गहन चेत्को गहिराइका अनौपचारिक डिग्रीहरू प्राप्त गर्दै आर.एस.पी.लाई एउटा सही कम्युनिष्ट पार्टीको रूपमा ढाल्न वैचारिक संघर्षमा लागीरहनु भयो ।

यस उद्देश्यप्रति अत्यन्त लगनशील क. घोषले सन् १९४५ मा जेलबाट रिहा भएपछि पनि आर.एस.पी.भित्र सचेत रूपले वैचारिक संघर्ष जारी राख्नु भयो । उहाँहरूको ५ वर्षको लामो वैचारिक संघर्षपछि पनि आर.एस.पी. एउटा सही मार्क्सवादी-लेनिनवादी पार्टीको रूपमा विकसित हुन सकेन । तर, जेलभित्र र बाहिर तीव्र बैचारिक संघर्ष चलाएर एउटा बैचारिक-केन्द्रीयता कायम गर्न थालिएको यस प्रक्रियाकै क्रममा केही पेशेवर क्रान्तिकारीहरुको एउटा डफ्फा तयार हुँदै गएको थियो । क्रान्तिकारी कार्यकर्ताहरूको यस जत्था निर्माण भएपछि उहाँहरूले आर. एस. पी. सही कम्युनिष्ट पार्टी बन्ला भन्ने आशा मारेर, त्यससंगको सम्बन्धलाई तोड्नु भयो । र, यसै संघर्षको निरन्तरतामा भारतको क्रान्तिको लागि नयाँ सही कम्युनिष्ट

पार्टी बनाउनका लागि १९४८, अप्रिल २४ मा एउटा क्रान्तिकारी संगठन- भारतीय समाजवादी एकता केन्द्र (सोशलिष्ट यूनिटी सेन्टर अफ इण्डिया- एस.यू.सी.आई.) स्थापना गर्नु भयो ।

एस. यू. सी. आई. त्यसबेला कम्युनिष्ट पार्टी थिएन, पूर्व-कम्युनिष्ट पार्टी मात्रै थियो । अर्थात् कम्युनिष्ट पार्टी निर्माणको पूर्व रूप । किनकि, द्वन्द्वात्मक वस्तुवादी विचार विश्लेषणको माध्यमबाट विस्तारै विस्तारै पार्टी कार्यकर्ताहरू र आम- सदस्यहरूमा चिन्तनमा एकरूपता, एक चिन्तन प्रणाली, एक दृष्टिकोण एवं एउटै उद्देश्य निर्माण गर्ने कामको त्यहाँ थालनी मात्र भएको थियो । र, यही शुरूवातलाई निरन्तरता दिई अन्ततः सही मार्क्सवादी-लेनिनवादी पार्टी बनाउन उहाँहरू वैचारिक र सडक संघर्षहरूमा कृयाशील हुन थाल्नु भयो ।

एस.यू.सी.आई. को स्थापनाले क. घोषको जीवनमा मात्रै होइन, उहाँसंगै हिंडेका केही पेशेवर क्रान्तिकारीहरूको जीवनमा पनि प्रचण्ड र कठोर संघर्षको नयाँ अध्यायको आरम्भ गऱ्यो । यो शुरूवात थियो- कल्पनातीत प्रतिकूल परिस्थितिसंगको जुझारू संघर्षको । संघर्षशील जीवनलाई अझै तेजिलो, अझै धारिलो पार्दै नयाँ, सही मार्क्सवादी-लेनिनवादी पार्टीको निर्माणको संघर्षको ।

**...यदि मैले कम्युनिष्ट आदर्शमा एउटा उन्नत संस्कृति नभेटेको भए, म कहिले पनि कम्युनिष्ट हुने थिइनँ !-क. घोष**



सडक संघर्षमा SUCI र IPF का कार्यकर्ताहरू

सही कामको शुरूवातमा कति निर्ममता सहनु पर्दोरहेछ भन्ने कुरा क. घोष र उहाँका सहयोद्धाहरूको जीवनको यस अध्यायबाट थाहा हुन्छ- घरबार, आश्रय, यात्राको लागि पैसा, खाना-पीना, बस्त्रको लागि आवश्यक रकमको अभावमा परिचितहरू अपरिचित हुँदा, प्रोत्साहनको सट्टामा उपहास, दुर्वचन र पागलपनको आक्षेप र घोर उपेक्षा ।

यही थिए- एस.यू.सी.आई. का शुरूका उपलब्धीहरू !

तर भारतीय क्रान्तिको लागि नयाँ ढंगले सर्वहारावर्गको एउटा सही कम्युनिष्ट क्रान्तिकारी पार्टी बनाउने लक्ष्यमा इस्पात झैं दृढ हुँदै उहाँहरू आफ्ना केही क्रान्तिकारी साथीहरुको सहयोगमा आफ्नो लक्ष्यतर्फ लागीरहनु भयो ।

दक्षिण कलकत्ताको एउटा सानो अँध्यारो कोठामा ती सबै कमरेडहरू एक साथ, कैयौं दिनसम्म खाना खानै नपाउने स्थितिमा, ओछ्याउने, ओढ्नेको नाममा सिर्फ एउटा चटाईका भरमा बाँची उहाँहरूले पार्टीको प्रथम 'कम्युन' स्थापना गर्नु भयो । चामल भेट्टिएको खण्डमा माटोको भाँडोमा नून भात पकाएर खाँदै, जरूरत अनुसार धोती र कपडा आपसमा साट-फेर गर्दै कम्युनिष्ट पार्टी बनाउने धुनमा चौबीसै घण्टा कठोर परिश्रम गरिरहँदाको अनुभव क. घोषकै शब्दमा यस प्रकार छ :-

"मैले आफ्नो जीवनमै देखें- जब हामीले पार्टी गठनको काम थालेका थियौं, तब हामीसंग धेरै साथीहरू थिएनन्, यहाँसम्म कि शिर लुकाउनका लागि एउटा घर पनि हामीले जुटाउन सकेका थिएनौं ! जब कैयौं कैयौं दिनसम्म खानै नखाइकन एकदम प्रतिकूल परिस्थितिमा एउटा नयाँ पार्टी संगठित गर्नका लागि संघर्ष गरिरहेका थियौं, त्यसबेला पनि हाम्रो मनमा कुनै क्षोभको भाव थिएन । कैयौं वर्षसम्म हामी चटाईमै सुत्नु पऱ्यो, त्यस्तै कैयौं जाडो र गर्मी काट्नु पऱ्यो । त्यस बेलाका हाम्रा साथीहरु यसका साक्षी हुनुहुन्छ । उहाँहरुले देख्नु भएको छ- त्यसबेला हाम्रो मनमा कुनै किसिमको शिकायत थिएन । हामीले कति दिनसम्म त खानै पाएनौं भन्ने कुरा भन्नलाई पनि लाज लाग्छ । किनकि, हामीलाई लाग्थ्यो- खानाको बन्दोवस्त गर्न पनि सकेनौं, समर्थकहरू नै छैनन्, पाँच पैसा चन्दा पनि बटुल्न सकेनौं, जनताले दिएन- यो त हाम्रै असक्षमता, कमजोरी हो, यसमा गर्वपूर्वक भन्ने कुरो नै के छ ? यो कुरा भन्नलाई पनि लाज लाग्दछ ।- हामीमा यस्तो खालको भावना थियो । हामीले देशको लागि ठूलो त्याग गरिरहेका छौं भन्ने गर्वपूर्ण भावना हाम्रो मनमा थिएन । बरु, हाम्रो मनमा आफ्ना असक्षमता र असफलताको लागि लज्जाभाव मात्रै थियो ।"

यस्तो विषम परिस्थितिका बावजूद पनि उहाँहरू आफ्नो लक्ष्य अगाडि राखेर प्रगतिको पथमा बढिरहनु भयो । प्रतिकूल परिस्थितिहरूले पनि उहाँहरूको हिम्मतमाथि विजय प्राप्त गर्न सकेनन् । आफूलाई ठीक लागेको सत्यलाई अप्नाउँदा परिस्थिति जति प्रतिकूल हुन्छ, त्यति नै आफ्नो हिम्मत, संकल्प र लक्ष्यप्रतिको लगनशीलतालाई दृढ र कृयाशील तुल्याउने क्रान्तिकारी चरित्र उहाँहरूमा विद्यमान हुनु नै यसको कारण हो ।

त्यसैले उहाँहरूले आफ्नो नवगठित पार्टीका नेता र कार्यकर्ताहरूको लागि 'कम्यून-जीवन' थालनी गरेर यस युगमा क्रान्तिभन्दा अगाडि नै कम्युनिष्ट-चरित्र ग्रहण गर्नका लागि एउटा नयाँ उन्नत धारणा निर्माण गर्नुका साथै त्यसलाई व्यवहारिक रूप दिन थाल्नु भयो । मृत्युको घडीसम्म सोही कम्यूनमा बस्नु भएका क. घोषले पार्टी गठनको प्रारंभिक अवस्थामै थाल्नु भएको यस 'कम्यून-जीवन' लाई पार्टीका नेता एवं कार्यकर्ताहरूको उच्च राजनीतिक चेतना एवं कम्युनिष्ट साँस्कृतिक-नैतिक स्तर हासिल गर्न-गराउनका लागि शिक्षित-दीक्षित गर्ने थलोको रूपमा विकसित गर्दै लानु भयो ।

एस.यू.सी.आई. को 'कम्यून' मा प्रत्येक कमरेडका जीवनका सबै स-साना कुराहरुदेखि लिएर दार्शनिक विषयहरूमा समेत छलफल, प्रशिक्षण गर्ने र कम्युनिष्ट-जीवन जीउनका लागि व्यवस्था गर्ने एवं उनीहरुका ससाना समस्याहरूप्रति हेरचाह गर्ने, उनीहरूका कमजोरीहरू धैर्यपूर्वक हल गर्ने काम क. घोषले गर्नुभएको थियो । सबै कमरेडका

## पूँजीपतिसित कुनै चन्दा नउठाउने पार्टी !

*SUCI को एउटा अनौठो विशेषता के पाइयो भने, त्यसले पार्टी चलाउनका लागि एक पैसा पनि चन्दा पूँजीपतिसित लिंदो रहेनछ । पार्टीको कोष मुख्य रूपमा जनतासित सडकमा उठाइने चन्दाबाट आउँदो रहेछ । पार्टी सदस्य र शुभचिन्तकहरूबाट आउने शुल्क र लेवी एवं पार्टी प्रकाशनको बिक्रीबाट आउने रकम पार्टी कोषको अर्को स्रोत रहेछ । पार्टीका नेताहरूसमेत हरेक महिना तोकिएको दिन सडकमा चन्दा माग्न जाँदा रहेछन् । यही सडक- चन्दा अभियानबाट लाखौं रूपैयाँ प्रत्येक महिनामा संकलित गरिंदोरहेछ ।*

*नेताहरूको र कार्यकर्ताको चन्दा उठाउने क्षमताको पनि रेटिंग गरिंदो रहेछ । बंगलोरमा राज्य कमिटीका एक जना सदस्य भन्दैथिए- "म एक दिनमा ७०० भा.रू. उठाउँछु, तर क. विजयाले १३०० सय भा. रू. सम्म उठाउन सक्नुहुन्छ ।"*

*"किन तपाईहरू पूँजीपतिसित चन्दा माग्नु हुन्न ?", मैले यो कुरा पश्चिम बंगालका राज्य सेक्रेटरी क. प्रभाष घोषसित सोधें ।*

*"पूँजीपतिको चन्दामा पार्टी टिकेपछि एक त- आफ्नो अस्तित्वको लागि नै पूँजीपतिको अस्तित्व जरूरी हुने भयो, अर्को- चन्दासितै नजानिंदो रूपमा पार्टीको नीति निर्णयमा पूँजीपतिले प्रभाव पार्न सक्ने संभावना पनि पैदा हुन्छ, एक किसिमको कृतज्ञता भाव जाग्छ । हामी यस्तो हुन दिन चाहन्नौं । त्यसैले हामी कहीं पनि पूँजीपतिसित चन्दा उठाउँदैनौं । जनताकै चन्दाको भरमा हामी जिउँछौं । जनताको भरमा जीउन तपाईले हमेशा जनताको समस्यामा संघर्ष गरिरहेको हुनपर्छ । जनतासित एकताबद्ध भइरहेको हुनुपर्छ, तपाईको पार्टीलाई जनताले व्यापक समर्थन गरिरहेको हुनुपर्छ । त्यसैले जनताको भरमा पार्टी टिक्ने बाटो आफैंले हामीलाई सधैं जनमुखी बन्न प्रेरित गर्छ । हामीलाई स्वतन्त्र रूपमा नीति-निर्णय गर्न समर्थ पार्छ ।" -क. प्रभाष घोषले भन्नु भयो ।* ❑

**-श्याम श्रेष्ठ**



*SUCI का शहीद कमरेड*

सबै विषयप्रति निर्वैयक्तिक (Impersonal) दृष्टिकोण तथा रूचि-संस्कृतिको मामिलामा क. घोषको उच्चकोटीको स्तरले सबै 'कम्युनार्ड' कमरेडहरूमा क्रान्तिकारी चेतना र उन्नत संस्कृति सम्बन्धी धारणा र व्यवहार विकसित गर्न अत्यन्त ठूलो भूमिका खेलेको देखिन्छ।

क. घोषको मृत्युपश्चात् पनि उहाँपछि स्थापित पार्टी नेतृत्वका कमरेडहरूले कम्यून जीवनलाई त्यही मर्मका साथ निरन्तरता दिइरहेको तथ्य हालै यस पंक्तिको लेखकले पनि पश्चिम बंगालमा हेर्न पाएका थियो।

सर्वहारा वर्गको उन्नत रूचि-संस्कृतिको आधारमा नेता, कार्यकर्ताहरूको क्रान्तिकारी चरित्र निर्माण गर्नका लागि पार्टीभित्र क. घोषले निरन्तर र अथक रूपमा प्रयास गर्नु भएको थियो। त्यसैले नै अन्य वामपन्थी पार्टीका कार्यकर्ताको तुलनामा एस.यू.सी.आई. का कार्यकर्ताहरूको आचरणमा अनुशासन र उन्नत रूचि-संस्कृति प्रतिविम्बित भएको देखेर पर्यवेक्षकहरू आश्चर्यचकित् हुन्छन्।

'यदि मैले कम्युनिष्ट आदर्शमा एउटा उन्नत संस्कृति नभेटेको भए, म कहिले पनि कम्युनिष्ट हुने थिइन !'

यस्तो विचार व्यक्त गर्नु हुने क. घोषले कतिपय वामपन्थी नेताहरु समेत निकृष्टता र घोर व्यक्तिवादको खाडलमा जाकिएको यस युगमा क्रान्तिकारी आन्दोलनको जरूरत अनुरूप कम्युनिष्ट चरित्र-संस्कृति सम्बन्धी सर्वथा नयाँ एवं विकसित धारणा बनाउनु भएको थियो। इतिहासमै पहिलो पटक उहाँले कम्युनिष्ट-चरित्र हासिल गर्नका लागि व्यक्तिले विना शर्त, खुशीपूर्वक, असन्दिग्ध रूपले, बिना हिच्किचाहट सर्वहारा वर्ग, क्रान्ति र पार्टी हितहसंग आफूलाई एकरस र एकात्म पार्नु पर्दछ भन्ने विचार प्रस्तुत गर्नुका साथै लागू गरेरै देखाउनु भयो।

कम्युनिष्ट चरित्रको मूर्त रूप मानिने क. घोषको व्यक्तिगत जीवन र क्रान्तिकारी जिन्दगी बीच कुनै खाडल नभएको दावी एस.यू.सी. आई. को वर्तमान नेतृत्वको रहेको छ। क. घोषद्वारा देखाइएको उन्नत जीवन संस्कृतिलाई 'आफ्नो जीवनमा लागू गर्न उनीहरू संसारलाई बदल्नु भन्दा पहिले मजदुरहरूले आफूलाई बदल्नु पर्दछ' भन्ने कार्ल मार्क्सको ऐतिहासिक शिक्षालाई आफ्नो स्मृतिबाट आफूले कहिले पनि हटाउन दिँदैनौं भनी दावी गर्दछन्।

आफ्नो क्रान्तिकारी जीवनकालमा क. घोषले भारतीय क्रान्तिको लागि सर्वहारा वर्गको एउटा सही कम्युनिष्ट पार्टीको निर्माणको जग हाल्नुका साथै पार्टीका नेता एवं कार्यकर्ताहरूमा कम्युनिष्ट-चरित्र र संस्कृति विकसित गर्ने काम र भारतीय सर्वहारा वर्गलाई हरेक प्रकारको शोषणबाट मुक्त गर्नका लागि विज्ञान-सम्मत समाजवादी क्रान्तिको एउटा सर्वाङ्गीण बाटो निर्माण कार्य गर्नु भएको थियो।

यो कामको अलावा, जीवन र जगतका सबै क्षेत्रमा सर्वहारा वर्गको मुक्ति- संघर्ष संचालन गर्न आवश्यक हुने पर्याप्त ज्ञान-भण्डार निर्माण गर्ने कार्यमा पनि क. घोषको योगदान उल्लेखनीय मानिन्छ। सर्वहारा वर्गको मुक्ति-संघर्षसंग सम्बन्धित राष्ट्रिय अन्तर्राष्ट्रिय सवालदेखि लिएर विज्ञान-दर्शन- कला-साहित्यका प्रत्येक सवालमा


नेबिको
माल्ट
ग्लूकोज
बिस्कुट



नेपालगुणस्तर चिन्ह
NS:18

नेबिको प्राईभेट लिमिटेड

गहिरो अध्ययन गरी, त्यसका समस्याहरूमाथि आफ्नो दृष्टिकोण प्रस्तुत गर्ने कार्य गर्दै क. घोषले लेनिनपछिको युगमा आएका सवालहरूलाई विश्लेषण गर्दै मार्क्सवाद लेनिनवादको ज्ञान भण्डारलाई अझ विकसित, विस्तृत एवं समृद्ध गर्ने कार्य गर्नु भएको दावी पनि त्यस पार्टीको वर्तमान नेतृत्वले गर्ने गरेको छ।

क. घोषका महत्वपूर्ण योगदानहरुका वारेमा उल्लेख गर्ने सिलसिलामा एस.यू.सी.आई. को केन्द्रीय समितिद्वारा लिखित 'श्रद्धा समर्पण प्रस्ताव' का केही महत्वपूर्ण बूँदाहरु यहाँ प्रस्तुत गरिन्छन् :-

❑ **मार्क्सवादी पार्टी सम्वन्धी लेनिनका विचारहरूलाई उन्नत स्तरमा विकसित गर्ने काम :-**

*जीवनका सबै क्षेत्रमा तीव्र बैचारिक संघर्ष चलाएर सैद्धान्तिक केन्द्रीयता हासिल गरेर मात्रै संठनात्मक केन्द्रीयता सही अर्थमा प्राप्त गर्न सकिन्छ, तब मात्र मानव शरीरझैं पूर्णाङ्ग सत्ताको रूपमा पार्टी विकसित हुन्छ र त्यसकै सामूहिक नेतृत्वद्वारा पार्टीका सबै पक्षहरू व्यक्तिकृत र विशेषीकृत रूपमा अभिव्यक्त हुन्छन् भन्ने अवधारणा थप्ने कार्य उहाँले गर्नु भएको थियो।*

❑ **कम्युनिष्ट आन्दोलनको नयाँ खतरा-संशोधनवाद विरोधी संघर्ष :-**

*-सवैभन्दा पहिले उहाँले नै वर्तमान समयमा विश्व कम्युनिष्ट आन्दोलनमा संशोधनवाद-सुधारवादलाई मुख्य खतराको रूपमा व्याख्या गर्दै त्यस विरूद्धको सैद्धान्तिक संघर्षको बाटो निर्माण गर्नुभएको थियो। यसै क्रममा पूँजीवादी दर्शनका विभिन्न शाखाहरू एवं केही नयाँ धाराहरूद्वारा लगातार पैदा गरिएका विभिन्न भ्रमलाई चिर्ने काम पनि उहाँले गर्नु भएको थियो।*

❑ *भारतीय मजदूर आन्दोलनभित्र रहेका अर्थवाद, अवसरवाद र विभिन्न किसिमका सामाजिक प्रजातन्त्रवादी भडकावविरूद्ध निरन्तर संघर्ष गरेर क. घोषले सर्वहारा वर्गलाई सही राजनीतिक लाइन अनुशरण गर्न र जनताको निजी राजनीतिक शक्ति निर्माण गर्न आह्वान गर्ने र त्यसको लागि कृयाशील हुने काम गर्नु भएको थियो।*

यी योगदानहरूका अलावा, क. घोषको वारेमा चर्चा गर्दा छुटाउनै नहुने अर्को कुरा हो- विज्ञान, दर्शन, साहित्य, सौन्दर्यशास्त्र आदि विभिन्न विषयसम्वन्धी असाधारण ज्ञान हासिल गर्नु भएका क. घोषको अध्ययनको तरीका !

पाण्डित्य आर्जन गर्नका लागि कहिले पनि युनिभर्सिटीका ढोका-ढोका चहार्दै नहिंड्नु भएका क. घोषले आफ्नो विशाल कार्ममय जीवनमा घरमा बसी-बसी शास्त्रीय पुस्तकहरूको अध्ययनमा कहिले पनि समय विताउनु भएन। जनताको मुक्ति-संग्रामलाई संगठित गर्ने क्रममा आउने समस्यालाई संघर्षको मैदानमै प्राप्त अनुभव, साथीहरूसंगको अन्तर्क्रिया र मार्क्सवादी ग्रन्थहरूको अध्ययनको सहयोग लिएर उहाँले आफ्नो र सिंगै पार्टीको ज्ञानस्तर विकसित पार्नु भएको थियो।

**क. घोष पाण्डित्य आर्जन गर्नका लागि कहिले पनि युनिभर्सिटीका ढोका-ढोका चहार्दै हिंड्नु भएन।**

यसरी भारत र विश्वकै कम्युनिष्ट आन्दोलनमा योगदान दिने कार्यमा अथक रूपले कृयाशील हुँदाहुँदै उहाँको स्वास्थ्य विग्रिन थाल्यो। स्वास्थ परीक्षणपछि उहाँलाई 'मायोकार्डियल इन्फेक्शन' भएको थाहा भयो। यसरी आफ्नो स्वास्थ्य विग्रीरहेतापनि आफ्नो कार्यक्षेत्रमा क. घोष क्रान्तिकारी उत्साह सहित खटिरहनु भयो। डाक्टरहरुको कडा परामर्श र कमरेडहरूको अनुरोधप्रति विनम्र हुँदाहुँदै पनि उहाँ जनता र पार्टी कमरेडहरूको समस्या समाधानार्थ खटीरहुन भयो। काममा डुवीरहन क. घोष त्यही रोगले गर्दा ५५ वर्षको अल्पायुमै ५ अगष्ट, १९७६ को साँझ ७.३० बजे कलकत्तास्थित पार्टीको केन्द्रीय कम्यूनमा असामयिक मृत्युको मुखमा पर्नु भयो।

**विश्वका सर्वहारा वर्गका महान नेता तथा चीनियाँ क्रान्तिका श्रद्धेय नायक माओ त्सेतुंगको मृत्युभन्दा एक महिना अगावै भारतीय सर्वहारा वर्गका नेता एवं मार्क्सवादी चिन्तक क. शिवदास घोषको मृत्यु भएको थियो। क. घोषको असामयिक मृत्युको गहिरो शोकको त्यस घडीमा एस.यू.सी.आई. का भारतभरिका क्रान्तिकारी कमरेडहरूले गरेको दृढ प्रतिज्ञा यहाँ स्मरणीय देखिन्छ, जुन प्रतिज्ञा पूरा गर्न त्यस पार्टीका कमरेडहरू आजसम्म कृयाशील देखिन्छन्-**

**"तपाईको शिक्षाले लैश अनगिन्ती कमरेडहरू आफ्नो रगतको एक-एक थोपा दिएर क्रान्ति र सर्वहारा अन्तर्राष्ट्रवादको महान झण्डा झन् झन् माथि फहराई राख्नेछौं।"** ❑

**-राजेन्द्र महर्जन**


**नव वर्ष २०५२ सालको उपलक्ष्यमा समस्त स्वाभिमानी नेपालीहरुमा**

# राष्ट्रिय चिया तथा कफी विकास बोर्ड.

हार्दिक न्यानो अभिवादन चढाउँछ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड २०४९

चिया/कफी खेतीको लागि कृषकहरुलाई आवश्यक सरसल्लाह, प्राविधिक सहयोग प्रदान गर्ने।
फिल्ड निरीक्षण गरी उत्पादन बढाउनका लागि कृषकहरुलाई नयाँ प्रविधिको बारेमा जानकारी दिने।
कृषकहरुबाट उत्पादित चिया/कफी अझ बढी गुणस्तरयुक्त बनाउन आवश्यक सरसल्लाह प्रदान गर्ने।
कृषकहरुबाट उत्पादित चिया/कफीको लागि बजार व्यवस्था मिलाउने।
चिया/कफी खेतीको लागि कृषकहरुलाई ऋण चाहिएमा वोर्डले वित्तीय संस्थाहरुमा ऋणको लागि सिफारिश गरिदिने।
यस उद्योगको विकासको लागि कृषकहरुलाई तालिम तथा अनुसन्धान। अध्ययनको व्यवस्था मिलाउने।
चिया तथा कफी क्षेत्रबारे श्री ५ को सरकारलाई नीतिगत परामर्श उपलब्ध गराउने।
चिया/कफी खेतीको सम्भाव्य अध्ययन गर्ने।

चिया/कफी खेती सम्बन्धी सर्वसाधारण जनतालाई प्राविधिक, प्रशासनिक एवं नीतिगत सरसल्लाह निम्न स्थानमा रहेका कार्यालयहरूबाट आवश्यक सेवा उपलब्ध हुन सक्छः

-राष्ट्रिय चिया तथा कफी विकास वोर्ड, केन्द्रीय कार्यालय, अनामनगर
-क्षेत्रीय चिया विकास कार्यालय, जसवीरे, इलाम
-चिया विस्तार योजना, फिक्कल, इलाम
-चिया विस्तार योजना, फिक्कल, इलाम
-चिया विस्तार योजना, मंगलबारे, इलाम
-चिया विस्तार योजना, लालीखर्क, पाँचथर
-चिया विस्तार योजना, सोल्मा, तेह्रथुम
-चिया विस्तार योजना, हिले, धनकुटा

## राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं, फोन नं. २३२७५६

# क. शिवदास घोषका केही मननीय विचारहरु

## कुनै पार्टी सच्चा कम्युनिष्ट पार्टी हो कि होइन, केका आधारमा छुट्याउने ?

कुनै पार्टी सच्चा कम्युनिष्ट पार्टी हो कि होइन भनी छुट्याउने मापदण्ड के हुनु पर्दछ ? के हामी पार्टीहरूका क्रान्तिकारी शब्दहरू र जोशिला भाषणहरू तर्फ लाग्ने हो ? त्यसो भएमा कुन पार्टी सच्चा मजदूरवर्गको पार्टी हो भनी निश्चित गर्ने कुनै उपाय रहने छैन, किनकि क्रान्तिकारी शब्दालंकार भज्ने कुरामा हामी कोही कसैभन्दा पछाडि छैनौं । लेनिनले हामीलाई सिकाउनु भएको छ- क्रान्तिकारी सिद्धान्तबिना क्रान्ति हुन सक्तैन र क्रान्तिकारी सिद्धान्तबिना कुनै क्रान्तिकारी पार्टी पनि हुन सक्तैन । तर क्रान्तिकारी सिद्धान्त भनेर लेनिनले पार्टीको राजनैतिक कार्यक्रम र नीतिहरूलाई मात्र भन्नु भएको थिएन । वास्तवमा उहाँको अर्थ थियो- जीवनका सबै पक्षहरू र विज्ञान समेत ज्ञानका विभिन्न शाखाहरूको समझदारी र अनुभवहरूलाई द्वन्द्ववादी ढंगले समन्वित गरी पार्टी केन्द्रीय नेतृत्वले विकास गरेको सम्पूर्ण ज्ञान-जगत् (epistemological category) ।

त्यसैले कुनै एउटा पार्टीलाई मूल्याङ्कन गर्दा सबभन्दा पहिले यसको राजनैतिक सिद्धान्त (Political theory) को विश्लेषण र परीक्षण गर्नु पर्दछ । हामीले यो निश्चित गर्नु पर्दछ कि- उक्त पार्टीको राजनैतिक सिद्धान्त पार्टीले दावी गरेझैं साँच्चै क्रान्तिकारी छ कि छैन । अर्को शब्दमा, हामीले होशियारीपूर्वक यो जाँचबुझ गर्नु पर्दछ कि यसको राजनीतिक सिद्धान्तले क्रान्तिको वस्तुगत प्रक्रियाहरूलाई र उक्त ठोस समाजमा रहेका जटीलताहरूलाई प्रतिविम्बित गर्छ कि गर्दैन । दोस्रो, अन्तर्राष्ट्रिय परिस्थितिको बारेमा पार्टीको आफ्नै स्वतन्त्र विश्लेषण र अडान छ कि छैन र छ भने त्यो मार्क्सवादसंगत छ कि छैन ? तेस्रो, यी सबैका साथसाथै हामीले होशियारीपूर्वक यो हेर्नुपर्दछ कि कुनै घटना परिघटनाको विश्लेषण गर्दा, यसको रणनीति तथा कार्यनीतिक योजना तथा कार्यक्रम निश्चित गर्दा तथा संघर्षहरू सञ्चालनको यसको तरीकामा पार्टी कुनै वर्ग पद्धतिगत दृष्टिबिन्दु (Approach) बाट निर्देशित छ ? अन्तमा, हामीले यो हेर्नु पर्दछ कि- आफ्ना क्रियाकलापहरूको सम्पूर्ण क्षेत्रमा, आफ्नो जीवनमा, दिनदिनैका चालचलनमा, आदत र व्यवहारमा पार्टीका नेताहरू तथा पार्टी पंक्तिले कुन वर्ग-संस्कृति र कस्तो नीति-नैतिकता प्रदर्शित गर्दछन् ? .... यस परिप्रेक्ष्यमा अर्को एक महत्वपूर्ण बुँदालाई पनि पन्छाउन सकिँदैन । हामीले आलोचनात्मक ढंगले यो जाँच गर्नु पर्दछ कि कुन प्रक्रियाद्वारा, कुन प्रकारको संघर्षको क्रम भएर पार्टी अस्तित्वमा आएको छ, र, यसको नेतृत्व सम्बन्धी अवधारणा के छ ? पूँजीवादीहरु र निम्न-पूँजीवादीहरूको झैं उही औपचारिक जनवादी (formal democratic) अवधारणा हो कि जनवादी केन्द्रीयता-द्वारा विकसित हुने सामूहिक नेतृत्वको अवधारणा हो, जुन सर्वहारा-जनवाद र केन्द्रीयताको संयोग (fusion) हो ?

## कम्युनिष्ट पार्टीलाई औपचारिक सांगठनिक ढांचा दिनुअघि पूरा गर्नु पर्ने आवश्यक पूर्वाधारहरू

एउटा पार्टीको चरित्रको मूल्याङ्न गर्दा हामीले अर्को ज्यादै आवश्यक बुँदालाई सँधै दिमागमा राख्नुपर्दछ । हामीले यो जाँच गर्नु पर्दछ कि- संघर्षको कुन प्रक्रियाद्वारा पार्टी निर्माण गरिएको छ, अझ प्रष्ट रुपमा भन्ने हो भने- के यसका नेताहरूले पार्टीलाई संगठनात्मक आकार दिनुभन्दा अगाडि कम्युनिष्ट पार्टी निर्माणको निम्ति तीव्र र कष्टकर संघर्ष सञ्चालन गरेका छन् ? ....

कम्युनिष्ट पार्टी निर्माणको निम्ति आवश्यक प्राथमिक शर्तहरू के हुन् त ?

पहिलो, पार्टी निर्माणका निम्ति अगुवाई गरेका व्यक्तिहरूले सबै पक्षहरूमा, आफ्ना व्यक्तिगत जीवनका सूक्ष्मतम विषयहरूमा समेत, द्वन्द्वात्मक भौतिकवादका आधारमा समाजवादी आन्दोलन चलाएर आफ्ना बीचमा विचारधारात्मक केन्द्रीयताको जग हालेको हुनुपर्दछ ।

दोस्रो, यो कुरालाई सँधै दिमागमा राखिनु पर्दछ कि मूर्त सामूहिक नेतृत्वको निर्माणका निम्ति संघर्ष नै, सारमा, कम्युनिष्ट पार्टी निर्माणको निम्ति प्राथमिक संघर्ष हो । विचारधारात्मक केन्द्रीयता, अर्थात् एउटै चिन्तन प्रक्रिया, चिन्तनमा एकरूपता, एउटै दृष्टिबिन्दु (oneness in approach) र उद्देश्यमा अभिन्नताको निर्माणबिना पार्टीभित्र सामूहिक नेतृत्वको मूर्त अवधारणा र व्यक्तिगत अभिव्यक्तिलाई विल्कूलै संभव पार्न सकिँदैन । र, यो शर्त पूरा भएको छैन भने बुझ्नु पर्दछ कि- पार्टीलाई अंतिम सांगठनिक आकार दिने वेला अझै भइसकेको छैन । यसअघि नै पार्टीलाई अन्तिम औपचारिक ढाँचा दिने प्रयत्न गरियो भने, अनिवार्यत: पार्टी जनवादी केन्द्रीयताको सट्टामा यान्त्रिक ढंगले केन्द्रिकृत हुनेछ, र यसको विकासका क्रममा निश्चित रूपले सामूहिक नेतृत्वको सट्टामा औपचारिक र नोकरशाही नेतृत्वलाई जन्म दिनेछ ।

तेस्रो, क्रान्तिकारी मजदूर वर्गको पार्टी निर्माण गर्ने ध्येय लिएका नेता तथा कार्यकर्ताहरूको बीचबाट, अथक र कष्टकर संघर्षद्वारा पेशेवर क्रान्तिकारीहरूको एउटा डफ्फा विकसित गरिनु पर्दछ । र, प्रष्ट हुनु पर्दछ कि मार्क्सवादी शब्द- एउटा "पेशेवर क्रान्तिकारी" भन्नाले ज्याला दिइएका पूर्णकालीन कार्यकर्ता भन्ने अर्थ पटक्कै लाग्दैन ।

## पार्टीले गल्ती गर्दैमा अर्को पार्टी खोल्नु हुन्न, गल्तीको प्रकृति छुट्याउनु पर्दछ

सि. पि. आई (एकीकृत सी.पी.आई.-अनु.) ले असंख्य गल्तीहरू गरेकै मात्र कारणले हामीले एस.यू.सी.आई. बनाएका हौं भन्नु सही हुँदैन । एउटा कम्युनिष्ट पार्टीले कहिल्यै गल्ती गर्दैन भनी सोच्नु पनि गलत हुन्छ । न त हामी यो धारणा राख्छौं कि- कुनै गल्ती भएकै कारणले तत्कालै नयाँ पार्टी गठन गर्नु औचित्यपूर्ण हुन्छ । कुनै पनि सच्चा मार्क्सवादीले यसरी सोच्दैन ।



**एउटा "पेशेवर क्रान्तिकारी" भन्नाले ज्याला दिइएका पूर्णकालीन कार्यकर्ता भन्ने अर्थ पटक्कै लाग्दैन ।**

किनभने केही नगर्नेहरूले मात्र कुनै गल्ती गर्दैनन् । एउटा मार्क्सवादीले के कुरा बुझ्नु पर्दछ भने मजदूर वर्गको मुक्तिको निम्ति ज्यादै जटील, कष्टकर र दीर्घकालीन संघर्ष गर्दा एउटा पार्टीले अवश्य पनि कहिलेकाहीं गल्तीहरु गर्न सक्दछ । साथसाथै, उसले के कुरा पनि बुझ्नु पर्दछ भने एउटा पार्टीले दुई प्रकारका गल्तीहरु गर्न सक्दछ । एक प्रकारको गल्ती सही मार्क्सवादी दृष्टिकोण, विश्लेषण पद्धति र प्रयोग-विधि पक्डन बिल्कूल असफल भएबाट पैदा हुन्छ, जसले गर्दा मार्क्सवादका मौलिक सिद्धान्तहरूलाई, अर्थतन्त्र र राजनीतिको क्षेत्रमा मात्र होइन, जीवनको हरेक क्षेत्रमा सही ढंगले लागू गर्नमा र परिणामत: क्रान्तिको चरण, राजनीति र कार्यनीति निर्धारण गर्नमा नै असफल बनाउँछ । यस किसिमका गल्तीहरू पार्टीको वर्ग चरित्रसंग अभिन्न रूपले गाँसिएको हुन्छ भनी बुझ्नु पर्दछ ।

दोस्रो प्रकारका गल्तीहरू त्यतिखेर हुन्छन्, जब आधारभूत रूपले सही मार्क्सवादी दृष्टिकोण, विश्लेषण पद्धति र प्रयोग-विधि हुँदा हुँदै पनि पर्याप्त ज्ञान, अनुभव र विवेकको अभावका कारणले पार्टी विशिष्ट (ठोस) परिस्थितिको सही ढंगले विश्लेषण गर्न र उपलब्ध परिस्थितिमा मार्क्सवादका मौलिक सिद्धान्तहरूलाई सही ढंगले लागू गर्न असफल हुन्छ । यस प्रकारको गल्तीले तुरून्तै र त्यही मात्रै कारणले पार्टीको वर्ग चरित्र परिवर्तनको संकेत गर्दैन । तर यदि पार्टी लगातार एकपछि अर्को यस्ता गल्तीहरू गर्दै जान्छ र ती गल्तीहरूबाट उपयुक्त शिक्षा लिएर आफूलाई सच्याउन असफल हुन्छ भने त्यसवेला अन्ततः विस्तारै निश्चित रूपले पार्टीको वर्ग चरित्रमा पनि पतन अनिवार्य छ ।

त्यसैले एउटा मार्क्सवादीका निम्ति गल्तीहरूको स्वीकारोक्ति नै पर्याप्त हुँदैन । गल्तीहरू कुन प्रकृतिका हुन् भनी निश्चित गर्नु नै मुख्य सवाल हो । एउटा सच्चा मार्क्सवादी-लेनिनवादी पार्टीको रूपमा विकसित पार्टीले कहिल्यै गल्ती गर्दैन भनी सोच्नु सही नभएजस्तै, मेरो विचारमा, पुरानो पार्टीले असंख्य गल्तीहरू गरेकै कारणले मात्र अर्को कुनै नयाँ पार्टी बनाइहाल्ने नैतिक अधिकार कुनै मार्क्सवादीलाई हुँदैन । त्यसैले के प्रष्ट छ भने- सी.पी.आई.ले विगतमा थुप्रै गल्तीहरू गरेको र अझै अहिले पनि गल्तीहरू गरिरहेको कारणले मात्र हामीले एस.यू.सी.आई. बनाएका होइनौं । कम्युनिष्ट पार्टी भनिएको उक्त सी.पी.आई. पार्टीको गठनका पछाडि रहनु भएका संस्थापकहरू, नेताहरू र कार्यकर्ताहरूको समर्पण, समझदारी र आत्मबलिदानबाट म व्यक्तिगत रूपमा पनि परिचित छु र ती सबैप्रति मेरो गहिरो आदर छ । त्यति नै बेला म यो तथ्यलाई ध्यान नदिई रहन सक्दिनँ कि- कम्युनिष्ट पार्टी निर्माणको सही र वैज्ञानिक प्रक्रिया अवलम्बन गर्न नसक्नाको कारणले यी सबै समर्पण र बलिदानका वावजूद पनि उहाँहरूले पार्टीलाई सर्वहारावर्गको सच्चा मार्क्सवादी -लेनिनवादी क्रान्तिकारी पार्टीको रूपमा विकसित गर्न सक्नु भएन ।(१९६९),

Why SUCI is the only Genuine Communist Party in India (Speech at a meeting, Colt. Works, CC, SUCI, 1992. बाट

जीवनका सबै पक्षसंग सम्बन्धित सबै सवालहरूमा मार्क्सवाद लेनिनवाद तथा द्वन्द्वात्मक भौतिकवादका आधारमा एउटै चिन्तन प्रक्रिया, चिन्तनमा एकरूपता, एउटै दृष्टिविन्दु र उद्देश्यमा अभिन्नता निर्माण गर्ने संघर्षबाट नै विचारधारात्मक केन्द्रीयता पैदा हुन्छ । जब पार्टीले यस्तो संघर्षमार्फत उक्त विचारधारात्मक केन्द्रीयता पैदा गर्न सक्षम हुन्छ तब नै पार्टीभित्र सर्वहारा जनवाद कार्यकारी छ भन्न सकिन्छ । जब यस्तो विचारधारात्मक केन्द्रीयताको आधारमा संगठनात्मक केन्द्रीयता निर्माण गरिन्छ, यसले जनवादी केन्द्रीयताको सिद्धान्तलाई पार्टीभित्र वास्तविक संरचनात्मक आकार (Structural Shape ) प्रदान गर्दछ ।

— 6 —

# औपचारिक जनवाद र यान्त्रिक केन्द्रीयता जनवादी केन्द्रीयता होइन ।

# कमिटी निर्णय नै सामूहिक नेतृत्व होइन

— 9 —

## जनवादी केन्द्रीयता र सामूहिक नेतृत्वबारे

अन्तरपार्टी जनवाद र सामूहिक नेतृत्व पार्टी संगठनको लेनिनवादी सिद्धान्त जनवादी-केन्द्रीयताको अवधारणासंग अभिन्न रूपले गाँसिएको छ । जनवादी केन्द्रीयता सर्वहारा जनवाद र केन्द्रीयताको संयोग (Fusion) हो । यो कुरा संधै ख्याल गरिनु पर्दछ कि सर्वहारा जनवाद भनेको औपचारिक जनवाद होइन, जुन बुर्जुवा सामाजिक व्यवस्थाको प्रतिविम्ब मात्र हो । त्यसैले अत्यन्त उदार प्रावधानहरू सहितको अत्यन्तै औपचारिक प्रजातान्त्रिक संविधानले पनि पार्टीभित्र जनवादी केन्द्रीयता हासिल हुन सक्तैन । यसको सफलता मुख्यत: पार्टी अंगहरूमा संभाषणसहितको छलफल (discussion in dialogue) सुनिश्चित गर्ने पार्टी सदस्यहरूको आवश्यक विचारधारात्मक स्तर (ideological standard) तथा पार्टी सदस्यहरूको सचेत सर्वहारा क्रान्तिकारी भूमिकामा भरपर्दछ ।.......

यदि हामी शरीर विज्ञानमा झैं जनवादी केन्द्रीयतालाई चिर्न सक्दछौं भने यसका २ भागहरू हुनेछन्- विचारधारात्मक केन्द्रीयता र संगठनात्मक केन्द्रीयता । आर्थिक तथा राजनीतिक सवालहरूमा मात्र होइन, त्यसैकारणले लेनिनले सर्वहारा जनवाद र केन्द्रीयताको संयोग-प्रक्रियाद्वारा मात्रै जनवादी केन्द्रीयता स्थापना गर्न सकिन्छ भन्नु भएको हो ।

उत्पादनका साधनहरूमाथिको नीजी तथा व्यक्तिगत स्वामित्व तथा नियन्त्रणको सट्टा मजदूर वर्गको नेतृत्वमा जनताद्वारा उत्पादनका ती साधनहरू माथि सामाजिक स्वामित्व तथा नियन्त्रण स्थापित गर्नु नै समाजवादी क्रान्तिको उद्देश्य भएकाले उत्पादनका साधनहरूमाथि सामाजिक स्वामित्वको प्रतिविम्वको रूपमा मानव इतिहासमा पहिलो पल्ट 'सामूहिक नेतृत्व' को रूपमा मजदूरवर्गको नेतृत्वको अवधारणा विकसित भएको हो ।.......

प्राधिकारवाद (Authoritarianism) पूर्ण रूपले हावी भएको अवस्थामा र पार्टीभित्र विचारहरूको वास्तविक संघर्ष र अन्तक्रियाको अभावमा, "प्रमुख सवालहरूमा पार्टी अंगहरूमा छलफल र निर्णय" सामूहिक नेतृत्वको लागि जतिसुकै जरूरी भएपनि त्यतिले मात्र सामूहिक नेतृत्व स्थापित गर्दैन । बुर्जुवा पार्टीहरूमा पनि "प्रमुख सवालहरूमा पार्टी अंगहरूमा छलफल र निर्णय" हुने गर्दछ । कुनै पनि समझदार मानिसले यसको आधारमा बुर्जुवा पार्टीहरुमा सामूहिक नेतृत्व कार्यकारी हुन्छ भन्ने छैन । त्यही कुरा मजदूर वर्गको त्यस्तो पार्टीका लागि पनि लागू हुन्छ, जहाँ जनवादी केन्द्रीयता औपचारिक जनवादमा आधारित केन्द्रीयताको अभ्यासमा पतन भएको छ । ती वर्गहरूमा हुने "प्रमुख सवालहरूमा छलफल र निर्णय" अधिकतममा एउटा कमिटी-निर्णय मात्रै हुन्छ । सामूहिक नेतृत्व भनेको कमिटी-निर्णय मात्रै होइन । पार्टी सदस्यहरूको सामूहिक ज्ञानको रूपमा रहेको सामाजिक चेतना नै सामूहिक नेतृत्व हो ।

त्यसैले विचारहरूको अन्तर्क्रिया र संघर्षद्वारा प्राप्त सबै पार्टी सदस्यहरूको सामूहिक ज्ञानको रूपमा नै मजदूर वर्गको पार्टीमा सामूहिक नेतृत्व प्रकट हुन्छ । र, एक व्यक्तिमार्फत यो सामूहिक नेतृत्वको सर्वोत्तम व्यक्तिकृत अभिव्यक्तिले सर्वहारा क्रान्तिको वर्तमान युगमा व्यक्तिको नेतृत्वको भूमिकाको विशिष्ट चरित्र निर्माण गर्दछ ।.....

.......नेतृत्वको अर्थ वास्तविक र मूर्त नेतृत्व हो । जसले सामूहिक नेतृत्वलाई वास्तविक र मूर्त नेतृत्वको सट्टा सामान्य अर्थमा लिन्छन्, उनीहरुले पार्टीलाई बहुरंगी भीडको स्तरमा झार्छन् । सामूहिक नेतृत्वले जहिले पनि मूर्त रूपको नेतृत्वलाई बुझाउँछ ।......

........लेनिनले भन्नु भएको छ- सबै पार्टी सदस्यहरूको सामूहिक ज्ञान नै सामूहिक नेतृत्व हो । यसरी सामूहिक नेतृत्व, राजनैतिक तथा आर्थिक सवालहरूमा मात्र होइन जीवनका सबै पक्षसंग सम्बन्धित सवालहरूमा विचारहरू तथा अनुभवहरूको अन्तर्क्रिया तथा संघर्षद्वारा प्राप्त सबै पार्टी सदस्यहरूको सामूहिक ज्ञानको एक व्यक्तिमार्फत मूर्त तथा व्यक्तिकृत अभिव्यक्ति हो ।

Ghosh, Selected works, vol I (1988) vol II (1992) बाट ।

-अनु. **नरेन्द्र** (अलग अलग सन्दर्भबाट उद्धृत । उपशीर्षक अनुवादकको)


**नव वर्ष २०५२ सालको सुखद उपलक्ष्यमा समस्त ग्राहक महानुभावहरूका साथै सम्पूर्ण देशवासीप्रति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**राष्ट्रिय बाणिज्य बैंक**

परिवार

# त्यो पार्टी, जसका नेताहरू अहिले नै कम्युनमा बस्छन्

श्याम श्रेष्ठ

साम्यवाद भविष्यको सबैभन्दा राम्रो व्यवस्था हो- यस्तो प्रचार सबै साम्यवादी पार्टीले हाम्रो यहाँ गर्दै आइरहेका छन् । म जब एउटा साम्यवादी पार्टीमा थिएँ, मैले पनि त्यही काम गरेको थिएँ । तर साम्यवाद यहीं र अहिल्यै जीवनमा लागू गर्न सकिन्छ- यस्तो ढंगले कहिल्यै सोचिएको थिएन । साम्यवाद हाम्रो लागि भविष्यको सुन्दरतम जीवनको परिकल्पना मात्र थियो ।

तर पोहोर र यसपाला भारत भ्रमणको दौरानमा त्यहाँको एउटा साम्यवादी पार्टी SUCI का नेता र कार्यकर्ताहरूलाई नजीकबाट हेर्ने मौका मिल्यो । उनीहरू त साम्यवाद अहिल्यै र यहीं आफ्नै जीवनमा लागू गर्ने अभ्यास गरिहेका रहेछन् ! यो मेरो लागि नितान्त नौलो र अनौठो अनुभव थियो ।

त्यस पार्टीका सबै पार्टी नेताहरू व्यक्तिगत घर परिवारमा होइन, कम्युनमा बस्दा रहेछन्- पार्टी नेताका जहान-परिवार, छोराछोरी सबै एउटै काम गर्दा रहेछन् । जन समुदायलाई जागृत पार्ने क्रान्तिकारी काम । सबै केन्द्रिय नेताहरूले व्यक्तिगत संपत्तिलाई पार्टी निर्माणको शुरूमै अन्त गरिसकेका रहेछन् र त्यसलाई पार्टीको सामूहिक संपत्ति बनाईसकेका रहेछन् । कुनै पनि केन्द्रिय नेताको छुट्टै घर, छुट्टै व्यक्तिगत पारिवारिक जीवन र व्यक्तिगत संपत्ति भन्ने कुरा नै रहेनछ । जहान परिवार जो जो छन्- सबै कम्युनमै छन् । आफ्नो घर भनेकै कम्युनको समूहिक घर रहेछ । र, सबैको एउटै ध्याउन्ना र एउटै पेशा रहेछ- त्यो हो- क्रान्ति ।

उनीहरूले जीवन, संपत्ति र पीरिवारलाई अहिले नै साम्यवादीकरण गरिसकेका रहेछन् ।

मैले पश्चिम बंगालस्थित दुर्गापुरको एउटा कम्युन हेरें । त्यहाँ केही दिन बसेँ पनि । एउटा नौलो क्रान्तिकारी जिन्दगी देखियो त्यहाँ । यसलाई साम्यवादको एउटा प्रारंभिक जीवन्त अभ्यास पनि भन्न सकिन्छ । यो कम्युन केन्द्रीय स्तरका नेताहरूको होइन रहेछ । यो जिल्लास्तरीय कम्युन रहेछ ।

कम्युनको आफ्नै छुट्टै घर छ । दुई जना कमरेडहरु कम्युनको आय स्रोतका लागि जागिर खाँदारहेछन् र आएको संपूर्ण आम्दानी कम्युनलाई दिंदारहेछन् । कम्युनको खर्च त्यसैबाट चल्दो रहेछ । कम्युनमा दुईटा परिवार सिंगै निजी संपत्ति समर्पित गरेर र निजी जीवन त्यागेर समाहित भएका रहेछन् । दुई परिवारका लोग्ने, स्वास्नी, छोराछोरी सबै क्रान्तिकै प्रक्रियामा पूर्णतया समर्पित रहेछन् । छोरोछोरीलाई पढाउने काम पनि कम्युनले नै गरिरहेको रहेछ ।

त्यहाँ स्कूल कलेजमा पढेतापनि छोराछोरीहरू पनि कोही विद्यार्थी संगठनका नेता छन्, कोही कोम्सोमोल (कम्युनिष्ट युवा संगठन) का । कम्युनमा अरू कार्यकर्ताहरू पनि छन्, र जो छन् ती सबै क्रान्तिको काममा पूरै समर्पित मात्र छन् । जागिर खानेहरू समेत पनि कम्युनमा रहेछन्, तर उनीहरू पनि पेशेवर क्रान्तिकारी रहेछन् । कम्युनकै लागि, क्रान्तिकै लागि मात्र जागिर खाएका रहेछन्, आफ्नो व्यक्तिगत आम्दानीका निम्ति होइन ।

"कसरी यो कम्युन संगठित गर्नु भो, तपाईहरूले ?" मैले यो प्रश्न दुर्गापुर कम्युनका नेता कमरेड गोपाल कुण्डूलाई सोधें ।

"खालि व्यक्तिगत संपत्ति एक ठाउँमा जोडिदिंदैमा कम्युन बन्दैन ।"- उहाँको जवाफ थियो ।

"कम्युनको संगठनको लागि पहिलो जरूरत हो- क्रान्ति र पार्टीप्रति पूर्ण रूपमा समर्पण । यस्ता समर्पितहरू एकै गाउँमा बस्न थाल्दैमा पनि कम्युन बनीहाल्दैन । अब हेर्नुहोस् न, मेरा छोरोछोरीलाई म अलि बेसी माया गर्छु, मेरो जहानलाई अलि बेसी सहुलियत दिन खोज्छु, भने- यो कम्युन दुई दिनमै भताभुंग भइहाल्छ । यो चल्दै चल्दैन । त्यसैले, कम्युनको सबैभन्दा ठूलो बाधा व्यक्तिगत संपत्तिको मानसिकता हो । आफ्नो र अर्काको भन्ने मनोभाव हो । हामीले यो पूँजीवादी मनोभाव र मानसिकताविरूद्ध जीवनका मसिना मसिना कुरामा सर्वप्रथम समाजवादी सांस्कृतिक-आन्दोलन चलायौं । त्यसमा विजय हासिल गऱ्यौं । अनि मात्र यो कम्युन संभव भएको हो ।" - क. गोपाल कुण्डूले भन्दै जानु भयो ।

"जीवनको एउटै लक्ष्य, संसारलाई हेर्ने एउटै दृष्टिकोण, समस्या हल गर्ने एउटै पद्धति- सर्वप्रथम हामीले यही कुरा आफूमा विकास गर्न क्रान्तिप्रति समर्पित मानिसहरूले आपसमा विचारधारात्मक संघर्ष छेड्यौं, जनताको संघर्ष छेड्दै गयौं, वर्ग-संघर्षमा भाग लिंदै गयौं । यही प्रक्रियामा आपसमा विचारधारात्मक संघर्ष पनि गहिरो पार्दै गयौं । साथसाथै रहँदै, साझा काम गर्दै, साना- मसीना जीवनका समस्याबारे पनि अन्तर्क्रिया चलाउँदै एउटै धारणा बनाउँदै गयौं ।

यही क्रममा ज़ब हामीलाई महशूस भयो कि- हामी जीवनको लक्ष्य, संसारलाई हेर्ने दृष्टिकोण, समस्या हल गर्ने पद्धतिमा एउटै टुंगोमा पुगेका छौं- हामी परिवारमा भन्दा बढ्ता गँहिरो माया हाम्रो सामूहिकतामा पाउन सक्छौं, हाम्रो जीवन व्यक्तिगत परिवारमा भन्दा यहाँ सुन्दर, सार्थक र उद्देश्यपूर्ण हुन सक्छ- तब हामी कम्युन बनाउन समर्थ भयौं । यो हाम्रो लामो संघर्षको फल हो ।

नसोच्नु होला कि- एक दुई महिना- एक दुई वर्षमै यो कम्युन बन्यो । दुई चार परिवार एकै ठाउँमा बस्न थाल्दैमा कम्युन बन्दैन । यस्तो



दुर्गापुर कम्युनका सदस्यहरू

**क्रान्ति अगावै साम्यवादको अभ्यासमा कृयाशील एस. यू. सी. आई. पार्टीको घाटशीला र दुर्गापुर कम्युनको स्थलगत रिपोर्ट !**

सोच्नु यान्त्रिक चिन्तन प्रक्रिया हुन्छ । कम्युन बन्न कम्युनमा बस्ने मानिसहरुमा पूँजीवादी व्यक्तिवादी संस्कृतिबाट माथि उठेर एउटै साम्यवादी जीवन-संस्कृति विकसित हुनुपर्छ, क्रान्ति र जीवनका विभिन्न पक्षबारे एउटै दृष्टिकोण र पद्धति विकसित हुनुपर्छ , त्यसको लागि कामको दौरानमा लामो वैचारिक संघर्ष गर्नु पर्छ ।" -कम्युनका नेताको अनुभव यस्तो थियो ।

"यहाँ तपाईहरुको कहिलेकाँहीं झगडा हुँदैन ?" मैले एक जना कम्युन सदस्य क. गोरालाई सोधें ।

"कहिलेकाँहीं असमझदारी र मनमुटाव हुन्छ । तर हाम्रो कम्युन नेतासित हामी बसिहाल्छौं र आपसमा आलोचना, स्वआलोचना गर्छौं । त्यसपछि त्यो हल भइहाल्छ ।" क. गोराले भन्नुभयो ।

क. गोरा पश्चिम बंगालकै गाउँमा पार्टीको काम गर्दा, स्थानिय वर्ग संघर्ष चलाउँदा सत्तासीन सी.पी.आई. (एम) का मानिसबाट सारै असुरक्षित भएपछि कम्युनमा आएर बसेका मानिस हुनुहुँदो रहेछन् ।

कम्युनमा हरेक हप्ता सम्पूर्ण कामको बाँडफाँड हुँदो रहेछ । भात पकाउने, बढार्ने, किनमेल गर्नेदेखि लिएर लुगा धुनेसम्म । सबैभन्दा बेसी जिम्मेवारी भएको पार्टी नेतालाई लामो समय खर्च हुने काम (जस्तो- भात पकाउने र लुगा धुने काम) दिइँदो रहेनछ । हरेक हप्ता आपसमा आलोचना-स्वआलोचना हुँदोरहेछ ।

कम्युनको सबैभन्दा प्रभावशाली कुरा त्यहाँको अत्यन्त मायालु हेरचाहपूर्ण वातावरण हो । कम्युनमा पस्ने बित्तिकै प्रत्येकलाई त्यो महसूस भइहाल्छ । कम्युनमा अनुशासन देखिन्छ तर औपचारिकता देखिन्न । सबैले सबैलाई सबै कुरा भन्न सक्ने जनवादी वातावरण कम्युनमा रहेछ । यो मलाई ठूलो कुरा लाग्यो ।

कम्युनमा एक जना सुस्त मनस्थितिको बालक छ- बापा नाम गरेको । उसलाई कम्युन सदस्यहरुले आमाबाबुले सरह नै निकै माया र हेरचाह गरेको देखियो । निकै माया त उसलाई उसकी आमाले पनि गर्दछिन् तर बालक आफ्नी आमा भएको ठाउँ कलकत्ता जान मानिरहेको थिएन । उसका बाबु त पार्टीको काम गर्दागर्दै बितीसकेका रहेछन् । तर आमा बाबु दुबैको अभाव पूर्ति कम्युनले नै गरिरहेको थियो ।

मैले पार्टी कम्युनहरु मध्येको सबैभन्दा विकसित कम्युन- विहारस्थित घाटशीला कम्युन पनि हेरें । त्यहाँ पार्टीका सर्वोच्च नेता महासचिव क. निहार मुखर्जी आफैं रहनु हुँदोरहेछ । त्यहाँ त देशभरिका नेता र कार्यकर्ताहरुलाई वैचारिक, राजनैतिक, साँस्कृतिक लगायत सबै किसिमको तालीम दिने प्रबन्ध समेत रहेछ । स्वास्थ्य उपचारको तालिमदेखि लिएर जुझारु तालिमसम्म । सय दुई सय जना मानिस जम्मा भएपनि उनीहरुलाई ख्वाउने, राख्ने प्रबन्ध त्यहाँ रहेछ ।

यो कम्युन अनुसन्धान केन्द्र समेत रहेछ । पार्टीका नेताहरु आफ्नो जिम्मेवारी सिध्याएर यहीं फर्कदा रहेछन् र महत्वपूर्ण विषयमा अध्ययन अनुसन्धान गर्दारहेछन् । अनुसन्धानका निम्ति सामग्रीहरुको राम्रो जोरजाम रहेछ ।

यो कम्युन कम्पाउण्ड निकै ठूलो रहेछ । दुइटा ठूला भवनहरु रहेछन् यहाँ र एउटा ठूलो भान्छाघर रहेछ । २५/२६ जना स्टाफ रहेछन्, सबै क्रान्तिप्रति पूर्णरुपले समर्पित ।



दुर्गापुर कम्युनको भान्सामा मूल्यांकनका सम्पादक

सबै कुराको समयबद्ध तालिका छ । कम्युनको कम्पाउण्डमा रातभरि गार्ड रहन्छन् । सबै जिम्मेवारीहरु राम्ररी विभाजित छन् ।

यो कम्युनमा पनि उत्तिकै मायालु वातावरण छ । क. निहार मुखर्जी निकै बृद्ध र विरामी हुनुहुन्छ । उहाँको लागि कम्युनले छुट्टै विशेष भान्छा यूनिटको प्रबन्ध गरेको छ ता कि- विरामीको आवश्यकताअनुसारको खाना ख्वाउन सकियोस् । आफ्ना बृद्ध र विरामी नेताको पनि यति राम्रो हेरचाह त्यहाँ भइरहेको देखिन्छ, त्यो हेर्ने जो कोही पनि प्रभावित नभई रहन सक्दैन । कम्युनमा हरेकको हेरचाहको व्यवस्था छ । अझ अतिथिहरुको त विशेष नै ।

साम्यवादी वैचारिक परिवार शुरु गर्न साम्यवादी व्यवस्था पर्खिरहनु पर्दैन । साम्यवादी नेताहरुले यहीं र अहिल्यै त्यो शुरु गर्न सक्छन् । साम्यवादी नेताहरुले साम्यवाद आफ्नै जीवनमा अहिल्यै लागू गर्न सक्छन्, त्यसको लागि सुदूर भविष्यको प्रतीक्षामा बसिराख्नु पर्दैन ।

यही सन्देश घाटाशीला कम्युन र दुर्गापुर कम्युनबाट पाउन सकिन्छ ।

"साम्यवादीहरुले आफ्नै जीवनमा साम्यवाद लागु गर्न सक्दैनन् भने, दुनियाँलाई साम्यवादी बाटो समात्ने काम गर भनेर आव्हान गर्ने के हक रहन्छ ? त्यसैले, साम्यवादी नेताहरुले नै सर्वप्रथम साम्यवादी जीवन बाँच्न थाल्नु पर्छ । त्यसबाट आम जनताले सिक्न सक्छन्, प्रेरणा लिन सक्छन् । अनि मात्र समाजले साम्यवादी ढंगले बाच्ने बाटो लिन सक्छ । यही सोचेर हामीले क. शिवदास घोषको अगुवाईमा पार्टी निर्माणको शुरुदेखि नै यो बाटो लियौं ।" -मसंग घाटशीलामा केन्द्रीय समिति सदस्य क. कृष्ण चक्रवर्तीले बताउनु भयो ।

भारतीय समाजवादी एकता केन्द्र अर्थात् Socialist Unity Centre of India नाम गरेको त्यस पार्टीको गठन अप्रिल २४, १९४८ मा भएको रहेछ । केन्द्रीय नेताहरुले पार्टी निर्माणको शुरुमै, लामो विचारधारात्मक संघर्ष र सह-कार्यपछि, कम्युन जीवन शुरु गरेका रहेछन् । गलत चिन्तन प्रणाली, संस्कृति र संपत्तिको मानसिकताबाट विजय पाउन सक्नेहरुबाट पार्टीको शुरु गठन नै भएको रहेछ । यसका तात्कालीन अगुवा क. शिवदास घोष हुनुहुँदो रहेछ ।

अहिले त संगठनको विकास भएका भारतका सबै १४/१५ वटा राज्यमा राज्यस्तरका नेताहरु समेत कम्युन-जीवन बिताउँदा रहेछन् । कैयन जिल्लामा त जिल्ला स्तरका नेताहरुले समेत कम्युन-जीवन शुरु गरिसकेका रहेछन् । दुर्गापुर कम्युन त्यसैको एउटा उदाहरण रहेछ ।

खालि कुरा साम्यवादी गर्ने, तर हाम्रो चिन्तन प्रणाली र संस्कृति पूँजीवादी वा सामन्तवादी नै हुने हो भने- साम्यवाद त खालि औपचारिकता मात्रै हुनेछ । त्यो हाम्रो जीवन दर्शन हुनेछैन । यो परिप्रेक्ष्यमा भारतको त्यो पार्टीको अनुभव र प्रयोग हाम्रो लागि पनि निकै सान्दर्भिक लाग्यो ।

सर्वप्रथम, पार्टीका केन्द्रीय नेताहरुले नै आफ्नो जीवनमा यहीं र अहिल्यै साम्यवाद प्रयोग गर्ने । उनीहरुले नै सर्वप्रथम साम्यवादी विश्व दृष्टिकोण अंगीकार गर्ने र देशका र जीवनका हरेक समस्यामा लागु गर्ने । उनीहरुले नै व्यक्तिगत सम्पत्ति र सम्पत्तिको मानसिकताबाट सर्वप्रथम मुक्त हुने । उनीहरुले नै सर्वप्रथम साम्यवादी साँस्कृतिक आचरण जीवनमा अभ्यास गर्ने । त्यसपछि यो अभ्यास कार्यकर्ता र जनतामा विस्तार गर्ने ।

-यो अनुभव नेपालको र विश्वकै कम्युनिष्ट आन्दोलनको लागि निकै सान्दर्भिक र उपयोगी हुन सक्ने लाग्यो ।

हामी नेपालमा पनि यस्तो किन गर्न सक्दैनौं ?

साम्यवादी सरकार भनिएको छ, सरकारमा जाने मानिसहरुको व्यवहार पटक्कै साम्यवादी देखिन्न । साम्यवादी पार्टी नेता भनिएको छ, तर दुई दिन अन्तरंग संगत गर्ने बित्तिकै पार्टीको नेताको दृष्टिकोण र आचरण पटक्कै साम्यवादी महशूस हुँदैन ।


-यो नेपालका सबै साम्यवादी पार्टीको साझा समस्या हो ।

यो समस्याको हल के हो ?

मेरो विचारमा, आफ्नै जीवनमा अहिले र यहीं साम्यवाद अभ्यास गर्ने प्रक्रिया नै यो समस्याको सही हल हो । हामीले साम्यवादलाई सुदूर भविष्यको विषय मात्र बनायौं । गल्ती यसैमा भयो र भइरहेछ । यो गल्ती सच्याउनु पर्छ । आम जनताको स्तरमा साम्यवाद भविष्यको विषय हुन सक्छ । तर नेतृत्वको स्तरमा यो भविष्यको विषय मात्र होइन र हुनुहुन्न । साम्यवादलाई साँच्चै नै लोकप्रिय बनाउन चाहने हरेक नेतृत्वले पहिले यहीं र अहिल्यै आफ्नै जीवनबाट देखाउनु पर्छ कि- साम्यवाद किन र कसरी सर्वश्रेष्ठ हो । यसको लागि SUCI को कम्युनको अनुभव एउटा विचारणीय बाटो हो । ❑

# रामको अन्धभक्त हनुमान, हनुमान-चालिसा पढ्ने हामी !

-चन्द्रदेव नेपाली



❑ पाकिस्तान, भारत र नेपालकै पनि मुसलमान धार्मिक व्यक्तिहरु पश्चिम फर्केर हातले पानी चढाउँछन् । यसको कारण हो- उनीहरुको ठूलो तीर्थस्थल- मक्का मदिना- उनीहरु रहेको ठाउँभन्दा पश्चिम दिशास्थित साउदी अरेबियामा पर्छ । यसरी मक्का मदिनाको निम्ति पानी चढाउने यी व्यक्तिहरु जब साउदी अरबभन्दा पश्चिममा रहेका देशहरुमा कुनै कामले केही दिन जान्छन्, त्यहाँ रहँदा पनि उनीहरु मध्ये कतिपयले पश्चिमतिरै फर्केर पानी चढाउँ'छन् रे !

उनीहरुले जसको निम्ति भनेर पानी चढाउने हुन्, त्यो तीर्थस्थल अब पूर्वतिर परिसक्यो । तर पनि उनीहरु पश्चिमतिरै फर्केर पानी चढाउँछन् ।

किन ?

उनीहरुको जवाफ हुने गर्छ- किनभने, यो उनीहरुको पुरानो परम्परा हो !

❑ घरमा पालेको विरालोले श्राद्धको समयमा खाने र दान गर्ने सामानहरू पोखिदिन्छ वा खाइदिन्छ भनेर बाबुले विरालोलाई घरको मूल थाममा बाँधेको घटना देख्ने छोराले पछि आफूले श्राद्ध गर्नुपर्दा पराइको घरबाट विरालो खोजेर ल्याएर छिँडीमा बाँधेर मात्र श्राद्ध गर्ने गर्थ्यो रे !

-यो हाम्रो समाजमा चर्चित एउटा कथा- कहावत हो ।

विरालो किन बाँधिस् ?

-यो प्रश्न त्यस छोरालाई कसैले सोधेको भए उसको जवाफ शायद हुन्थ्यो- "बाले जे गर्नु हुन्थ्यो, मैले पनि त्यसै गरें । यो त हाम्रो घर को परम्परा नै बनीसकेको छ ।"

वास्तवमा, माथिका दुई उदाहरणहरु अन्धतामा आधारित "जडसूत्रवादी" धारणा र व्यवहारका अत्यन्त राम्रा नमूनाहरु हुन्, जुन जडसूत्रवाद हालसम्म पनि हामी नेपालीहरुको एउटा ठूलो विशेषता रहँदै आएको छ । हामी विगतका कुनै सोच वा व्यवहारको सूत्रवद्ध रुपमा अन्ध तरीकाले अनुशरण गर्ने गर्दछौं । हिजो किन र के कारणले त्यो सोच र व्यवहार को निर्माण भयो भन्ने कुरासंग हामीलाई मतलब रहन्न ।

"बाले जे गर्नु हुन्थ्यो, मैले पनि त्यसै गरें ।"- यो हुने गर्छ- हामीले आफूलाई बचाउने तर्क ।

अझै कसैले हामीलाई प्रश्नमाथि प्रश्न गरेर आच्छु आच्छु पार्न थाल्यो भने चाहिँ हामी अन्तिम वाक्य बोलिदिन्छौं- "यो त हाम्रो परम्परा हो !"

यसपछि, अझै एक कदम अगाडि बढेर हामी हठ गर्न थाल्छौं- "यो त हाम्रो मौलिकता हो !"

यही जगमा हाम्रो समाजमा एउटा आम नारा बनेको छ- "हाम्रो परंपराको रक्षा गरौं ।"

"हाम्रो मौलिकताको रक्षा गरौं ।"

यसमा एक पाइला अझ अगाडि बढेर हाम्रो समाजमा राजतन्त्र र तिनका आसेपासेहरूले र धर्मको नाममा "भान्छा रमाइलो" गर्नेहरूले यी नाराहरूमा "गौरबमय" भन्ने शब्द जोडेर एउटै नारा बनाएका छन्, त्यसको मूल आशय छ- "हाम्रा सबै परंपराहरू गौरबमय छन्, तिनको रक्षा गरौं ।"

एउटा वर्गले लुटपूर्ण रूपले समाजका सारा सुविधा र साधनहरू खान- लाउन पाउने हाल चालू चलन- चाँजो जोगाइराख्ने स्वार्थ यो नाराभित्र निहित रहेको कुरा बुझ्न नसकेर हाम्रा असंख्य दाजुभाइ दिदी बहिनीहरू यसको लहैलहैमा लागेको छन् ।

लहैलहैमा लाग्ने, केलाएर नहेर्ने, आलोचनात्मक रूपले छानवीन नगर्ने र जम्मामा, अन्ध रूपले कुनै पनि कुराको समर्थन वा विरोध गरी त्यसको पछिपछि कुद्ने !

वास्तवमा, यो चरित्र नेपाली समाजमा जब्बर रूपमा जरो गाडेर बसेको छ ।

**खासमा, हामीभित्र यी प्रश्नहरू उठ्नु पर्थ्यो, तर उठ्दैनन्-**

❑ *कुनै तीर्थ वा कथित भगवानको नाममा पानी चढाउने नै किन ?*

❑ *चढाउने नै हो भने पनि के यत्ति टाढाबाट पानी चढाएर उति टाढाको तीर्थमा पानी पुग्छ ?*

❑ *चढाउने नै हो भने पनि पश्चिम दिशातिर फर्कने चलनको पछाडिको मूल कारण के हो ?*

❑ *के हरेक ठाउँबाट हाम्रो तीर्थ पश्चिम दिशातिर मात्रै पर्छ र ?*

**खासमा, हामीभित्र यी प्रश्नहरू उठ्नु पर्थ्यो, तर उठ्दैनन्-**

❑ *मरेको मान्छेको पनि अस्तित्व बाँकी रहन्छ र ?*

❑ *के त्यसले श्राद्धको पिण्ड खान्छ र ? त्यसैले, 'बा'ले श्रद्धा गरेको कुरा नै कति ठीक थियो ?*

❑ *त्यसैमा पनि 'बा'ले विरालो बाँध्नुको कारण के थियो ?*

यहाँनेर, के प्रश्न पनि निश्चितै रूपमा उठ्छ भने- के यो अन्धता मात्रै हाम्रो चरित्र हो र ? हाम्रो देशको प्रजातान्त्रिक-प्रगतिशील आन्दोलन आज जुन ठाउँमा आईपुगेको छ, त्यो ठाउँमा यो आइपुग्नुका पछाडि जुन आलोचनात्मक चेत्को हात छ, के त्यसलाई हामीले नकार्न मिल्छ ?

वास्तवमा यहाँ यसलाई नकार्न खोजिएको विल्कूलै हैन ।

हो, अन्धताबाट जति हामी मुक्त हुन सक्यौं, जडसूत्रहरूको अन्ध पिछलग्गू हुनबाट जति हामी मुक्त हुन सक्यौं, त्यति नै हामी समाजमा अघि बढेका छौं नै । यो साँचो कुरा हो । तर यसको जुन अत्यन्त धीमा गति छ, त्यसले देखाइरहेछ- अझैं हाम्रो मूल चरित्र उही छ, अत्यन्त थोरै मात्र हामी त्यसबाट मुक्त हुन सकेका छौं ।

जति हामी त्यसबाट मुक्त हुन सक्ने छौं, त्यति हाम्रो समाजको स्तर छिटो छिटो बढ्नेछ ।

❑ *के हाम्रो परंपरा वा मौलिकता भन्दैमा ती सबै कुराहरू असल र पछि लाग्नयोग्य हुन्छन् ?*

❑ *के कहीं, कतै, कसैले, भनेको वा लेखेको वा मानेको वा गर्दै, भन्दै आएको भएपछि सबै कुरालाई आँखा चिम्लेर पछ्याउनु उचित हो ?*

**कुराहरूबारे सही धारणा बन्न नसकेकोले हाम्रो समाजमा अहिले "छानवीन गरी राम्रो-नराम्रो छुट्याएर राम्रो जति अँगाल्ने र नराम्रो जति फाल्ने" प्रवृत्ति स्थापित हुन सकिरहेको छैन ।**

> ‘ नेपालमा वास्तवमा ठूला जडसूत्रवादीहरू को हुन् ? ’

यी धारणा बनाउने हाम्रो आधार "सचेत विवेक" हैन, "अन्ध भक्ति" वा "अन्ध घृणा" भैरहेको छ । शुरूमै हामी आँखा चिम्लेर कुनै कुराप्रति आफूभित्र भक्ति भाव पैदा गर्दछौं, तव त्यसमा खराव चीज पनि छन् कि भनी केलाउने जरूरत नै हामीलाई महशूस हुन्न वा खराव चीज भए त्यसलाई चाहिं छुट्टयाएर पन्छाउने आग्रह नै हाम्रो मनभित्र पैदा हुन्न । त्यसैगरी हामी कति कुरालाई अन्ध रूपमा घृणा गर्छौं र त्यसमा राम्रा कुरा पनि छन् कि भनी खोज्ने जरूरत नै हामी महशूस गर्दैनौं ।

रामायणको कथामा हनुमानभित्र देखिने रामचन्द्रप्रतिको सम्मानभाव र रावणप्रतिको घृणाभाव यही अन्धतामा आधारित देखिन्छ । रामचन्द्रप्रति हनुमानभित्र जुन भक्तिभाव थियो, त्यसले रामचन्द्रको सीता-परित्याग जस्तो अन्यायी कदमप्रति पनि उनलाई 'आलोचनात्मक' रूपले हेर्न प्रेरित गरेन वा उनीभित्र जुन घृणाभाव शुरूमै रावणप्रति थियो, त्यसको अन्धताले गर्दा उनले निर्दोष लंकावासीको घर घर जलाइदिने अनुचित काम पनि गरे ।

यस प्रकारको हनुमान-संस्कृति हामीमा पनि व्याप्त छ ।

अझ यति मात्र हैन, हाम्रो समाजले त हनुमानको स्तुतिमा हनुमान-चालिसा दैनिक रूपले पाठ गर्ने गर्छ । यसको अर्थ हो- हामी हनुमान- संस्कृतिको मात्र हैन, हनुमान चालिसा-संस्कृतिको स्तरमा छौं ।

अन्धता आलोचित हुँदैन हामीबाट, यसको उल्टो, यो त प्रशंसित र पूज्य पो हुन्छ । -यस्तो विडंवनाको स्थितिमा हामी बाँचिरहेछौं ।

कसैले हिजो जानेर वा नजानेर कसैको प्रसंशा वा विरोध गरिदियो, हामीले त्यसैलाई आँखा चिम्लेर पछ्याइ-रह्यौं ।

शहर बजारमा हाल पढेलेखेका भनिएका युवायुवतीहरुले विकृत पश्चिमा संस्कृतिको ठाडो नक्कल गर्नुको पछाडि पनि यही अन्ध-पूजा प्रवृत्तिले काम गरेको छ ।

हामीबाट यस्तो हुनु भनेको, हाम्रो धारणा बनाउने र ग्रहण गर्ने पद्धतिमा रहेको त्रुटीको सवाल हो ।

पद्धतिमा त्रुटी रहेपछि एक हैन, अनेक त्रुटी हुन्छन् ।

हाम्रो पद्धति यान्त्रिक छ । एउटा सन्दर्भमा ठीक लागेको कुरालाई हामी हरेक सन्दर्भमा यस्तै त होला भनेर यान्त्रिक रूपमा लागू गर्न खोज्छौं । वास्तविकता चाहिं यस्तो हुँदैन । सत्य जहिले पनि मूर्त हुन्छ । एउटा सन्दर्भमा सत्य र ठीक भएको कुरा त्यो सन्दर्भ फेरिएपछि त्यही कुरा सत्य र ठीक रहँदैन । हामी चाहिं एक पटक ठीक ठहरिएको कुरा सन्दर्भ फेरिएर कता पुगिसकेपछि पनि अझै ठीक ठानेर बेसन्दर्भ आँखा चिम्लेर लागू गर्न खोज्छौं । यान्त्रिक चिन्तन पद्धति भनेकै यही हो । गल्ती यहींनेर भइरहेछ

सन्दर्भलाई ख्याल नगरी 'ठीक वा बेठीक' को मापदण्डको अन्धतामा आधारित फर्मुला-हरूलाई पक्डेर हिंड्न हामीलाई प्रेरित गर्ने यो जडसूत्रवादको जरो खोज्दै जाने हो भने हामी फेरि पनि यहाँको धर्ममा आधारित रूढीवाद वा कट्टरतावाद वा कठमुल्लावादसम्म पुग्दछौं । जनताको अल्पचेतनाको फाइदा उठाई धर्मको नाममा ठगी गर्नेहरूले विभिन्न काल्पनिक दण्ड विधानको वा 'नर्क' को हौवा खडा गरेर वा विभिन्न काल्पनिक सुख सयल वा 'स्वर्ग' को लालच देखाएर काल्पनिक कथा, दन्त्यकथाका आधारमा जनतालाई आफ्नो अन्धसमर्थक बनाउन थाले । यसलाई सामन्ती शासकहरूले निकै जोडदार रूपले आफ्नो पक्षमा प्रयोग गरे ।

राणा शासनको समयमा राणाहरूको 'चाकडी' गर्नुलाई ठूलो 'बहादुरी' मान्ने चलन थियो ।

यसरी घृणा गर्नु पर्ने 'चाकडीप्रथा' लाई आम जनताले समेत किन प्रशंसा गर्‍यो त ?

किनभने, जनतामा आलोचनात्मक सचेतनताको आधारमा हैन, अन्धताको आरधारमा धारणा बनाउने पद्धति विद्यमान थियो । सूत्रहरूमा समाधान खोज्यो जनता, सूत्रहरू तयार थिए- धार्मिक पण्डाहरू वा सामन्तहरूका पक्षमा लेखिएका वा बनेका ।

बस् ! अनि के चाहियो ?- पुराना सडेगलेका चलनचल्तीहरु माथि प्रश्न चिन्ह उठ्ने कुरै भएन । हुँदाहुँदा त यति सम्म पनि भयो कि, जो सवभन्दा बढी रूढीवादी परंपरावादी छ, उसैको मान-भाऊ बढ्ने स्थिति पनि पैदा भयो । जो समाजमा सवभन्दा ज्यादा कामचोर छ, गफाडी छ र नशासेवी छ- उही पूज्य हुन थाल्यो- "साधु, सन्त, महन्त"का नाममा वा राजखलक वा रजौटा खलाकका नाममा ।

**राणा शासनको समयमा राणाहरूको 'चाकडी' गर्नुलाई ठूलो 'बहादुरी' मान्ने चलन थियो ।**

यो अन्धानुकरणको प्रणाली वास्तवमा हाम्रो नशानशामा फैलिएको छ । यहाँसम्म कि- आजका अत्याधुनिक भनिने कतिपय व्यक्तिहरू पनि पुराना प्रतिगामी वा चालु यथास्तितिवादी कुरीतिहरूलाई ज्यूँ का त्यूँ अप्नाई-रहेछन् ।

❑ काठमाडौंमा कम्प्युटर साइन्समा डिग्री गरेर विदेशबाट फर्केको कोही एस्. शर्मा नामक व्यक्तिले नयाँ मोडेलको कम्प्युटरलाई पूजा गरेर कुखुरा काटेर ढोग्छ !

किनभने, एस्. शर्माले विज्ञानको अत्याधुनिक ज्ञान चाहिं हासिल गर्‍यो, तर धारणा बनाउने बैज्ञानिक पद्धति चाहिं हासिलगरेन । कम्प्युटरका पूर्जाहरू र कुखुराको रगतका बीच कुनै गोरू बेचेको साइनो पनि छैन । तर एस्. शर्मा यसरी सचेत भएर सोच्ने गर्दैन । ऊ त पुरानो सूत्र हेर्छ- त्यहाँ भनिएको छ- औजारको पूजा गरेमा कोही विश्वकर्मा "भगवान" खुशी हुन्छन् र औजारको रक्षा हुन्छ ।

त्यो सूत्र कसले कसरी बनायो होला र त्यो यथार्थसंग जोडिएको छ छैन, अत्याधुनिक एस्. शर्मा हेर्ने जरूरी नै ठान्दैन ।

यही प्रवृत्ति राजनैतिक पार्टीहरूमा पनि जस्ताको तस्तै घुसेको छ । कहीं कुनै ठूला नेता वा दार्शनिकले कुनै सन्दर्भमा भनेको वा उल्लेख गरेको कुरा हाम्रो स्थान र समयको सन्दर्भमा फिट हुन्छ कि हुन्न भन्ने कुरा नै नहेरीकन खुरूखुरू सूत्रहरूको रूपमा लागू गर्न खोज्ने नेता कार्यकर्ताहरू पनि यहाँ थुप्रै छन् । कुनै पनि कुरालाई आलोचनात्मक सचेतनताको आधारमा केलाउने कष्ट नै नगरी शुरूमै अन्ध भक्तिको स्तरमा वा 'अन्ध घृणा' को स्तरमा आफूलाई झारेर धारणा बनाउने र लागु गर्न खोज्ने यान्त्रिक चिन्तन प्रणाली खास गरी क. माओका शिक्षाको पक्ष लिने व्यक्ति र पार्टीहरूमा मात्र छ भनी तिनलाई ठूलो ठूलो स्वरमा 'जडसूत्रवादी' भएको घोषणा गर्ने प्रचलन यहाँ विद्यमान छ ।

तर वास्तवमा यो "जडसूत्रवाद" शब्द क. माओ वा स्टालिन वा लेनिनको नाममा मात्र जोड्नु गलत हो । हो, माओ वा स्टालिन, लेनिनकै पनि कसैले अन्ध र यान्त्रिक नक्कल गर्छ भने एवं उहाँहरूले कुनै ठोस समय, स्थान र सन्दर्भलाई लिएर निकालेको निचोड हाम्रो समय, स्थान र सन्दर्भमा जाँच परखविना नै लागू गर्न खोज्छ भने, त्यो जडसूत्रवादी हो ।

तर ख्रुश्चेभ, तेङ्ग सियाओपिंग वा गोर्वाचेभ- येल्तसीनका अन्ध अनुयायीहरू पनि जडसूत्रवादी नै हुन् । हिजो सोभियत संघ अस्तित्वमा हुँदा त्यसको चाकडी गरी, त्यसबाट व्यक्तिगत फाइदा उठाई, त्यसका सबै संशोधनवादी, विसर्जनवादी धारणा र विचारहरूलाई नेपालमा आँखा चिम्लेर लागू गर्नु पर्छ भन्नेहरू वास्तवमा नेपालका निकै ठूला र खतरनाक जडसूत्रवादीहरू हुन् ।

यसरी आम समाजदेखि हाम्रा पार्टीहरूसम्म ठूलो प्रभाव छोड्न सफल यो 'जडसूत्रवाद' को समाधान के ? पद्धतिमै, व्यवहारमै यसको विकल्प के ?

यो आज अत्यन्त गंभीर रूपले सोच्नु पर्ने विषय भएको छ ।

मुख्य कुरा, हामी जडसूत्रवादबाट मुक्त हुनुपर्छ । आँखा चिम्लेर हरेक प्रशिद्ध र महान मान्छे वा पुस्तकका कुरा मान्ने वा लागू गर्ने प्रवृत्तिबाट हामी मुक्त हुनुपर्छ । कुनै पनि मान्छे वा पुस्तक जतिसुकै प्रशिद्ध होस्, कुनै पनि चलन र परंपरा जतिसुकै पुरानो होस्, त्यसलाई विना सोचविचार उत्तिकै स्वीकार गर्नु हुन्न । हरेक कुरा स्वीकार्नु अघि हाम्रो आलोचनात्मक विवेक लगाउनु पर्छ, निधार खुम्च्याउनु पर्छ, त्यो अहिलेको सन्दर्भमा मिल्छ कि मिल्दैन भनेर । मिल्ने कुरा मात्र स्वीकार गर्नु पर्छ, लागू गर्न खोज्नु पर्छ । नमिल्ने कुरा अस्वीकार गर्ने आँट गर्नु पर्छ । जडसूत्रवादबाट मुक्त हुने हो भने, जरूरी छ- दुईवटा कुराको- एउटा, आलोचनात्मकताको अर्थात् हरेक कुरामा आफ्नो बुद्धि विवेक लगाउने प्रवृत्तिको । अर्को, ठूलै मान्छेको र पुरानै कुरा पनि सन्दर्भ बदलिएको छ भने अस्वीकार गर्ने साहसको ।

यसै प्रसंगमा गौतम बुद्धको एउटा भनाइ यहाँ उल्लेखनीय छ । उहाँले एक ठाउँमा भन्नु भएको छ- "मैले भनेका कुराहरु तिमीलाई उचित लागेमा मात्र त्यसलाई अप्नाऊ । मैले भनेका कुराहरु तिमीलाई उचित नलागेमा त्यसलाई मैले भनेको भनेर अप्नाउनु पर्दैन ।" ❑

**हामी हनुमान संस्कृतिको मात्र हैन, हनुमान चालिसा संस्कृतिको स्तरमा छौं ।**

# साँझ, उदास घरको पिंढीमा

**पारिजात**

कुनै समय घरघरमा गरीबीले नांगो नाच गर्ने गर्थ्यो । त्यसो त आज पनि यहाँ गरीबी नाच्छ तर अलिकति लाज ढाकेर नाच्छ तर त्यो लाज निर्लज्ज भएर कतै न कतैबाट पोखिइ नै रहेको छ । कहिले बलेंसीमा फष्टाएर फुलेको लाहुरे फूलबाट, कहिले घरमूलीले कुनै संदिग्ध मान्छेसंग गरिरहेको खासखुसबाट र कहिले छिंडीको कोठाबाट घरिघरि आइरहने बूढी बज्यैको कर्कश गालीबाट पनि । रामचन्द्रे..... जेठो छोरो रामचन्द्रे भर्खर बाह्र वर्ष त पुग्दैछ, आफ्नो पाठशालाबाट विरक्त भइसकेको छ। ऊ किन विरक्तियो त्यो कुरा घरमूलीलाई थाहा छैन । ऊ यति सोच्न मात्र सक्छ, छोरो राम्रो पढिरहेको छैन । ठीक साढे नौ बजे रामचन्द्रे पुस्तक बोक्ने झोलामा एक बुङ तास र बाबुको खल्तीबाट चोरेको चुरोट र पैसा राखेर एकदमै लुसुक्क, भनौं विरालोको चालमा घरबाट निस्क्यो । औसत घटना हो यो, आजभोलि जहाँ पनि यस्ता केटाहरू घरबाट यसरी निस्कन्छन् ।

छिंडीको कोठाबाट आवाज आउँछ, 'ए रामचन्द्रे ? बाह्रमासे डाँका, चोर, अक्षेर पढ्न जान्छु भन्यो कता खेलेर मर्छ, तेरा....डाम्नु ।'

चार बीस र चार हिउँद खाएकी बूढी बज्यै बस्छे यो छिंडीभित्र, कहिलेकाहीं मात्र भित्र बाहिर गर्ने । कुन्नी कुन तत्वले बनेका छन् उसका इन्द्रियहरू, आजसम्म त हावाले पनि उसलाई छलेर भाग्ने साहस गर्न सकेको छैन । ऊ प्रत्येक घर सदस्यको पदचाप र गंध थाहा पाउँछे र गाली गर्छे । कारण, ऊ एका समयको मान्छे हो, आजको दुनियाँदारीलाई त गाली सिवाय उसको अरू भन्नु केही छैन । गालीबाटै उसलाई आँक्ने हो भने शायद ऊ औसत मान्छे ठहरिन्न तर उसको बुढौती र एकाकीपन त औसत हो कि ! उसको मान्छे हुनु जो थन्को लागेको छ, समयान्तरको धारबाट काटिएर, त्यो त औसत हो कि ? आजभोलि ऊ भन्ने गर्दिन आफ्ना दंत्यकथा जस्ता कुराहरू, नत्र ऊ कहिल्यै भनेर अघाउने खालकी थिइन । "मैले मेरा वस्तुहरूलाई लहराको घाँस काटेर अघाउने पार्थें, मै हुँ दिनको आठ पाथीसम्म दूध तताउने मान्छे ।" नब्बे सालको भूईंचालोमा उसलाई उनै परमेश्वरले बचाएको कुरा अब ऊ बिर्सेर पनि गर्दिन ।



कथा

अब घरबाट निस्केर जाने घरमूलीको पालो अर्थात् रामचन्द्रेको बाबुको पालो । उसको हिंडाइ विशिष्ट छ र ऊ छिंडीभित्रको इन्द्रियलाई छलेर भाग्दैन पनि । ऊ रामचन्द्रेको बाबु मात्र हो, बूढी बज्यैको छोरो होइन, त्यसैले ढल्ने आवश्यकता पनि शायद छैन ।

'हिंडे नामर्द, लोग्ने मान्छे भएर एउटा दाम्लो बाट्न नसक्ने, बंचरा चलाउन नसक्ने, खानको काल' ।

गालीले घरमूलीलाई छुँदैन, कारण उसलाई राम्रो थाहा छ- यहाँ कसैलाई पनि गाली र बदनामी जस्ता कुराले छुँदैनन् । ऊ काम पनि नभएको, फुर्सद पनि नभएको मान्छेभित्र पर्न आउँछ । शारीरिक काम गर्नलाई बल छैन र मानसिक काम गर्नलाई स्वस्थानी पढ्न सक्ने सर्टिफिकेट मात्र हो । टोलको धेरैलाई थाहा छैन, ऊ के गर्छ । जसलाई थाहा छ, ऊ मौन बस्छ, जसरी यस्ताहरू मौन बस्ने गर्छन् ।

कहिलेकाहीं उसलाई एउटा यस्तै संदिग्ध जस्तो देखिने मान्छेसंग खासखुस गरेको देखिन्छ । कसले वास्ता गरोस् यस्ता औसत कुराहरू । यस्तो खासखुसको परिणाम पर्खन धेरै दिन लाग्दैन, भोलि अथवा पर्सिपल्टै त्यो देखिन्छ । त्यतिखेर ऊसंग केही पैसा हुन्छ र त्यो साँझ ऊ बेस्कन मातेर आउँछ, घरमा तमाशा देखाउँछ, सबैसंग निहुँ खोज्छ, अन्तमा स्वास्नीलाई भकुर्छ र निदाउँछ ।

विहान रक्सीको धडधडीमा ऊ स्वास्नीलाई असामयिक माया गर्छ र बचेको पैसाबाट केही दिन्छ ।

उसकी स्वास्नी रामचन्द्रेकी मात्र आमा होइन, एउटा सानो लक्ष्मणकी र बलेंसी फष्टाएर फुलेको लाहुरे फूल जस्तै किशोरी छोरी कमलीकी पनि आमा हो र छिंडीकी बूढी आमैको बाँकी रहेको एक मात्र सन्तान ।

चार ठाउँ भाँडा माझेर केही आर्जन गर्ने कमलीकी आमालाई आजभोलि उसको लोग्ने लोग्ने जस्तो लाग्दैन । उनीहरू बीचको लोग्ने स्वास्नीको सहज सम्बन्ध कहाँ गएर असजिलो भयो अथवा टुक्रिनैसक्यो त्यो ऊ थाहा पाउँदिन । जब जब उसको लोग्नेले यसरी असामयिक माया गरेर उसलाई पैसा दिन्छ, ऊ त्यस पैसालाई सपाट अनुहार लिएर मात्र पैसाको नाउँमा थापिदिन्छे । त्यतिखेर उसलाई लाग्छ, उसलाई उसको लोग्नेले होइन अर्कै अचिनारू कुनै लम्फूले फकाएर स्वास्नी तुल्याएको छ र पैसा दिएको छ । यति त ऊ सहजै बुझ्छे, पक्कै फाल्तु लोग्नेमान्छेले उसको विवाशता किन्ने गर्छ । र ऊ आफ्नै घरभित्र बेश्या भइसकेकी छ, शरीर बेचेर पैसा थाप्न विवश...... ।

कमलीकी आमालाई लोग्ने लोग्ने जस्तो नलागेको जस्तै कमलीलाई पनि घर घर जस्तो लाग्दैन । घर बाहिरै साथी-संगातीहरूसंग ऊ रमाउँछे, उमेर पनि त्यस्तै हो, आफ्नै काउकुतिसंग लजाउनु पर्ने । आफ्नै अभावमा हुर्केकी कमलीलाई घरले चाहे अन्याय गरेको होस्, प्रकृतिले गरेन । प्रकृतिले उसलाई पनि हवेलीका छोरीबेटीहरूलाई जस्तै



पारिजात स्मृति दिवसको सन्दर्भमा

कुनै पक्षपात नगरी रंगरोगनले सजाइदियो । अहिले ऊ बलेसीमा फक्रँदै गरेको र अझ फक्रन बाँकी रहेको कलेजी रंगको लाहुरे फूल जस्तै कताकता अलिकति फक्रन बाँकी रहेकी छ । बिना मल-गोड ऊ साँच्चै थाहै नपाई फुलिसकिछ ।

घरको गरीबी मात्र उसले बिर्सनै नसक्ने गरी थाहा पाएको विषय हो, विगतका उसका गरीबी र अभावहरू आजभोलि उसको निम्ति पीडादायक संस्मरण भएका छन् । त्यसैले गरीबी उसको निम्ति प्रतिद्वन्द्वी हो । कहिलेकाहीं ऊ मुस्कुराउँछे र कहिले दाह्रा पनि किट्छे ।

टोलका एक थरि अविवाहित र विवाहित युवक तथा पुरूषहरूले पनि उसको सर्लक्क हुर्केको शरीरलाई आँखाले पोल्न बिराएको छैन, यो कुरा कमली बुझ्छे । एकान्तमा, कुइनेटोमा कतै भेटे हवेलीका छोराहरू र कहिले बूढाहरू पनि उसलाई जिस्क्याउन र ईशारा गर्न चुकेका छैनन्, यस अर्थमा कमली सोच्छे- ऊ हवेलीका रंगीन माछाजस्ता छोरीहरूभन्दा एक इंच पनि असमान छैन ।

साँझ ऊ अल्लारिएर घुम्न निस्कन्छे । उसको पदचाप सुनेपछि छिंडीबाट एउटा कर्कश स्वर निस्कन्छ- 'ए कमली नकच्चरी, बेश्या, यति खेर कहाँ निस्केकी, नाठा खेलाउन थालेकी छ यसले ।'

अरूको जस्तै कमलीको कानबाट पनि यी गालीहरू चिप्लेर जान्छन् । एकपल्ट आफ्नो विगतलाई फर्केर हेर्छे र मन मनमा दोहोऱ्याउँछे- झरीला संझना । 'ए कमली ! तँ त छोरी मान्छे नखाए पनि हुन्छ । यी हेर आज भात पुगेन, भाइहरूले मात्र खाउन् ।' त्यसपछि आमाले डाडू हल्लाएर देखाइदिन्थी खन्द्रङ् खन्द्रङ कँसौडीमा । ऊ खाने कुरा कल्पना गर्दै थाङ्नो ओछ्याउनामा निदाउने प्रयास गर्थी । गरीबी कस्तो नाचेको छ उसको शरीर र मनलाई एक साथ कुल्ची मिल्ची गर्दै । कुनै समय झण्डै लाज पनि ढाक्न नपाएकी उसले ।

आज पहिलो दिन हो, कमली गार्मेन्ट कारखानामा काम गर्न गएकी । टोलको एक जना भद्रभलाद्मीले उसलाई काममा लाइदिएको छ । लाहुरे फूललाई हेर्दै थकित कमलीकी आमा सोच्दैछे । एकाएक लाहुरे फूलका कलेजी तरेलीहरूमा ऊ कमलीको बाटुलो अनुहार देख्दै जान्छे, ए कमली त सिंगै लाहुरे फूल भएर फुलिछ । यस्तो उमेरमा बिहे गरिदिन पाए हुने ! सोच्दासोच्दै उसको सपना मोडिन्छ । लाहुरे फूलमा फुलेको कमलीको बाटुलो अनुहारलाई ऊ क्रमशः चाँदीको चम्किलो ढ्याक देख्न थाल्छे । पैसा....पैसा ऊ आश्वस्त हुन्छे मेरी आम्मै ! कम होइन तीन सय पचास ! दुई ठाउँ भाँडा माझ्न छोड्छु कति सहने यी गानुगोला । कहिलेकाहीं त रामचन्द्रेले पनि यसो दुई चार रूपियाँ ल्याएर दिन्छ, कहाँबाट ल्याउँदो हो ? त्यसपछि ऊ कारण खोज्न साहस गर्दिन, आक्रान्त हुन्छ उसको सोचाइ । कुनै समय ऊ भात पकाएर माढ काढ्थी र माढ आफू पिएर भात परिवारलाई परिपञ्च लाएर बाँड्थी र भात खाइसकेपछि केटाकेटीहरू घाँटी तन्काएर भातमा हेर्थे र गाऱ्हो मानी मानी उठ्थे । उसका आँखाहरू भिज्छन्, त्यो लाहुरे फूलको तरेलीमा पनि त अपरान्ह परेको पानी सुकिसकेको छैन । टोलमा चार जनालाई थाहा भएकै कुरो हो, काम गरेको एक महीना भएको छैन कमलीको स्तर बढिसक्यो । यस्तै छन् टोलका मान्छेहरू निन्दा खोइरोभन्दा माथिल्ला तहका कुराहरू कोही सुन्न गर्न मान्दैनन् । तलब थापेकै छैन, एक जोर सलवार कुर्ता र एक जोर साडी हालिसकी, किनेर पनि निकै खाएको देखिन्छ, भिडिओ त्यतिकै हेर्छे आदि आदि... । थुप्रै जीरा मसला थपेर । हवेलीका छोरीहरूले यस्ता जोडा वर्षमा सयौं पल्ट फेर्छन्, हजारौं पल्ट भिडिओ हेर्छन्, त्यो हिसाब कसैले गर्दैन । हवेलीकाहरू झन् जादुमय तरीकाले पैसा खर्च गर्छन्, मानौं पैसा खस्छ उनीहरूको दलिनबाट, तर टोलको तारो त कमली नै छ ।

यस्तो उमेरमा बिहे गरिदिन पाए हुने ! सोच्दासोच्दै उसको सपना मोडिन्छ । लाहुरे फूलमा फुलेको कमलीको बाटुलो अनुहारलाई ऊ क्रमशः चाँदीको चम्किलो ढ्याक देख्न थाल्छे।

एक दिन कमलीकी आमा साहस गरेर सोध्छे, 'के चाल हो कमली, फलानु फलानु त बेसकन कुरा काटेर हिंडेका छन् ।' फलानु फलानुसंग अब कमलीलाई कुनै लिनु दिनु छैन, ऊ बुझ्छे यस्ता लेनदेन गरीबका छोरीहरूसंग मात्र हुन्छ । त्यसपछि व्यागबाट बीस रूपयाँको नोट निकालेर आमाको हातमा थमाइदिन्छे रं भन्छे, 'ल भरे मासु पकाउनू' ।

कमलीकी आमाले यसरी परिवारका सदस्यहरूसंग सम्झौता गर्दै आएको केही समय भयो तर छिंडीभित्रकी बूढी बज्यै यस सम्झौताको निम्ति तयार छैन । ऊ त कराउँदैछे 'रण्डी गरेर ल्याएकी होली, मैले त पहिलेदेखि भनेकै हुँ, एकदिन भुंडी बोक्छे अनि देख्लाऊ ।'

हवेलीका थुप्रै छोराहरूलाई छोडीकन पुलिसले रामचन्द्रे र उसका दौंतरीहरूलाई लात लगाउँदै लग्यो । हवेलीका सुरक्षित आमा बाबुहरू निर्धक्कसंग निदाए । रामचन्द्रेको भाग मासु कचौरामा छोपेर आमा चाहिं प्रतिक्षामा बसी, आमाको जात हो आखिर ।

आज कस्तो कस्तो भएको छ कमलीकी आमालाई, उसले अर्थ्याउन सकेकी छैन । जीवनको यस्तो वेग कहाँ गएर टुंगो लाग्छ उसले बुझोस् पनि कसरी ? ऊ बस्, यति बुझ्छे- आज उसको घरमा बस्ने लोग्नेमान्छे मातेर आउनेछ, र भोलि बिहान फेरि एकपल्ट उसले बेचिइन पर्नेछ साविक बमोजिम । ....तर तर कमली घर नआएकी आज तीन दिन भइसके । ऊ कमलीका साथी-संगातीहरूकहाँ पुगी, कारखाना पुगी र जवाफ पाई- कमली मालिकसंग बाहिर गएकी छे ।

कति उदास, कति विरानु आजको साँझ, यस्तो साँझ कसरी पचाइन्छ हँ ? हेर हेर बचेरा बोलाउने माऊ काग कराएको ! सोच्दै कमलीकी आमा बलेसीतिर हेर्छे । ए, लाहुरे फूल त कसले चटक्कै चुँडेर लगेछ बोटै पनि लछार्दै । कुन पापीले होला ! आज मात्रै छोरा छोरीको नाममा देवता देवी आफू भनी पूजा गर्नलाई टिप्न खोजेकी थिई त्यो फूल ....... विचरी कमलीकी आमा झसँग भएकी छ ।

अब साँझ खस्दैछ, त्यही अविभाजित् साँझ राजधानीका दरवार, महल, अट्टालिका र हवेलीहरू छुँदै कमलीको आमाको छाप्रोमा पनि ।

भित्रबाट बूढी बज्यै कराउँछे, 'कहाँ मरी रामचन्द्रेकी आमा, टुकी बाली दे न ए फूंडी.....'

❑

*साभारः केही प्रगतिशील प्रतिभाहरु, २०४५*

# कवि बुंद राना पुरस्कृत

यस वर्षको साहित्य सन्ध्या पुरस्कार कवि बुंद रानालाई प्रदान गरियो ।

जनसाहित्य क्षेत्रमा उल्लेखनीय योगदान गरेवापत दिइएको सो पुरस्कार वितरण समारोह गत वैशाखको पहिलो साता काठमाडौंमा आयोजना गरिएको थियो ।

❑

के तपाईलाई थाहा छ ? ...

प्रत्येक व्यक्तिले दैनिक एक लिटर पानी जोगाएमा काठमाण्डौ उपत्यकामा दैनिक दश लाख लिटर पानी जोगिन्छ, त्यसबाट थप दश हजार व्यक्तिले पानी पाउनेछन् ।

नेपाल खानेपानी संस्थान

# कलाकार रामेश रेडियोमा गएपछि त्यहाँ के के भए ?



रेडियो नेपाल ।
देशको कुनाकुनामा पुग्ने यो आम-संचार माध्यमको परिपाटी मूलतः पंचायती निरंकुशतन्त्रको छायाँमुनि गठिएको र हालसम्म पनि त्यो परिपाटी त्यहाँ मौजुद नै रहेको छ ।

विज्ञापन र प्रायोजित कार्यक्रमहरूबाट लाखौं रूपियाँ चुहावट हुने, रेडियोले १० पाउने र बीचका मान्छेले ४० खाने चलन कायम भएको, कार्यक्रम दिंदा, गीत बजाउंदा समेत खुसामद र अनियमितता हुने, बाद्य र रेकर्डिङ्गका वा प्रशारणका सामग्री किन्दा बीचका मान्छेहरू जुका मोटाएझैं मोटाउने, संस्था भने सुक्ने आदि रोगहरूले ग्रस्त यस संस्थामा गीतहरूसंग सम्बद्ध बाहिरका कलाकारहरूले थुप्रै अप्ठेरा, अपमान र झंझटहरू बेहोर्नु पर्ने चलन कायम छ ।

सेन्सरले दुःख दिने, बजाउने टोलीहरूले असहयोग गर्ने, प्राविधिकहरूले झर्कोफर्को गर्ने, गाउने डेट लिन चाकडी गर्नुपर्ने वा रेडियोका मान्छेहरूकै रचना वा संगीत गाइदिनु पर्ने, नत्र मौका नपाइने, सोझा र विना सोर्सफोर्सका कलाकारहरूले पारिश्रमिक लिन धाउँदाधाउँदा दिक्क भएर सो पारिश्रमिक लिन नैं छोडीदिनु पर्ने जस्ता पंचायती समयदेखिको चालू विकृतिहरूले भरिएको छ- यो संस्था ।

यो संस्थामा अझै एउटा प्रवृत्तिको अवशेष बाँकी छ, त्यो हो- अश्लील गीतले सहजै मौका पाउने, तर छाडा प्रसंगहरू बाहेकका जन-चेतनामुखी रचनाहरूले भने 'राजनीति' भन्ने आरोपमा प्रवेश पाउन मुश्किल हुने ।

हिजो पंचायती कुशासनले रेडियोमा जम्मा दुई खाले ढोका मात्र खोलेको थियो- एक, निरंकुश राजतन्त्रको अन्ध प्रशंसा र रूढीवादलाई विस्तार गर्ने ढोका । दुई, 'प्रेम'का नाममा छाडा र अश्लील पक्षलाई बढावा दिने ढोका ।

बाँकी ढोकाहरू बन्द थिए, प्रतिबन्धित थिए । जनताका दुःख सुखका, संघर्षका, इच्छा, चाहनाका रचनाहरू प्रतिबन्धित थिए ।

आज पंचायती कुशासनको लामो समयको कार्यप्रणालीको यो प्रभाव रेडियोका कतिपय मानिसहरूमा अझैं बाँकी छ । पंचायती कुशासनको भन्दा अलिकति पनि भिन्न कुरा आयो भने उनीहरू झस्किन्छन् ।

यस्तो स्थितिमा लामो समयसम्म जन-संस्कृतिको पक्षमा काम गर्नु भएका कलाकार रामेश रेडियो नेपालको संचालक समितिमा जानु भएको छ । उहांको क्रियाशीलता र कार्यशैलीद्वारा रेडियो नेपालका अधिकांश मानिसहरू सकारात्मक रूपले प्रभावित भएका पनि पाइएका छन् ।

उहाँ त्यहाँ जानु भएपछिको रेडियो नेपालको स्थिति र संभावना के छ ? यसबारे हामीले उहाँसंग लामो कुराकानी गरेका थियौं । प्रस्तुत छन्- सो कुराकानीका मूल अंशहरू

-हरिगोविन्द लुईटेल

## कलाकार रामेशसंगको अन्तर्वार्ता

**❑ तपाई रेडियो नेपालमा संचालक समितिको सदस्य भएर प्रवेश गर्नु हुँदाको बखत त्यहाँ कस्तो स्थिति रहेको पाउनु भएको थियो ?**

- मानिसहरुमा रेडियोका विविध पक्षहरुमा ठूलो असन्तुष्टी थियो । खासै कुनै नीति-नियमभन्दा बढी, मुखको भरमा यो चल्थ्यो । त्यसैले रेडियो नेपाल व्यवस्थित थिएन वा भनौं- यहाँ भद्रगोल थियो ।

**❑ त्यो जथाभावी गराउने मुख चाहिं कसको हो ?**

- बाहिरबाट हेर्दा त डाइरेक्टरको मुख देखिने गर्थ्यो, तर डाइरेक्टरलाई पनि घुमाउने र दवाव दिने भनेका "माथिका मान्छे"हरु थिए । जनताको रीस जत्ति व्यवस्थापकहरुको थाप्लामा स्वतः पर्थ्यो तर भित्रबाट बदमासी गर्ने भने सक्रिय नै रहन्थे । ती माथिका मान्छे भनेका मन्त्रीहरु वा तिनीहरुभन्दा पनि माथिकाहरु हुन् । तिनीहरु देशको हितमा हैन व्यक्तिगत, गुटगत हितमा र व्यक्तिगत शान-रवाफका निम्ति रेडियोलाई प्रयोग गर्थे । त्यसैले जनताबाट रेडियो आलोचित थियो ।

**❑ के तपाई आएपछि यसमा ठूलै सुधार भएको छ भन्ने दावी गर्न सक्नु हुन्छ त ?**

- म "म आएपछि" हैन, "नयाँ संचालक समिति बनेपछि" भन्न रुचाउँछु । किनभने, हामी सामूहिक प्रयासद्वारा समस्या हल गर्ने कोशीस गर्दैछौं । यो नयाँ समिति बनेपछि हामीले सारा बेठीकहरु हटायौं भन्ने मेरो दावी छैन । किनभने, यसो गर्न पर्याप्त समय लाग्छ । तर यति चाहिं म भन्न सक्छु कि- हामीले हिजोको अव्यवस्था हटाउने दिशातिर पाइला भने चाल्न थालेका छौं ।

**❑ ती पाइलाहरु के के हुन ?**

- खास गरी मेरो मुख्य क्षेत्र संगीत क्षेत्र नै हो । त्यसैले मेरो अभिरुचि पनि यहाँका साथीहरुसंग मिलेर खास

गरी गीत-संगीतको रचना र उत्पादनलाई व्यवस्थित गर्ने र स्तरीय बनाउनेतर्फ ज्यादा लागेको छ ।

यसका निम्ति हामीले २०४५ मा बनेको तर निस्क्रियप्रायः रहेको "संगीत प्रवर्धन समिति" लाई सक्रिय पारेका छौं । यसको पुनर्गठन गरी यसमा म र निर्देशकज्यू लगायत आदरणीय गणेश भण्डारी, नातीकाजी, दीपक जंगम, रमण घिमिरे र बमबहादुर कार्की रहेका छौं ।


रेडियोमा संगीत संवन्धमा स्थिति के छ भन्ने विषयमा हामीले खोज्न, जानकारी हासिल गर्न थाली केही सुधारका कामहरु शुरु गरेका छौं पनि ।

**❑ के के हुन ती सुधारका कामहरु ?**

- सयौं कलाकारहरु रेडियोमा गीत गाउन चाहन्छन् । ती सबैको स्तर पर्याप्त हुँदैन र सबैलाई गीत गाउन दिएर साध्य पनि हुँदैन । तर सबैलाई प्रस्तुत हुने र स्तरवृद्धि गर्ने मौका त दिनुपर्ने हुन्छ नै ।

त्यसैले, हामीले अब रेडियोमा स्वर परीक्षा पास भएकाहरु बीच २-३ महिना मा एकपल्ट रेडियो नेपालको खुला चौरमा गीत संगीत प्रतियोगिता गर्ने र विज्ञ जाँचकीहरुको सिफारिसमा तिनमध्येका सबैभन्दा राम्रा १०/१५ वटा वा जति स्तरीय ठहरिन्छन् त्यति गीतलाई रेडियोमा रेकर्ड गराउन डेट दिने व्यवस्था शुरु गरेका छौं । यसबाट सबैले प्रस्तुतिको अवसर पाउने र स्तरीय रचनाले रेडियोमा स्थान पाउने परिपाटी कायम हुने छ भन्ने हाम्रो विश्वास छ । कलाकारले रेडियोमा गीत

**हामी रेडियोका कलाकार-हरुसंग पनि अन्तर्क्रिया गर्दैछौं -रामेश**



रेकर्डिङ्को डेट पाउन कुनै व्यक्ति विशेषको कृपापात्र बन्नु पर्ने प्रथाको यसरी अन्त भएको छ ।

यसै गरी, पहिले पहिले कलाकारहरुले गीत-संगीत वापत पाउने पारिश्रमिक लिन पनि पटक पटक धाउने र कतिले त थाकेर छोड्ने स्थितिको पनि अन्त गरेका छौं । रेकर्ड गरीसकिएको एक घण्टाभित्रै ससम्मान पारिश्रमिक उपलब्ध हुने व्यवस्था गरिएको छ ।

यस कदमलाई कलाकार साथीहरुले उत्साहपूर्वक लिनु भएको छ । यसबाट हामीलाई थोरै भए पनि सन्तुष्टी मिलेको छ ।

**❑ बाहिर उत्पादित गीतहरुलाई पक्षपात गरिएको गुनासो थियो नि !**

- यसतर्फ पनि हाम्रो ध्यान गएको छ । हामीले बाहिर स्टुडियोमा रेकर्ड गरिएका स्तरीय गतिहरु पनि रेडियो नेपालले उचित मूल्यमा किन्ने निर्णय पनि गरेका छौं । यसका निम्ति प्राइभेट स्टुडियो मालिकहरुलाई बोलाई एक चरण सर-सल्लाह पनि गरीसक्यौं । अर्को चरणको भेटघाटमा हामी रेडियोको क्षमताको सापेक्षमा 'उचित मूल्य' भनेको कति होला भन्ने बारेमा टुंगो गर्नेछौं ।

**❑ रेडियोमा क्यूमा बस्न नआउने कतिपय वरिष्ठ र प्रतिष्ठित कलाकारहरुलाई रेडियोले वास्तै नगर्ने गरेको छ । के तपाईहरुकहाँ निवेदन हाल्न नआउने विशिष्ट प्रतिभाहरुको खोजी रेडियोले गर्नु पर्दैन ?**

- पहिले पनि त्यस्ता सम्मानित कलाकारहरुलाई पत्र पठाएर अनुरोध गर्ने गरिएको रहेछ । तर भारा टार्ने किसिमले । अहिले हामीले त्यस्ता प्रतिष्ठित कलाकारहरुबाट बढमा १०/१० वटा गीतहरुको निम्ति अनुरोध गर्ने टुंगो गरेका छौं । उहाँहरुलाई पत्र पठाउने र वास्ता नगर्ने, आंएमा पनि आउन नपाइदेखि घडी हेर्न थाल्ने, वाक्क मान्न थाल्ने, 'चिसो व्यवहार' को अन्त गर्ने हाम्रो अठोट छ । यसैबीच, हामीले स्तरीय स्वदेश गान वा राष्ट्रवन्दनाको निम्ति प्रतिष्ठित गीतकारहरुसंग अनुरोध पनि गरिसकेका छौं । त्यसपछि संगीतकार र गायक कलाकारहरुलाई पनि अनुरोध गर्नेछौं ।

**❑ रेडियो नेपालले थुप्रै कलाकारहरुलाई नियमित रुपले आफूले रोजगारी दिएको छ । ती कलाकार-हरुको कलाको उचित प्रयोग र उनीहरुको स्तर वृद्धिको मामलाप्रतिको वेवास्ताको कारण उनीहरु "औपचारिक जागिरे" को हदसम्म मात्र सीमित र कुण्ठित छन् । यसतर्फ तपाईहरुको ध्यान पुगेको छैन भन्ने आरोप पनि तपाईहरुलाई लाग्ने गरेको छ । यसवारे तपाई के भन्नु हुन्छ ?**

- यसतर्फ हामीले सोचेका छौं र यसका निम्ति हाम्रो प्रथम पाइला शुरु भैसकेको पनि छ । गत वैशाखको तेस्रो साता यहाँका करीव ५० जना वाद्य कलाकारहरुसंग हामीले अन्तर्क्रिया कार्यक्रम चलायौं । उहाँहरुका अप्ठेराहरु र संभावनाहरु केलाउन थालिएको छ । हामी हरेक महिना रेडियो कलाकारहरुसंग यस्तो अन्तर्क्रिया चलाउने विचारमा छौं ।

**❑ तपाईहरुले काम गर्न थालेपछि रेडियोका कार्यक्रमहरुको स्तर घट्यो भनेर पनि हालको सरकारका विरोधीहरुले भन्न थालेका छन् । के स्तर घटेकै हो ?**

- हेर्नुस्, यो कुरा वास्तविकताको आधारमा हैन, खराब नियतवश भनिएको हो । गुटगत पूर्वाग्रहले यसमा काम गरेको हुनु पर्दछ । चार दशक भन्दा बढी एक किसिमले चलेको कुनै रोगी कुरा २/३ महिनामै तन्दुरुस्त भइहाल्छ भन्न सकिन्न ।

यसभन्दा अघि चाहिँ रेडियोको निकै ठूलो स्तर थियो भन्ने दावी पनि त उहाँहरु गर्न सक्नु हुन्न होला नि '

एकथरि मानिसहरु नेपालमा यस्ता पनि छन्, जो विदेशी तडकभडकयुक्त संचार माध्यम भनेपछि त्यत्तिकै राम्रो र स्तरीय हुन्छ भन्ने



**हाल रेडियोको स्तर घट्यो भन्ने कुरा खराब नियतवश आएको हो । के रेडियोको स्तर यसभन्दा अघिचाहिँ निकै माथि थियो त ? -रामेश**

सोच्छन् । उनीहरुले त हाम्रो देशका जेसुकै कुरालाई पनि राम्रो मान्दैनन् । उनीहरुको पछि लाग्नुको त कुनै अर्थ नै छैन । गोरो छाला देख्न नपाई शिर झुकाउने र आफ्नै बाबुलाई पनि अरुका सामु नोकरको रुपमा पेश गर्ने प्रवृत्ति बोक्नेहरु पनि यहाँ छन् ।

गर्न सकिने जति हदसम्म हाम्रो रेडियोको स्तर कसरी बढाउने भन्ने सवाल प्रमुख सवाल हो । यसतर्फ हामीले सोच्न र काम गर्न थालेका छौं । मलाई लाग्छ- ४, ५ वर्ष निरन्तर प्रयत्न गर्ने हो भने यस दिशामा केही गर्न सकिन्छ ।

**❑ तपाईहरुले विज्ञापन र प्रायोजित कार्यक्रमहरुको उत्पादन खर्च बीचमा कसैले नपाउने र सोझै रेडियोमा दाखिला गर्नु पर्ने नियम बनाएर राजश्वमा ठूलो रकम बृद्धि गराउनेतर्फ निर्णय गर्नु भएपछि, हिजोका खाइर हेकाहरु तपाईहरुसंग क्रुद्ध छन् रे भन्ने सुनिन्छ नि ! "अब रेडियो नेपाल टाट पल्टिनेछ" भन्ने हल्ला चलाइएको पनि पाइयो ।**

-यो निर्णय थाहा पाउने प्रबुद्ध जनताहरु अत्यन्त खुसी छन् । रेडियोका नै पनि अत्यधिक ठूलो संख्यामा कर्मचारी मित्रहरु खुसी हुनुहुन्छ । सोही काममा संलग्न अधिकांश मित्रहरु पनि खुसी नै हुनुहुन्छ । छिटफुट केही रीस वा असन्तुष्टिका संकेतहरु भने नदेखिएका हैनन् । तर पनि संस्थाको हितलाई यस निर्णयले सर्बोपरि ठानेकोले यसको स्वागत सबैतिरबाट हुनेछ भन्ने मैले आशा लिएको छु ।

**❑ रेडियोमा एमाले-करणले उग्र रुप लिएको छ भनिन्छ नि ?**

-कुनै पनि सरकारले आफ्ना नीति र कार्यक्रमहरु ठीक ढंगले संचालन गर्न खास खास ठाउँहरुमा उपयुक्त व्यक्ति राखेर काम गर्नु पर्ने नै हुन्छ । यसैलाई एमालेकरण भनिएको हो भने कुन चाहिँ पार्टीले यसो गर्दैन ? - जनताका सामु लेखेर देओस् भन्ने म माग गर्दछु । सरकारको घोषित नीति र कार्यक्रम लागु गर्न कोही असमर्थ, असहयोगी वा अनुपयुक्त देखिएमा पनि सरकारले त्यस्तो नहोस् भन्नका लागि पाइलाहरु चाल्नु पर्ने हुन्छ नै, तर राजनैतिक पूर्वाग्रहले गर्दा कुनै पनि आस्थाका असल योग्य-इमान्दार एवं कुशल देशभक्त मान्छेलाई हटाइयो भने चाहिँ त्यो गलत हुनेछ ।




रामेशः के रेडियोमा व्यस्त भएपछि अब यस्ता गीत सृजनाको काम रोकिन्न ?

**❑ तपाईको काममा सरकारमा रहेका व्यक्तिहरुको अनावश्यक ठाडो हस्तक्षेप कत्तिको हुनेगर्छ ?**

- यस्तो भएमा भोलि नै रेडियो नेपाल छाडिदिन्छु भनेर शर्त बाँधेर म यहाँ आएको छु । हालसम्म यस्तो भएको छैन । यस्तो हुने हो भने मेरो स्कूलले मलाई स्वागत गरिरहेको छ भन्ने कुरामा म प्रष्ट छु ।

**❑ जम्मामा, तपाई हाल रेडियो नेपालको प्रमुख समस्या केलाई मान्नु हुन्छ ?**

हामी चाहन्छौं- रेडियो नेपाल संपूर्ण रुपले जनताको होस् । कुनै व्यक्ति वा गुटहरुको स्वार्थबाट हैन,, समग्र राष्ट्रिय स्वार्थबाट यो संचालित होस् । जनताको इच्छा आकांक्षा पूरा गर्ने, स्वस्थ सुख बाँड्ने इमान्दार सक्षम माध्यम यो बनोस् ।

म अन्य पक्षको कुरा गर्न चाहन्न । म गीत संगीत क्षेत्रको मान्छे भएको हुनाले यसतर्फको यहाँ मूल समस्याबारे भन्नु पर्दा म भन्छु- जनताले चाहेजस्ता गीत रचनाहरुको अपर्याप्तता अहिलेको मूल समस्या हो ।

**❑ रेडियोबाट सरकारको वा धर्मको वा अन्य यस्तै कतिपय तयार विचारहरु जनतालाई पस्कने वा विचार-शून्य कुराहरु पस्कने काम पंचायती कालदेखि नै हुँदै आएको छ । जनतामा आलोचनात्मक रुपले सोच्न सक्ने क्षमता बढाउने खालका कार्यक्रमहरु यसबाट दिनलाई पंचायती कुशासनले जसरी प्रेरित गरेन, यस्तै हालसम्म पनि भइर हेछ । यसबारे तपाईहरु किन सोच्नु हुन्न ? बहुदलीय व्यवस्था यस मामलामा चाहिँ र रेडियो नेपालमा चाहिँ किन आउँदैन ?**

- हो, यो पक्षमा कमीहरु छन् । हामी यसतर्फ पनि ध्यान दिदैछौं ।

**❑ नेपाल टि.भी. मा आउने नारी जागरण सम्बन्धी "जागृति" कार्यक्रम जस्तै विभिन्न थरि विचार लिने व्यक्तिहरु संगै बसेर अन्तर्क्रिया गरेको कार्यक्रमले यस विषयमा आम-जनतामा केही रुचि र चाख पैदा गरेको छ । यस्ता कार्यक्रमहरु रेडियो नेपालले आफ्ना स्रोताहरुलाई टेलिभिजनबाटै लिएर पनि दिन सक्छ नि ।**

- हो यस्तो हुन सक्छ । रेडियो र टि. भि. का एक अर्काका उपयुक्त कार्यक्रमहरु आदान प्रदान गर्नेबारे हामी संयुक्त बैठक बस्दैछौं । ❑

-१२ पेजको बाँकी-

समाजवादका प्रतिनिधि) बीच विगत जनआन्दोलनपछि सम्पन्न त्रिपक्षीय सम्झौताले निर्माण गरेको संविधानका अधीन चल्न विवश छ । संविधानको यही सीमामा पनि यसले धेरै प्रगतिशील काम गर्न सक्छ र आमूल परिवर्तनका लागि शक्ति संचय गर्दै उचित पृष्ठभूमि तयार पार्नसक्छ । अहिले निरंकुश सामन्तवाद संविधानमा बाँधिएको छ तर निर्मूल भएको छैन ।

यो परिस्थितिमा प्रतिस्पर्धात्मक राजनीति गर्न तयार रहेका शक्तिले सामन्तवादको नाम निशान नै मेटाएपछि मात्र कुनै पनि चीज चोखो हुन्छ भनी ठान्नु मनोगत अतिवाद मात्र ठहर्छ ।

हुन त यो बहुलवादी प्रतिस्पर्धालाई नै प्रतिक्रियावादी अभ्यास ठानी कुना पसेर क्रान्तिका खिचडी पकाउनेहरू पनि हामीभित्रै छौं । यो खिचडी पकाउने शैली ठीक कि यो सृजनात्मक प्रयोगमूलक शैली ठीक, त्यसको निर्क्यौल पछि इतिहासले गर्दैजाला । तर निरङकुश सामन्तवाद वैधानिक नियन्त्रणमा बस्न प्रतिवद्ध भएपछि त्यसका नाम निशान गाँसिएका सबै चीज अछुत हुने विचार राख्ने हो भने त आमूल परिवर्तनको पर्खाइमा सबै चीज त्यागी जंगल पस्नुपर्ने हुन्छ । तर हामी संविधानमा कबोलहरूका सीमामा प्रतिस्पर्द्धाको राजनीति गर्न निश्चित समयसम्म प्रतिबद्ध छौं । त्यसो हुँदो अहिलेसम्म भए गरेका कामको कदर गरी देशको प्रगतिशील वाम सरकारले प्रदान गरेको पुरस्कार नकार्नु बुद्धिमानी होइन । यस अर्थमा, श्यामजीको यो निर्णय अलोच्य ठहर्दैन ।

कहिले कहिले उग्र क्रान्तिकारी लहडले मान्छेलाई निकै हवाइ कल्पनामा पुऱ्याउँछ । झण्डै आज भन्दा २५ वर्ष अघि गोविन्द भट्टले रचना गर्नु भएको 'शान्ति सन्देश' भन्ने खण्डकाव्यबारे केही युवा क्रान्तिकारी साथीले धेरै उग्र आक्रमक आलोचना गरेका थिए । खिलबहादुर भावुक नामका एक युवकले भट्टजीलाई तथानाम गाली गर्दै चरम दक्षिणपन्थी प्रतिक्रियावादी हुन लागेको आरोप पनि लगाएथे । तर आज भावुक कहाँ गए ! भट्ट कहाँ छन् ?

यस्तै अहिले श्यामप्रसादको पुरस्कार प्रकरण पनि त्यही प्रबृत्तिको पुनराबृत्ति त होइन ? कामना छ - पुरस्कार ग्रहण गरी पतित हुन लागेका अंशका गरिएका श्यामप्रसादको स्थिति भट्टजीको जस्तै अटल रहिरहोस् र यो पुरस्कार ग्रहणकार्यका आलोचकहरूको स्थिति खिलबहादुर भावुकको जस्तो नहोस् । ❑

**प्रतीक्षा गर्नुहोस्**
**प्रकाशित हुँदैछ**
**साप्ताहिक**
**जन एकता**

**नव वर्ष २०५२ को उपलक्ष्यमा समस्त देशवासीमा हार्दिक शुभकामना**

**जनकपुर चुरोट कारखाना लि.**
**परिवार**

# अब नेपाल–भारत

## अन्तर्क्रियाका सहभागीहरु

*राजनेताहरू*
क. शंभुराम श्रेष्ठ
क. मोहनचन्द्र अधिकारी
डा. बाबुराम भट्टराई

*बुद्धिजीविहरू*
प्रा. महेश्वरमान श्रेष्ठ
डा. किशोरकुमार गुरूघराना
दीपेन्द्र क्षेत्री
दीपक ज्ञवाली
ओमबहादुर गुरूङ्ग
स्नेह सायमि
गोपाल सिवाकोटी 'चिन्तन'
डा. गोपाल पोखरेल
प्रा. भरतराज पोखरेल
वालकृष्ण चापागाई



# नेपालका राजनेताहरु र विषयविज्ञहरू एकै थलोमा

भारतसंग नेपालको सम्बन्ध कस्तो हुनुपर्छ ?

यो सवाल नेपाल र नेपालीहरूको लागि निकै महत्वपूर्ण सवाल हो । यो यस कारणले निकै महत्वपूर्ण छ, किनभने, नेपाल भारत-परिवेष्टित मुलुक हो । नेपालको सबभन्दा बेसी आर्थिक कारोवार भारतैसित हुन्छ । नेपालको भारतसितै १५ करोडभन्दा धेरै र व्यापार सम्बन्ध भएका ४७ वटा देशहरु मध्ये सबैभन्दा बेसी अर्थात ४८% जति व्यापार घाटा छ ।

भारत नैं एउटा मात्र देश हो, जोसित नेपालको मोहन शमशेरको पालाको नव-औपनिवेशिक चरित्रको असमान 'शान्ति तथा मैत्री सन्धि' कायम छ । नेपालको खुला सीमाना भारतैसित छ र सबैभन्दा बेसी सांस्कृतिक संवन्ध पनि भारतैसंग ।

त्यसैले, भारतसित नेपालको संवन्ध कस्तो हुन्छ, त्यसले नेपाल राष्ट्रलाई चौतर्फी हिसावले प्रभावित पार्छ ।

यो परिप्रेक्ष्यमा, नेपालमा पहिलो वाम सरकार सत्तारूढ भएको वेला र त्यसको प्रधानमंत्रीको भारत भ्रमणको सन्दर्भ पारेर **मूल्यांकन मासिक**ले गएको चैत्र २५ गते एउटा महत्वपूर्ण विचार-अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो ।

त्यसमा नेपालका केही वाम-नेताहरू र धेरै विषयका प्रशिद्ध विषय-विज्ञहरु सहभागी भएका थिए, यद्यपि दुई हप्ता अगाडि समय लिएर र आउने वचन दिएर पनि उपप्रधानमंत्री माधवकुमार नेपाल र प्रधानमंत्रीका प्रमुख सल्लाहकार ईश्वर पोखरेल भने कार्यक्रममा आउन सक्नु भएन ।

प्रस्तुत छ, त्यही महत्वपूर्ण अन्तर्क्रिया कार्यक्रमको रिपोर्ट, सार संक्षेपमा ।

यस पल्ट हामीले भारतसँगको व्यापार सम्बन्धबारे र १९५० को सन्धिबारे भएका विचार-अन्तर्क्रियाहरुको मात्र रिपोर्टिङ्ग गरेका छौं । नेपालले भारतलाई विजुली वेच्न सक्ने हुन के हुनुपर्छ नेपालको नीति र योजना ? भन्नेबारेको खण्डको रिपोर्टिङ्ग आगामी अङ्कमा प्रस्तुत गरिने छ । -मूल्यांकन

# सम्बन्ध कस्तो हुनुपर्छ ?

## नेपाल-भारत व्यापार संवन्ध कस्तो हुनुपर्छ ?

*सर्वप्रथम, प्रा. महेश्वारमान श्रेष्ठले आफ्नो कार्यपत्रको सार संक्षेप प्रस्तुत गर्नुभयो, जुन कार्यपत्र **मूल्याङ्कन**को अघिल्लो अंकमा प्रकाशित भइसकेको छ ।*

*त्यसमाथि पहिलो आलोचनात्मक टिप्पणी अर्थविद् डा. किशोरकुमार गुरुघरानाले प्रस्तुत गर्नुभयो ।*

### असमान सन्धि होइन, गलत औद्योगिक संरचना नै व्यापार-घाटाको मूल कारण हो

**डा. किशोरकुमार गुरुघराना**

❑ यो कार्यपत्रमा श्री महेश्वर मान श्रेष्ठले छोट्करीमा समस्याको पहिचान, असमान सन्धिका बुँदाहरु र तिनको प्रभाव तथा निराकरणका केही उपायहरुको चर्चा गर्नु भएको छ। साथै केही ऐतिहासिक तथ्यहरुको समेत उल्लेख गर्नुभएको छ। कार्यपत्र छोटो भए पनि सारगर्भित छ ।

❑ तर मूल समस्याहरुको पहिचानमा केही त्रुटीहरु छन्, जसबारे छोटकरीमा टिप्पणी गर्न चाहन्छु :

❑ कार्यपत्रले भने जस्तो भारततर्फ निर्यातको अंश सन् १९५६/५७ मा ९७.८% बाट घटेर सन् १९९३/९४ मा १३.२% हुनु, तर आयातको अंश भने ९७.६% बाट झरे पनि ३४.१% रहनु नै बढ्दो व्यापार घाटाको मूल कारण होइन । अंश समान रहेको भएपनि व्यापार घाटा बढ्ने नै थियो, किनकि यो अवधिमा भातरतिरको कूल निर्यात आयातको एक तिहाइ मात्र रही आएको छ। (१९९२/९३ मा बाहेक) जस्तो, यो वर्षको पछिल्लो ७ महिनाको तथ्यांक अनुसार अनुमान गर्दा भारततर्फ वार्षिक निर्यात १८ अरव रुपैयाँ बरावरको हुन्छ, तर भारतबाट आयात ५८ अरव बरावरको हुने अनुमान छ । अत: १९९३/९४ मा प्रतिशत अंशको हिसाबले निर्यातको अंश आयातको एक तिहाई भन्दा बढी भए पनि परिमाण भने सात भागको एक भाग मात्र छ (भारततर्फ निर्यात २५७.८ करोड, आयात १७८६.८ करोड) ।

मुख्य कुरा, हाम्रो भारतसितको निर्यात- आयातको सम्बन्ध आयातको तुलनामा निर्यात एक तिहाई रही आएको छ । यसमा उल्लेखनीय सुधार हुन सकेको छैन । यसमा कार्यपत्रमा ध्यान दिइएको छैन ।

अझ भनौं भने, हाम्रो निर्यात पनि आयातमुखी नै छ । अर्थात्, निर्यातयोग्य वस्तुको उत्पादनमा पनि आयातकै ठूलो अंश छ । हाम्रो देशभित्र उद्योगहरुको बीचमा Backward-Forward Linkage (बैकवार्ड-फरवार्ड संबन्ध) एकदम न्यून छ । अर्थात, एउटा उद्योगले अर्को उद्योगलाई सपोर्ट गर्ने काम नै गर्दैन । न एउटाले अर्कोको उत्पादन नै प्रयोग गर्दछ, न कच्चा पदार्थको आपूर्ति गर्ने कार्य नै गर्छ । केही कृषिजन्य वस्तुको प्रशोधन बाहेक अरु अधिकांश उद्योगहरुको कच्चा पदार्थ, मेशिनरी, अर्द्ध-प्रशोधित सामान आदि जम्मै आयातमा आधारित छन् ।

उदाहरणको लागि, गार्मेन्टलाई लिऊँ ।

यसले कुल निर्यातको झण्डै एक्र चौथाई अंश ओगटेको छ र यो विदेशी मुद्रा आर्जनको दोश्रो ठूलो श्रोत हो । यसमा लाग्ने ५-६ करोड मिटर कपडा वर्षेनी भारतबाट नै आयात हुन्छ । अनि निर्यात बढ्दा कसलाई फाइदा पुग्ने भयो त ? हाम्रो निर्यातको पनि फाइदा अन्ततोगत्वा भारतलाई नै ? दोष कस्को, भारतको ? असमान सन्धिको ? कि हाम्रो कमजोरीको ?

हाम्रा उद्योगहरुले तैयारी पोशाकलाई चाहिने कपडा, टाँक, धागो, मेशीन किन उत्पादन र आपूर्ति गर्न नसकेको ? यसतर्फ न सरकारलाई वास्ता छ, न उद्योगीलाई । खाली भारतलाई दोष दिएर यो अवस्था बदलिन्छ ?

उनी गलैंचा पनि आयातमुखी नै छ । हुँदाहुँदा कृषिजन्य उद्योग पनि अब आयातित कच्चा पदार्थ, मेशिन र रसायनकै भरमा चल्नु पर्ने अवस्था बन्दै गैरहेछ ।

हाम्रो पर्यटन क्षेत्र समेत आयातमुखी छ, किनकि यसले दुई तिहाई कमाइ आयातमै खर्च गर्छ । हाम्रो मूल्यमा योगदान एकदम न्यून छ । अनि कसरी हामी आत्मनिर्भर हुने छौं वा व्यापार घाटा कसरी कम गर्न सक्नेछौं ?

❑ कार्यपत्रमा प्रश्न गरिएको छ कि- भारतसंगको व्यापार घाटा बढ्नुको मुख्य कारण असमान सन्धि होइन र ?

म भन्छु- असमान सन्धिभन्दा पनि मूल कारण हाम्रो साँघुरो र एकलकाँटे किसिमको औद्योगिक संरचना हो। साथै, निर्यातमा कृषिजन्य उत्पादनको घट्दो परिमाण हो (जसबाट आफ्नै आवश्यकता पूरा गर्न पनि अब नपुग्ने अवस्था भैरहेछ )। होइन भने, अन्य देशसंग पनि हाम्रो व्यापार घाटा उस्तै प्रकारले किन बढी रहेछ त ?

उदाहरणको लागि वि. सं. २०४१/४२ मा कुल व्यापार घाटा ५०० करोड थियो, जुन २०५०/५१ मा ३२८३ करोड भयो। अर्थात् ६.६ गुणा एक दशक भन्दा कम समयमा। भारतसंग व्यापार घाटा २०४१/४२ मा २२९ करोड (कुल घाटाको ४६% नै) बाट बढेर १५२९ करोड भयो- २०५०/५१ मा (कुल घाटाको ४६% नै)। अर्थात ६.६ गुणा। यसप्रकार १० वर्षमा सन्धिहरु जेजस्तो भएपनि व्यापार घाटाको अंश उही रहेको छ । भारत मात्र हैन, संसारसंगै हाम्रो व्यापर घाटा उही अनुपातले बढेको छ। के सबैसंग हाम्रो असमान सन्धि छ त ?

❑ त्यसैले मूल कुरा के भने, यो औद्योगिक संरचना नैं परिवर्तन गर्नुपर्छ। आजसम्म व्यवस्था परिवर्तन भएपनि आर्थिक नीति परिवर्तनको झ्याली पिटे पनि, उदारवाद, समाजवाद, संरक्षणवाद, या अहिलेको अन्यौलवाद, जे भएपनि, हाम्रो औद्योगिक संरचना उही छ । निर्यात प्रबर्द्धन केवल कोरा नारामा सीमित छ। एक दुई वस्तुको निर्यात आकस्मिक कारणले चिठ्ठा परेजस्तो गरी बढ्दा तत्कालीन सरकार ले आफैं श्रेय लिने कोशिस गर्नु बाहेक औद्योगिक संरचना परिवर्तन गर्ने सवालमा केही ठोस योगदान गर्ने जमर्को गरेकै छैन ।

❑ कार्यपत्रले भारतीय मुद्रासंगको स्थिर विनिमय दर प्रणालीवारे केही चर्चा गरेन, जुन कि अत्यंत महत्वपूर्ण पक्ष हो । यो कृत्रिम विनिमय दर पनि व्यापार घाटाको एक प्रमुख कारक तत्व हो। भारतीय मुद्रासंग स्थिर विनिमय दर राखुन्जेल अन्य मुद्रासंगको लचिलोपना अप्रभावी र झंडै अधकल्चो हुन जान्छ भन्ने कुरा पनि हाम्रा नीति निर्माताहरुले कहिलेसम्म बुझ्ने हुन् ?

❑ कार्यपत्रले खुला सीमानालाई



*भारत-भ्रमणमा जानुअघि प्र.म. मनमोहन अधिकारी तथा उप प्र.म. माधव नेपाल*

व्यापार घाटासंग जोड्ने प्रयास गरेको देखिन्छ । केही वर्षअघि वास्तवमा खुला सीमानाले नेपालबाट हुने अदृश्य व्यापार को आधारमा व्यापार घाटाको प्रभावलाई कम गरेको थियो । अहिले प्रवाह उल्टो बगेको छ ।

यदि खुला सीमानाको कुरा गर्ने हो भने, हाम्रो बीचको व्यापार सन्धिमा जे जस्तो भए पनि अधिकांश व्यापार अर्कै किसिमले दुई देशबीचको मूल्य र करको दरमा हुने अंतरले प्रभावित हुन्छ भन्ने पनि बुझ्नु पर्‍यो । जस्तो कि- झण्डै डेढ वर्षको नाकाबंदी हुँदा पनि सीमा क्षेत्रमा खासै प्रभाव न परेको कुराले प्रष्ट गर्छ । खुला सीमाना एक सर्वकालीन तथ्य हो । यसलाई हामीले 'समस्या'बाट 'फाइदा'मा पनि परिणत गर्न सक्छौं, आफ्नो उद्योगलाई सबल र सक्षम बनाउन सके । यो त भारतको हामीउपर दबाब पार्ने नियतमा झन् एक बाधा हुन सक्छ- यदि हामीले जान्यौं भने ।

❑ यदि न जान्ने हो भने, र आफ्नो औद्योगिक आधारलाई बेवास्ता गर्ने हो भने, जे जस्तो सन्धि-संझौता गरे पनि हाम्रो देशले ठोस फाइदा पाउन सक्ने छैन । कुनै दुई देशको व्यापारबाट त्यही देशले बढी फाइदा उठाउन सक्छ, जसको औद्योगिक आधार फराकिलो र सबल हुन्छ । सन्धि र संझौताले अर्थशास्त्रको यो नियममा मामुली परिवर्तन मात्र गर्न सक्छन् । आवेशमा आएर वा आक्रोश व्यक्त गरेर आर्थिक समस्या हल हुँदैन, न कूटनैतिक लाभ नै हुन्छ ।

❑ कार्यपत्रमा दुई वर्ष अगाडि भएको केही प्रगतिको उल्लेख छैन । जस्तो- नेपालबाट भारततर्फ निर्यात हुने वस्तुको Certificate of Origin नेपालबाटै दिने व्यवस्था हुँदा मात्र पनि भारततर्फ नेपालको निर्यात बढ्यो । अहिले चालु वर्षको पहिलो ७ महिनामा तेश्रो मुलुकसंगको निर्यात व्यापार १६.५% ले घट्दा पनि भारततर्फको निर्यात ३५% बढेको छ। नत्र यस्तो किन ? आर्थिक वर्ष ५०/५१ मै भारततर्फको निर्यात ६०%ले बढेको थियो, जबकि, तेस्रो मुलुकतर्फ ८.८% मात्र । यस्तो हुनको कारण के ?

त्यसैले, हामीले भारत निर्यात गर्ने वस्तुमा ५०% भारतीय वा नेपाली कच्चा पदार्थ वा श्रमको अंश रहनु पर्ने भन्ने प्रावधान खारेज गर्न वा घटाउन फेरि पनि अथक प्रयत्न गर्नुपर्छ। भारतले नै उदारवाद अप्नाइसकेको परिस्थितिमा भने, यो प्रावधानको औचित्य हराएको छ ।

*अर्का प्रमुख टिप्पणीकार हुनुहुन्थ्यो- दीपेन्द्र क्षेत्री, जो नेपाल राष्ट्र बैंकमा अन्तर्राष्ट्रिय व्यापार विभाग सम्हाल्नु हुन्छ । उहाँले व्यक्तिगत रुपमा टिप्पणी गर्दै भन्नु भयो:*

## व्यापार सम्बन्धलाई विशुद्ध व्यापार र लाभ-हानीसँग आबद्ध गर्नु पर्दछ

**दीपेन्द्र क्षेत्री**

❑ श्री महेश्वरमान श्रेष्ठले तयार पार्नु भएको लेखले दुई देशबीचको व्यापारको आधार, निर्देशित गर्ने विभिन्न समयमा भएका व्यापार संझौताहरुको टिप्पणीका अतिरिक्त भावी व्यापार नीति निर्माणमा ध्यान दिनुपर्ने बुँदाहरु पनि पेश गर्नुभएको छ । लेखकले विषय वस्तु जुटाउन गर्नु भएको मेहनत र विषयवस्तुको प्रस्तुति प्रशंसनीय छ र वहाँ धन्यवादको पात्र हुनुहुन्छ । तर,



प्र.म. नयाँ दिल्लीमा भारतीय उद्योगपति र व्यापारीहरुसंग कुराकानी गर्नुहुँदै

लेखमा केही महत्वपूर्ण बुँदाहरु छुटेका छन्, जसको उल्लेख नगर्दा भारत-नेपाल व्यापारको प्रसंगको गहनता फिक्का हुन सक्तछ । ती बुँदा निम्न बमोजिम छन् :

❑ के गल्ती भैरहेछ भने, व्यापारिक सम्बन्धलाई विशुद्ध व्यापार वा आर्थिक लाभ, हानीसंग आबद्ध गराईनु पर्नेमा त्योभन्दा बढी राजनैतिक र शक्ति-सन्तुलनको विषय बनाईने गर्ने गरिएको छ । यसबाट भू-राजनीतिक बनोटको असुविधाजनक परिस्थितिबाट व्यापारिक कृयाकलापमा परनिर्भरता र प्रतिकूल परिस्थिति सामना गर्नुपर्ने अवस्था सिर्जना भैरहने गर्दछ। आर्थिक उन्नतिको सशक्त माध्यमका रूपमा ग्रहण गरिएको अन्तर्राष्ट्रिय व्यापार निहित उद्देश्यको पंजाबाट उम्कन सकेको छैन । यो उम्काउने कार्य गरिनु पर्छ ।

❑ नेपालमा उपलब्ध हुन नसक्ने कच्चापदार्थ आयात गरी मूल्य अभिवृद्धिका माध्यमबाट निर्यात व्यापार बढाउने प्रशस्त संभावना छ । तर त्यो द्वार भने वन्द गरिएको छ । तेश्रो मुलुकमा निर्यात गर्दा उत्पादन एवम् निर्यात लागत बढ्ने स्थिति छ । तर सीमा जोडिएको राष्ट्र भारतले नेपाली वा भारतीय कच्चा पदार्थको अनुपात हेरेर मात्र आफ्नो बजारमा नेपाली उत्पादन प्रवेश गराउने शर्त राख्दछ । यसरी बाहिरको कच्चा पदार्थ आयात गरेर पनि औद्योगिक उत्पादन बढाउन समर्थ भइरहेका सिंगापुर, जापान जस्ता मुलुकको विकास-पद्धति नेपालका लागि अमिलो हुन पुगेको छ । नेपालले भारततर्फ निर्यात व्यापार बढाउने हो भने, यही अड्चन फुकाउनतिर ध्यान दिनु पर्ने हो कि ?

❑ खुला सीमा रहेका दुई मुलुकमध्ये सानो, अविकसित राज्यले भन्दा ठूलो आकार, विकसित अर्थतन्त्र भएको राज्यले बढी प्रभावित पार्ने गर्दछ । नेपालबाट चुही-छिरी जाने वस्तुले भारतको विशाल वजारमा गर्ने असर नगण्य हुन्छ । तर भारतबाट नेपालमा हुने वस्तुहरुको प्रवाहले नेपाली अर्थतन्त्रलाई बढी प्रभावित गर्ने हुन्छ । नेपाल भारत खुला सीमाबाट अनधिकृत रुपले हुने व्यापारको अंश ठूलो छ। तर लेखमा त्यसको असरको प्रत्यक्ष टिप्पणी भएको छैन ।

❑ भारतमा निर्यात वृद्धि हुन नसक्नु र आयात बढ्नुमा विनिमय दर प्रणाली वास्तविक बन्न नसक्नु पनि एउटा प्रमुख कारण हो । १९८६ मा अमेरिकी डलरको विनिमय दर रू २१.३० हुँदा भा.रु. को दर १.६८ थियो । तर हाल उक्त दरहरू ५०.६० हुँदा पनि भा.रु. विनिमय दर १.६० छ । यसरी कृत्रिम रूपमा भारतीय मुद्राको हकमा ने. रु. को अधिकमूल्यन भएबाट आयात बढ्ने र निर्यात बढ्न नसक्ने भएको छ। यो तथ्य कार्यपत्रमा छुटेको छ ।

❑ व्यापारलाई एउटा छुट्टै विषयका रुपमा हेर्नुभन्दा भुक्तानी सन्तुलनसंग गाँसेर हेरिनु आवश्यक हुन्छ । भुक्तानी सन्तुलनमा सेवा र ट्रान्सफरबाट प्राप्त आय पनि समावेश हुन्छ। यी दुई शीर्षकमा नेपाल- भारतको सन्दर्भमा लाभको अवस्थामा भए पनि ठूलो व्यापार घाटाका कारण चालु खाता नेपालको विपक्षमा छ ।

उक्त आधारमा भारतसित वस्तु व्यापार मात्र नगरी सेवा र उपयोगिता (utility) जस्ता विक्रीयोग्य वस्तुको पहिचान र विकास गरी व्यापार घाटा कम गराउन मद्दत मिल्न सक्तछ । जस्तो- सेवाहरुमा स्तरीय स्कूल, कलेज, अस्पताल, दूरसंचार सेवा, फोटो सेवा जस्ता अत्याधुनिक प्रविधियुक्त विषयपट्टि प्रवेश खोजिनु पर्दछ । यो पूर्णव्यापारिक पद्धतिमा आधारित हुनुपर्छ ।

*त्यसपछि अन्तर्क्रिया कार्यक्रमका अन्य सहभागीहरुको टिप्पणी गर्ने क्रम चल्यो । त्यस प्रक्रियामा पहिलो टिप्पणीकर्ता हुनुहुन्थ्यो- ओमबहादुर गुरुङ ।*

## सरकारले दुई काम गर्नुपर्छ

**ओम बहादुर गुरुङ**
*अध्यक्ष, साना तथा घरेलु उद्योग संघ*

❑ हाम्रो कहालीलाग्दो व्यापार घाटाको स्थिति घटाउने हो भने, पहिलो कुरा त अहिलेसम्म भारतबाट आयात भइरहेका, तर हामीले यहीं आफ्नै क्षमताले उत्पादन गर्न सक्ने केही आयात प्रतिस्थापन गर्ने वस्तुहरु पहिचान गर्नु पर्छ, त्यसको उत्पादन गर्ने काम थाल्नु पर्छ । जस्तो- ओखती, सिमेण्ट, चिनी, कागज, विजुलीका सामान, सूती कपडा आदि ।

❑ नेपालको भारततिर निर्यात बढाउने हो भने "कच्चा पदार्थको प्रतिशत हेर्ने प्रावधान" खारेज गराउनु नितान्त जरुरी छ । निर्यात बढाउन त्यसले धेरै छेकिरहेको छ ।

## मुख्य जोड हाम्रो औद्योगिक आधार मजबूत र विस्तृत् पार्नमा दिनु पर्छ

**स्नेह सायमि**
*उपाध्यक्ष, साना तथा घरेलु उद्योग संघ*

❑ भारतसितको व्यापारमा रहेको प्रतिकूलता खत्तम पार्ने हो भने, हामीले प्रमुख रुपमा हाम्रो औद्योगिक आधार (Industrial Base) लाई

सबल र विस्तृत पार्नु पर्ने हुन्छ। मजबूत औद्योगिक आधारविना न त निर्यात बढ्न संभव छ, न आयात प्रतिस्थापित हुन नै। हामीसित निर्यात गर्ने त्यति धेरै वस्तु नै छैनन्। भारतले हाम्रो निम्ति पूरै व्यापार सीमा खुला गरिदिए पनि कसरी बढ्छ निर्यात ? के सामान पठाउँछौं हामी भारतमा ?

❑ हाम्रो औद्योगिक आधार सवल पार्ने हो भने, हाम्रो राष्ट्रिय चरित्रका रुपमा रहेका केही मूलभूत कमजोरीहरुलाई हामीले हटाउनै पर्छ। जस्तो- उद्यम व्यवसायप्रति हाम्रो उदासिनता छ, अर्थात्, मिहेनत नै नगर्ने हाम्रो मनमौजी स्वभाव छ। श्रमिक वर्गमा समेत भोलि भोकै परिन्छ भने पनि, आज जाँड खाएर आम्दानी उडाउने हाम्रो बानी छ। सजिलोसित, आरामसित छिटो कमाउने हाम्रो प्रवृत्ति छ। उद्यमशीलताको विकासको लागि हाम्रो यो राष्ट्रिय चरित्र ठूलो वाधाका रुपमा छ, यो हामीले हटाउनै पर्छ। यो कुराको शुरुवात सर्वप्रथम सरकारले र देशको नेतृत्वले गर्नु पर्छ। उद्यमशील मानिसलाई विकासका अवसरहरु जुटाईदिने र प्रोत्साहित गर्ने, उद्यमशीलतालाई पुरस्कृत गर्ने- यो संस्कृतिको थालनी पहिले सरकारले नै गर्नुपर्छ। उद्यमशीलता फष्टाउने र विकसित हुने वातावरण जुटाईदिनु नै सरकारको काम हुनुपर्छ। उद्यमशील चेतना विकास गर्न हामी उद्यमीहरुको पनि प्रमुख काम हुनुपर्छ। कार्यपत्रले यो उल्लेख गरे वेस हुन्थ्यो।

❑ व्यापार घाटाको कुरा गर्दा खालि भन्सार तथ्यांकद्वारा देखिने अंकहरुको मात्र ध्यान राखिएको छ। त्यो भन्दा ठूलो परिमाण अदृश्य व्यापार घाटाको छ भन्ने कुरा हामीले कदापि भुल्नु हुँदैन।

❑ भारतमा निर्यात वृद्धि गऱ्यो भने निर्यात उत्प्रेरक (export incentive) दिइन्छ। हाम्रो देशमा उल्टै निर्यात कर लगाइन्छ। यो प्रतिकूल परिस्थितिको अन्त गरिनुपर्छ। तब मात्रै निर्यात प्रोत्साहित हुन सक्छ। व्यापार घाटा घट्न सक्छ।



*भारत-भ्रमणको समयमा प्र. म. मनमोहन अधिकारी भारतीय वाम नेता तथा पश्चिम बंगालका मुख्यमन्त्री क. ज्योति वसुसंग*

## व्यापार घाटाको मूल कारण असमान सन्धि हो

**डा. वावुराम भट्टराई,**
*पूर्व अध्यक्ष, सं.ज.मो.*

*(भट्टराई)*

❑ यहाँ वहसमा कुन चाहिँ कुरा कारण हो, कुन चाहिँ कुरा प्रभाव हो- त्यस संवन्धमा पद्धतिगत समस्या परेको जस्तो देखियो। असमान सन्धि भारतसितको व्यापार घाटा बढ्नुको प्रमुख कारण होइन भनेर गुरुघरानाजीले भन्नु भयो। हो, आम रुपमा भन्दा आन्तरिक कारण नै प्रमुख हुन्छ। तर कहिलेकाहीं वाह्य कारणले पनि असर पार्ने भूमिका खेल्न सक्छ भन्ने कुरा भुल्नु हुन्न।

❑ सुगौली सन्धिभन्दा अगाडि हाम्रो भारतसित निर्यात बढी थियो, आयात कम थियो। सुगौली सन्धिपछि गएर मात्र यो स्थिति उल्टियो। त्यसैले, असमान सन्धिले व्यापार घाटा बढाउन प्रमुख भूमिका खेलेन भन्नु मिल्दैन जस्तो लाग्छ। अठारौं शताब्दिको अन्त्य र उन्नाइसौं शताब्दीको शुरुको नेपालको इतिहास हेर्ने हो भने, मिल्टनको रिपोर्ट नै हेर्ने हो भने, त्यतिखेर नेपालको उत्पादन भारतको वंगालभन्दा पनि उच्च गुणस्तरको थियो भन्ने देखिन्छ। त्यतिखेर नेपालको आन्तरिक उद्योग फष्टाएको स्थिति थियो। सुगौली सन्धि, १९२३ को सन्धि र १९५० को सन्धिपछि नै व्यापारको क्षेत्रमा नेपालको स्थिति खस्केको देखिन्छ। त्यसैले, व्यापार घाटा बढ्नुको पछाडि, नेपालको व्यापार प्रतिकूल दिशामा जानुको पछाडि- असमान सन्धिहरु सबैभन्दा प्रमुख कारण हो भन्नु मलाई उचित लाग्छ।

❑ साय्मिजीले हाम्रो उद्यमशीलता विकास नभएकाले नै हाम्रो औद्योगिक आधार विस्तृत र सवल भएन र व्यापार घाटा बढ्यो भन्ने तर्क अघि सार्नु भएको छ। यो 'गरीवहरु निकै गरीव छन् किनकि उनीहरु गरीव छन्' भनेको जस्तो भएन र ? उद्यमशीलता चाहिं किन विकास भएन त नेपालीहरुमा ? यसको मुहान ऐतिहासिक रुपमा हामीले हाम्रो समाजमा विकासको प्रक्रियामा खोज्नु पर्दैन ? सांस्कृतिक पछौटेपन भनेको अरु कारणको अभिव्यक्ति हो, त्यो आफैं मूल कारण होइन। हाम्रो देशमा अर्द्धसामन्ती उत्पादन- सम्बन्ध छ। त्यसैले, हामी उत्पादनमा पनि पछौटे छौं, र उद्यमशीलतामा पनि र संस्कृतिमा पनि। कुरा यस्तो होइन र ?

**कार्यक्रम संयोजक : श्याम श्रेष्ठ** : हामीले एकतर्फी रुपमा असमान सन्धिहरु खारेज गर्न सक्ने प्रावधान छ। के त्यो खारेज गऱ्यो भने- व्यापारमा रहेको घाटा र प्रतिकूलता मूलतः खत्तम हुन सक्छ ?

**डा. वावुराम भट्टराई** : यस्को विस्तृत उत्तर १९५० को सन्धिबारे बहस हुँदा दिनेछु। छोटोमा भन्दा : हो, असमान सन्धि खारेज गर्नु पर्छ र समस्याको हल त्यसमा छ।

## मगन्ते भैं माग्ने होइन, गलत आर्थिक संरचना फेर्नुपर्छ र आफैं सक्षम हुनुपर्छ

**प्रा. महेश्वरमान श्रेष्ठ**

❑ हामीले टाउको फोडे पनि भारतले असमान सन्धि खत्तम गर्न मान्ने छैन। अहिले भर्खरै व्यापार संवन्धी वार्ता हुँदा नेपालले हाम्रो निर्यात गर्ने कुरै छैन, त्यसैले "५०% वाला प्रावधान" नै हटाई दिनु पऱ्यो भनेर कति अनुरोध गऱ्यो, तर खै त भारतले पटक्कै मानेन। किन यस्तो मानेन ?

यसको पनि त कारण छ। त्यसैले असमान सन्धि एउटा प्रमुख कारण होइन भन्ने कुरा म मान्दिनं।

❑ किशोर गुरुघरानाजीले नेपालको औद्योगिक संरचनाको कुरा छुट्यो भनेर जुन भन्नु भयो, त्यसमा चाहिं म सहमत छु। त्यो छुटेकै हो। मैले त कार्यपत्रमा कारणहरु मध्येको एउटा प्रमुख कारण मात्र उल्लेख गरेको हुँ। भुक्तानी सन्तुलन र मुद्रा विनिमय दरको कुरा पनि कारण हो भनियो, त्यो हो। छोटोमा कार्यपत्र तयार गर्न भनिएकाले मैले जानीबुझीकन नै त्यो छुटाएको हुँ।

❑ अहिलेको अर्द्ध औपनिवेशिक र अर्द्ध सामन्ती आर्थिक संरचना नफेरी औद्योगिक संरचना फेरिन्न, त्यो नफेरी व्यापार असन्तुलन हट्दैन भन्ने गुरुघरानाजीको भनाइप्रति मेरो पनि सहमति छ। भाषा मात्र केही भिन्नै प्रयोग गरिएको हो। यो आर्थिक संरचना फेर्ने राजनीतिक प्रतिवद्धता यतिखेरको मुख्य खाँचो हो।

❑ भारतसित हामीले मगन्ते भैं माग्ने होइन। समानताको आधारमा सन्धि गर्नुपर्छ र मुख्य जोड हाम्रै आर्थिक संरचना बदल्नमा दिनु पर्छ। मेरो भनाइको मुख्य जोड यही हो।

❑ असमान सन्धि हुँदाहुँदै पनि हामी भारतमा विस्कुट पठाउन सक्छौं, चाउचाउ पठाउन सक्छौं। यस्ता अरु वस्तु पनि छन्, जुन हामी भारत निर्यात गर्न सक्छौं। हामी केही वस्तुमा भारतीय वजार नै कब्जा गर्न सक्छौं। भारतीय पूँजीपतिसित संयुक्त लगानी गरौं न। वजार त भारतमा उसैले खोजिहाल्छ। यस्ता उपायहरु पनि छन्। तर यी प्राविधिक कुरा मात्र हुन्।

मूल कुरा त फेरि पनि आर्थिक संरचना बदल्नु नै हो। हामी आफ्नै खुट्टामा उभिनका लागि के के विकास गर्नुपर्छ- दीर्घकालीन र अल्पकालीन योजना बनाइनु पर्छ, एउटा औद्योगिक रणनीति बनाइनु पर्छ। केमा हामी

**निर्यात बढाउन सक्छौं, केमा आयात प्रतिस्थापित गर्न सक्छौं, एउटा दीर्घकालीन रणनीति बन्नु अहिलेको आवश्यकता हो ।**

## सबै कुरा सुधार्‍यौं भने पनि अन्तमा असमान सन्धिले छेक्छ

गोपाल शिवाकोटी 'चिन्तन' *INHURED International का निर्देशक :*

❑ व्यापार घाटा कम गर्न 'खुला सीमा' राख्नु पर्ने तर्क किशोर गुरुघरानाले राख्नुभएको छ । त्यो कसरी ? मैले बुझ्न सकिनं । खुला सीमानालाई खालि व्यापारसित मात्र जोडेर हेर्न मिल्दैन भन्ने मलाई लाग्छ । खुला सीमानाले ल्याउने अनियन्त्रित आप्रवासनको समस्या, सामाजिक समस्या, आर्थिक समस्यालाई पनि गंभीरतापूर्वक हेरिनु पर्छ भन्ने मलाई लाग्छ ।

❑ अर्को, नेपालको आफ्नो औद्योगिक नीति के हो ? आफूसित ५-१० हजार पैसा मात्र भएको मानिसलाई पनि उद्यममा भाग लिने औद्योगिक वातावरण यहाँ खै ? निजीकरण गर्ने हो भने प्रतिस्पर्धा हाम्रो बीचमा किन गराइएन ? किन, भारतीयहरु ल्याएर गराइन्छ ? हाम्रो अभाव भनेको हामीसित औद्योगिक वातावरण सिर्जना गर्ने नीति नै भएन । त्यसैले, हाम्रो पूँजी बाहिरिंदैछ । नेपालको औद्योगिक संरचना बदल्ने हो भने, यी कुरामा हाम्रो ध्यान जानु पर्‍यो ।

❑ हामीले थुप्रै बाटाहरु बारे छलफल गर्‍यौं । तर सबै कुरा सुधारिसकेपछि पनि अन्तमा हाम्रो मुख्य बाधाको रुपमा असमान सन्धिको कुरा नै आउँछ । त्यसैले, हामीले पहिलो प्राथमिकता दिएर औद्योगिक संरचना बदलौं, ठीकै छ । अरु कुरा गरौं, ठीकै छ । तर असमान सन्धि पनि हाम्रो प्रमुख बाधा हो भन्ने कुरा नभुलौं ।

## भारतमा ब्रिटीश शासन बदलियो तर नेपाललाई हेर्ने चार दृष्टिकोण बदलिएन

**डा. गोपाल पोखरेल,**
*इतिहासविद्*


❑ अहिले भारतसित नेपालको जुन व्यापार समस्या छ, त्यो समस्या पैदा हुनुमा उपनिवेशवादी ऐतिहासिक विरासतले ठूलो काम गरेको देखिन्छ ।

❑ ब्रिटीश भारतले नेपाललाई चार वटा स्वार्थको दृष्टिकोणले हेर्ने गर्‍यो : एउटा, सुरक्षा स्वार्थको दृष्टिकोणले । अर्को, जनशक्तिको आपूर्ति गर्ने स्वार्थको दृष्टिकोणले, तेश्रो, वजार को स्वार्थको दृष्टिकोणले र चौथो, यहाँको प्राकृतिक स्रोतहरु हात पार्ने स्वार्थका दृष्टिकोणले ।

भारतमा व्रिटीश शासनको अन्त त भयो, तर भारतीय शासक वर्गको नेपाललाई हेर्ने दृष्टिकोण भने वदलिएन । त्यो यथावत रह्यो । भारतमा उपनिवेशवादी कुर्सी वदलिएन, कुर्सीमा वस्ने मानिस मात्र वदलियो । अहिले पनि त्यही प्रभुत्ववादी आँखाले भारतीय शासकहरु नेपाललाई हेरिरहेछन् ।

❑ यहाँ मुख्य रुपमा आफ्नै घर ठीक ठाउँमा राखौं, अर्कालाई दोष नलगाऊँ भन्ने सवाल उठ्यो । ठीकै छ, हामी हाम्रै घर ठीकठाक पार्न मिहेनत गर्न थालौं । तर हामी जुन छिमेकको वरपर बसिरहेछौं, त्यसको दृष्टिकोणले र व्यवहारले हामीलाई प्रभाव पार्दैन र ? हामी बाहिरको त्यही सुती वस्तुलाई १४०% भन्सार लगाउँछौं, तर भारतीय वस्तुलाई ४० प्रतिशत मात्र, के त्यसले नेपालको औद्योगिक वातावरणमा प्रभाव पार्दैन र ?

त्यसैले, ऐतिहासिक रुपमा भएका विगतका सन्धिहरुले पनि नेपालको औद्योगिक संरचना आजको नाजुक हालतमा पुर्‍याउन ठूलो भूमिका खेलेका छन् । यो विर्सन हुन्न । नेपाललाई विकसित औद्योगिक मुलुक बनाउने हो भने, ऐतिहासिक भूलहरु सच्याइनै पर्छ, असमान सन्धिहरुको युग अन्त गर्नै पर्छ ।



भारतीय प्र.म. नरसिंह रावसंग उप प्र.म. माधव कुमार नेपाल

## नेपाल विगतमा विकसित औद्योगिक देश होइन, यहाँ व्यापार-मार्ग मात्र थियो

**डा. किशोरकुमार गुरुघराना**

❑ नेपालमा विगतमा औद्योगिक उत्पादन वेसी थियो, सुगौली सन्धि र १९२३ को सन्धिले गर्दा त्यो कम्ती भएर गयो, हराएर गयो- नेपालको ऐतिहासिक वास्तविकता यो होइन ।

नेपाल इतिहासमा कहिल्यै औद्योगिक रुपले विकसित देश थिएन । नेपाल भारत र तिव्वतको बीचमा पर्ने व्यापार-मार्ग थियो । त्यसैले उसले व्यापार-मार्गको हैसियतले वीचमा बसेर मध्यस्थ व्यापार गर्‍यो । काष्ठकला, हस्तकला अलि अलि दिन्थ्यो, तर कुल व्यापारमा त्यसको स्थान नगण्य थियो । मुख्य व्यापार सेवाको हुन्थ्यो । यो त कालक्रममा हराएर जाने कुरा नै हो । खालि व्यापार-मार्गको हैसियतले हुने व्यापार व्यापार-मार्ग नरहेपछि हराउनु स्वाभाविक हो ।

त्यसैले, हामी यो नभनौं, विगतमा नेपालको औद्योगिक वस्तुको व्यापार वचतको स्थितिमा थियो, अहिले हराएर गयो, सुगौली, १९२३ र ५० को सन्धिले हराएर गयो । यो ऐतिहासिक तथ्य होइन ।

❑ भारतसितको नेपालको व्यापारमा सवैभन्दा धेरै धाँधली मूल्याङ्कनमा हुन्छ । शय रुपियाँको वस्तुलाई दश रुपियाँको घोषित गरिन्छ र त्यही अनुसार भन्सार महसूल लिइन्छ । त्यसैले, भारतीय वस्तुको भन्सार महशूल बढाईदिंदैमा भारतबाट आउने वस्तु निरुत्साहित हुने स्थिति छैन ।

मुख्य समस्या त यहाँका भ्रष्ट, दलालीतन्त्र, नोकरशाहीतन्त्र भइरहेछ, जो व्यापारीहरुको पैसामा मजाले विक्छ र वस्तुको कम मूल्याङ्कन गरिदिन्छ । भन्सार बढाइयो भने यो स्थिति दृश्य भन्दा अदृश्य व्यापार, वैधभन्दा अवैध् व्यापार वढ्छ, र अर्को, मूल्याङ्कनमा अरु चर्को धाँधली बढ्छ । यो सवालमा हाम्रो ध्यान जानु जरुरी भएको छ ।

❑ दोश्रो विश्वयुद्धपछिको हाम्रो औद्योगिक संरचना निर्यातमुखी पटक्कै रहेन, यो आयात प्रतिस्थापनमुखी रह्यो । पेय पदार्थ, चुरोट, र चिनी- नेपालको ८०/९०% औद्योगिक उत्पादन यी तीन वटा कुराको हुन्थ्यो । के निर्यातमुखी उद्योग हुन यी ? जब हाम्रो कुल उद्योग नै निर्यातमुखी छैनन भने, निर्यात कसरी बढ्छ ?

त्यसैले मैले यो औद्योगिक संरचना बदल्न जरुरी छ भनेको हुँ । हल्का पेय पदार्थकक (soft drinks) नेपालको त्यो वस्तु हो, जुन भारतीय वजारमा विक्री हुन सक्छ, तर negative list मा पारिएको छ ।

## नेपालसित निर्यात गर्ने वस्तु नै छैनन् भन्ने कुरा होइन

**प्रा. महेश्वरमान श्रेष्ठ**

❑ नेपालसित निर्यात गर्ने वस्तु कम छन्, त्यो हो । औद्योगिक संरचना गलत छ, त्यो पनि हो तर हामीसित निर्यात गर्ने कुरै छैनन् , त्यो होइन । जस्तो- हामी चिनीमा काफी प्रगति गर्न सक्छौं र त्यो निर्यात गर्न सक्छौं । त्यस्तै, जूटबाट बनेका सामानहरु, विस्कुट, चाउचाउ, वियर समेत निर्यात गर्न सक्छौं, हल्का पेय निर्यात गर्न सक्छौ । तर मुख्य कुरा के भने, दलाली गर्ने वर्ग मात्र जन्म्यो यहाँको आर्थिक संरचनामा, उद्यमी जन्मेन । यही संरचना बदल्नु पर्छ भनेर मैले आवाज उठाएको हुँ ।

## व्यापारिक संरचना बदल्न राजनीतिक संरचना बदल्नुपर्छ

**क. शंभुराम श्रेष्ठ**
*नेता, ने.क. लिग.*

❑ पहिले हामीले भारतसित सन्धिको मामलामा राजनैतिक असमनाताको स्थिति अन्त गर्नु पर्‍यो । अनि गुणस्तरयुक्त वस्तुले भारतीय वजार मा प्रतिस्पर्धा गर्न प्रवेश गर्ने प्रयत्न गर्नु पर्‍यो । अहिले जुन हाम्रो कमजोर औद्योगिक संरचना छ, त्यस्तो हुनुमा विगतका असमान सन्धिको भूमिका छ नैं । अहिले पनि त्यो स्थिति रहीरह्यो भने, हामी कसरी औद्योगिक संरचना बदल्न सक्छौं ?

त्यसैले, व्यापारको कुरासित आर्थिक संरचनाको सवाल जोडिएको छ, आर्थिक संरचनासित यहाँको राजनीतिक संरचनाको सवाल जोडिएको छ ।

राजनीतिक रुपले यहाँको गलत औद्योगिक संरचना बदल्न प्रतिवद्ध सरकार चाहियो नि ! अनि मात्र व्यापार समस्या हल हुने दिशा देशले समात्न सक्छ ।

## खुला सीमाबारे आम सहमति हुनु जरूरी

**बालकृष्ण चापागाई**, *पत्रकार*

❑ जति राम्रा नीति र योजना बनेपनि खुला सीमानले ती सबैलाई खत्तम पारिदिएको छ। चिनी यहाँ सस्तो भयो कि भारत पुग्छ, त्यस्तै हरेक कुरामा हुन्छ। त्यसैले खुला सीमा हुँन्जेल नेपालको औद्योगिक विकास हुनै सक्दैन । यसबारे आम सहमति हुनु जरुरी छ।

## हाम्रो देशमा उद्यम गर्न लाज मान्ने संस्कृति छ

**भरतराज पोखरेल**, *प्राध्यापक*

❑ आफ्नै आर्थिक नीति राष्ट्रमुखी हुन शासक वर्ग र जनतामा एउटा राष्ट्रियताको भावना चाहिन्छ। त्यो धेरै कम विकसित छ नेपालमा। जापानलाई त्यही भावनाले दोश्रो विश्व युद्धपछि पनि आजको देशमा बदल्यो ।

❑ महेश्वरमान श्रेष्ठको कार्यपत्रमा व्यापार बढाउन मुद्रा प्रदाय कस्तो हुनु पर्ने, सुनको संचिति कस्तो हुनु पर्ने, विदेशी मुद्राको संचिति कति बढाउने, देशभित्र कुन वस्तुको उत्पादनमा आत्मनिर्भर वन्दै जाने- यो नीति आउनु पर्थ्यो । संभवत :छोटो कार्यपत्र हुनुको कारणले गर्दा यो आउन सकेको छैन ।

❑ हाम्रो देशमा वरु लाहुरे हुने तर देशमा उद्यम नगर्ने, उद्यम गर्न लाज मान्ने संस्कृति छ । औद्योगिक देशका रुपमा नेपाललाई बदल्न यो संस्कृतिसित लड्नु जरुरी छ। लाहुरेलाई देशभित्रै काम दिने, उद्यमशीलता विकास गर्ने कार्य सर्वप्रथम सरकारले थाल्न जरुरी छ।

## व्यापार राज्य-नियन्त्रित हुनुपर्छ

**क. मोहनचनद्र अधिकारी**, *वामपन्थी नेता*

❑ नेपालको औद्योगिक विकास गर्ने हो भने, कृषिजन्य कच्चा पदार्थमा आधारित औद्योगिकरण गर्नु नै सर्वश्रेष्ठ बाटो हो ।

❑ व्यापार एउटा देशसित मात्र आधारित नगरेर विविधीकरण गर्नु नै नेपालको हितमा छ ।

❑ व्यापार प्रणाली राज्य नियन्त्रित हुनुपर्छ । अनि औद्योगी-करणको विकास हुन सक्छ ।





उग्र वामपन्थी विचारधाराको
खण्डन
मोहनविक्रम सिंह
निरतर प्रकाशन
मूल्य रू. १००।-

इन्द्रेणी सांस्कृतिक समाज (इसास) का किरण श्रेष्ठद्वारा रचित गीतहरूको संगालो
नौलो नौलो
(क्यासेट एल्वम) बजारमा आउँदैछ । प्रतिक्षा गर्नुहोस् ।

उत्तम स्वाद............
भरपूर सन्तुष्टि
राजहंस घ्यू
राजहंस तेल

साहित्कि त्रैमासिक **कलम**को नयाँ अंक भर्खरै बजारमा आएको छ।
**वेदनाको नयाँ अंक छिट्टै निकल्दैछ**

# सन् १९५० को शान्ति तथा मैत्री सन्धिबारे के गरिनु पर्छ ?

*यो विषयको कार्यपत्र प्रस्तोता डा.कृष्णबहादुर थापा त्यतिखेर उत्तर कोरियाको भ्रमणमा हुनुभएको हुनाले कार्यपत्रको मूल आशय अन्तर्क्रिया कार्यक्रमका संयोजकले प्रस्तुत गर्नु भयो। (कार्यपत्र गतांकमा प्रकाशित छ)*

## ०५० को सन्धि ब्रिटीश शासककै नेपाललाई हेर्ने चार दृष्टिकोणको उपज हो

**डा. गोपाल पोखरेल, इतिहासविद्**

❑ ०५० को सन्धिवारे मूल्याङ्कन गर्दा त्यो सन्धिमा अन्तरनिहीत उद्देश्यमाथि ध्यान दिइनुपर्छ । कुन उद्देश्यले त्यो सन्धि भएको थियो ? अनि पछि मात्र त्यो समान असमान के थियो- भन्न सकिन्छ ।

❑ नेपाललाई हेर्ने ब्रिटीश भारतका चार वटा रणनीतिक स्वार्थ र दृष्टिकोणहरु थिए, त्यो मैले अघि नै भनिसकेको छु :

सुरक्षा स्वार्थप्रेरित दृष्टिकोण, जनशक्ति आपूर्ति गर्ने स्वार्थप्रेरित दृष्टिकोण, व्यापारिक स्वार्थप्रेरित दृष्टिकोण र प्राकृतिक स्रोत साधनको स्वार्थप्रेरित दृष्टिकोण ।

वेलायती शासकहरु भारतबाट गए, २००४ सालमा, तर नेपाललाई हेर्ने वेलायती साम्राज्यवादको पालाका यी दृष्टिकोणहरु गएनन् ।

❑ १९५० को सन्धि उपनिवेशवादी ब्रिटीश स्वार्थकै निरन्तरतामा नयाँ भारतीय शासक वर्गले गरेको सन्धि थियो ।

राणाहरुले आफ्नो शासनलाई टिकाउन ब्रिटीश साम्राज्यवादका यी स्वार्थहरु पूर्ति गर्दै आइरहेका थिए : १८५७ मा सिपाही विद्रोहलाई दवाउन जनशक्ति पठाएर होस्, दोश्रो विश्व युद्धमा सघाएर होस्, १९२३ मा शारदा वाँध बनाउन मन्जुरी दिएर होस्, ।

डुब्न लागेको राणाशासनले पनि ठान्यो कि- नयाँ भारतीय शासक वर्गलाई खुशी पार्न सकिएमा आफ्नो शासन थामिन्छ कि भनेर। त्यसैले उसले नयाँ भारतीय शासक वर्गले सारेको पुरानै ब्रिटिश भारतकालीन स्वार्थहरुलाई यथावत स्वीकार गरेर १९५० को सन्धि गरेको हो । यस अर्थमा, यो सन्धि तात्कालीन परिस्थितिको उपज थियो ।

❑ यो सन्धि गोप्य रुपमा गरिएको थियो, प्रारंभमा। १९५९ अर्थात् २०१६ सालमा गएर मात्र यो रहस्य नेपाली जनतामा पर्दाफास भएको थियो। यसैबाट पनि यो सन्धि पछाडिको कुनियत छर्लङ्ग हुन्छ ।

❑ हेरिनु पर्ने अर्को सवाल- के यो सन्धि सन्धि हुनको लागि पूरा गर्नु पर्ने पूर्व शर्तहरु पूरा गरेर भएको सन्धि थियो ? त्यस दृष्टिकोणबाट हेर्दा-

☛ पुरानो कोतपर्वबाट आएको जहानियाँ शासनले यो सन्धि गरेको थियो, जुन सन्धि अहिले अस्तित्वमा नै छैन । पुरानो राजनीतिक व्यवस्था नै आधारभूत रुपमा बदलिएको स्थिति छ। प्रचलित अन्तर्राष्ट्रिय कानूनमुताविक आधारभूत रुपमा परिवर्तित नयाँ व्यवस्थाले पुरानो व्यवस्थाको सन्धि मान्नु जरुरी हुन्न ।

☛ यो सन्धिलाई न त त्यतिखेर सार्वभौम भनिएका राजा त्रिभुवनले स्वीकारेको इतिहास छ, न तात्कालीन भारदारी सभाले, न २००७ सालपछिको कुनै वैध शासकले, न २०१५ सालको संसदले, न पंचायतकालीन राष्ट्रिय पंचायतले। यो हिसावले पनि यो सन्धि वैध छैन ।

☛ के यो सन्धिको पालना भारतबाट भएको छ त ?

☛ भारत-पाकिस्तान युद्ध, भारत-चीन युद्ध, भारतको आफ्नै हतियार खरीदको मामला, GATT आदि कुनैमा पनि भारतले यो सन्धिको शर्त अनुसार नेपालसित परामर्श गरेको पाइँदैन । भारत आफैंले यो सन्धिले राखेको शर्त उल्लंघन गर्ने, अनि नेपाललाई मात्र एकतर्फी पालनाको माग गर्ने- सन्धिमा यस्तो त हुँदैन । सन्धि भनेको दुईतर्फी स्वीकृति हो । यस हिसावले पनि यो सन्धि भारतैको व्यवहारबाट मृत भइसकेको छ ।

☛ प्रोफेसर लरेन्स र हलका अनुसार- एउटा वैध अन्तर्राष्ट्रिय कानूनी धारणा नै छ, जसलाई "खेस्टी इस्टाण्डी" भनिन्छ त्यो अनुसार-सन्धि भएको अवस्थामा आमूल परिवर्तन वा सुधार भएको छ भने, परिवर्तित परिस्थितिमा पुरानै सन्धि मान्नु कुनै देशलाई जरुरी रहन्न । यही कानून अनुसार पनि यो सन्धि अवैध छ, नेपालले यसलाई मान्नु जरुरी छैन ।

☛ यी सबै कारणले, यो सन्धि खारेज गर्नु जरुरी छ । त्यो नसके परिवर्तित परिस्थिति अनुसार यसलाई राष्ट्रिय हित अनुकूल संशोधित गर्नु जरुरी छ ।

## सन्धिमा संशोधन होइन, त्यो पूरै खारेज हुनुपर्छ

**डा. बाबुराम भट्टराई**

❑ दुई देशवीचको सन्धि-सम्झौता लगायत मानव समाजका प्रत्येक घटनालाई हेर्ने आजसम्मको सवभन्दा वैज्ञानिक दृष्टिकोण भनेको ऐतिहासिक भौतिकवादी दृष्टिकोण हो । डा. थापाको कार्यपत्रमा त्यो दृष्टिकोणको अभाव मात्र होइन, कुनै स्पष्ट दृष्टिकोण नै देखिँदैन। त्यसैले कार्यपत्रका विश्लेषण र निष्कर्षहरु वस्तुसंगत र तर्कसंगत बन्न सकेका छैनन् ।

❑ नेपाल-भारत लगायत कुनै पनि दुई देशवीचको सन्धि-सम्झौता लगायत अन्य सम्बन्धहरूलाई सम्बन्धित समाजहरूको ऐतिहासिक विकासको चरण र तिनीहरुको अन्तर्निहित अर्थ-राजनीतिक बाध्यता (politico-economic compulsions) को सापेक्षतामा हेरिनु पर्छ । त्यसरी हेर्दा नेपाल-भारतबीचको सम्बन्ध सन् १९४७ पहिले भारतमा ब्रिटिश उपनिवेशवाद र नेपालमा सामन्ती राणातन्त्र र त्यसपछि भारतमा सामन्त तथा दलाल र नोकरशाही पुँजीवादको नेतृत्वमा रहेको भारतीय विस्तारवाद र नेपालमा पनि सामन्त र दलाल तथा नोकरशाही पूँजीवादको नेतृत्वमा रहेको अति कमजोर घरेलु प्रतिक्रियावाद बीचको असमान तथा अर्ध-औपनिवेशिक सम्बन्धमा आधारित देखिन्छ ।

त्यसैले १९२३ र १९५० का नेपाल-भारत सन्धिहरुलाई तात्कालीन अवस्थाको अर्ध-औपनिवेशिक सम्बन्धको ठोस राजनीतिक अभिव्यक्तिको रुपमा नै हेर्नुपर्ने हुन्छ। प्रष्ट शब्दमा भन्नु पर्दा, १९२३ को सन्धि सुगौली- सन्धिपछि नेपाललाई 'आर्थिक रुपले' भारतको अर्ध-उपनिवेश बनाउने औपचारिक दस्तावेज थियो भने, १९५० को सन्धि तुलनात्मक रुपले कमजोर भारतीय एकाधिकार पूँजीवादलाई सुरक्षित वजारको ग्यारेन्टी गर्ने र पुरानो अर्ध औपनिवेशिक सम्बन्धलाई निरन्तरता दिने नयाँ दस्तावेज मात्र थियो ।

त्यसैले कार्यपत्रमा भनिएझैं अहिलेको वदलिएको सन्दर्भमा मात्र होइन, त्यतिवेलाकै सन्दर्भमा पनि १९२३ र १९५० को सन्धि असमान र अर्ध-औपनिवेशिक थिए र त्यस्तो असमान सम्बन्धलाई 'सुमधुर सम्बन्ध' भन्नु सर्वथा गलत हो । किनभने असमानहरुको बीचको सम्बन्ध कहिल्यै समान र सुमधुर हुन सक्दैन ।

❑ १९५० को नेपाल-भारत सन्धि र त्यससँग भएको गोप्य पत्राचारलाई अलग्याएर हेर्न मिल्दैन र ती दुवैलाई सँगै राखेपछि सन्धिको अर्ध-औपनिवेशिक चरित्र छुट्याउन कुनै कठिनाई पर्दैन । सन्धिको धारा २, ५, ६ र ७ तथा पत्राचारका सबै बुँदा नै समग्र सन्धिका आधारभूत कुरा हुन् । अर्थात त्यो सन्धिको टाउको हो र अरु बाँकी धाराहरु हात खुट्टा मात्र हुन् । त्यसैले टाउको फेरेर गिंड मात्र राख्नुको कुनै अर्थ नभएझैं सन्धिका मूलभूत धाराहरु फेरेर सन्धिमा 'परिवर्तन' गर्नु सम्भव छैन र त्यसको कुनै अर्थ रहन्न। त्यसैले सन्धिलाई 'परिवर्तन' गर्ने होइन, पूर्ण रुपले रद्द नै गर्नुपर्दछ । त्यस अर्थमा कार्यपत्रको शीर्षकमा रहेको ".....र यसमा हुनुपर्ने परिवर्तन" भन्ने कुरा नै गलत छ र त्यहींबाट कार्यपत्रको समग्र विश्लेषण र निष्कर्षले गलत दिशा समातेको छ ।

**वेलायतका तात्कालीन प्र.म. चर्चिलः जसले नेपाललाई आफ्नो पंजाबाट उम्कन नदिने जालोको डिजाइन गरेका थिए**



❑ कार्यपत्रमा हालको एमाले मरकारले १९५० को सन्धिबारे लिएको अडान (यदि त्यस्तो कुनै 'अडान' छ भने!) लाई 'ऐतिहासिक कदम' भनिएको छ, जुन तथ्यसंगत हुँदैहोइन। किनभने, आजको मितिसम्म एमाले सरकारको अडान के हो, त्यो प्रष्टसँग आएकै छैन र यदि प्र.म. मनमोहन अधिकारिको कथनलाई आधिकारीक मान्ने हो भने वहाँले टि.भी. र पत्रपत्रिकाहरुमा विचार व्यक्त गर्दा १९५० को सन्धिका केही बुँदामा सामान्य परिवर्तन भए यथेष्ट हुने कुरा गर्नुभएको छ र अझै अगाडि बढेर भारतीय पक्षले सन्धि रद्द गर्ने प्रस्ताव ल्याएमा पनि आफू त्यसमा सहमत नहुने र हुन नहुने बताउनु भएको छ।

❑ अन्तिम निष्कर्षमा, १९५० को नेपाल-भारत सन्धि पूर्ण रुपले खारेज नगरी नेपाल स्वाधीन राष्ट्र बन्नै सक्दैन। त्यसैले सम्भव भएसम्म दुवै पक्षको सल्लाहले उक्त सन्धिलाई खारेज गर्नु पर्छ, नभए सन्धिकै प्रावधान वमोजिम नेपालले एक वर्षको सूचना दिएर एकपक्षीय रुपमा नै सन्धिलाई रद्द गर्नुपर्दछ। अरु कुनै बीचको बाटो खोज्नु भनेको नेपाललाई भारतीय विस्तारवादको अर्ध-औपनिवेशिक दासतामा जकड्याइ राख्नु मात्र हो।

**कार्यक्रम संयोजक:** *भारतले ६० लाख नेपाली फकाईदिन्छु भन्ने धम्की दिँदैछ, सन्धि नमानेमा। त्यो समस्या कसरी हल हुन सक्छ?*

**डा. गोपाल पोखरेल:** भारतमा नागरिक नै भईसकेका, भारतीय भूमिकै धर्तिपुत्रहरुलाई त हामीले नेपाली बोल्दैमा भित्र्याउने कुरा छैन। तर नेपालबाट सन्धिका कारणले प्रवासमा बसेका नेपाली कति छन्, त्यो आंकडा हामीले निकाल्नै पर्छ। त्यो समस्यालाई शिष्टतापूर्वक स्वीकार्नै पर्छ।

## ०५० को सन्धिको लागि गृहकार्य जुद्धशमशेरको पालामा १९३७ देखि नै भएको थियो

**दीपक ज्ञवाली, विद्युतविज्ञ**

❑ नेपालको जलस्रोत समस्या संवन्धमा अध्ययन गर्ने दौरानमा ब्रिटीश लाइब्रेरीमा मैले धेरै पुराना दस्तावेजहरु हेर्ने मौका पाएँ। मेरा धारणा मैले हेरेका ती दस्तावेजमा आधारित छन्।

सन्धिको सवालमा समान-असमान भन्ने कुरा मुख्य होइन। सन्धि भनेको सन्धि नै हो। तपाई सन्धि देशको अहितमा छ र त्यो सन्धि तोड्न बलावान हुनुहुन्छ भने कुनै पनि वेला त्यो तोड्न सुक्नुहुन्छ; तपाई त्यो मानीराख्न वाध्य हुनुहुन्छ भने, त्यो तपाईले तोड्न सक्नु हुन्न।

यो क्षमता र सामर्थ्यको कुरो हो।

❑ मैले हेरेको दस्तावेजअनुसार जुद्ध समशेरले १९३७ मा वेलायती शासकहरुलाई "म नेपाललाई औद्योगीकरण गर्दैछु, तिमीहरु कसरी मद्दत गर्छौ?" भनेर चिट्ठी पठाएका रहेछन्।

❑ त्यो चिट्ठी पठाएपछि ब्रिटीश शासकहरुमा हलचल पैदा भएछ। त्यसमा टिप्पणी उठाउने सवालमा तात्कालीन ब्रिटीश प्रधानमंत्री चर्चिलको समेत टिप्पणी रहेछ। र, त्यो बडो चाखलाग्दो छ।

उनीहरुले त्यसमा के चिन्ता व्यक्त गरेका रहेछन् भने- नेपालमा औद्योगीकरण गरियो भने तेश्रो पार्टी जापान नेपालमा पस्न सक्छ। उसलाई नेपालमा पस्न कसरी रोक्ने?

> **चर्चिलले भनेका छन्- नेपालले औद्योगिकरण गर्छ भने जलस्रोतकै क्षेत्रमा गरोस्, ता कि त्यो विजुली हामीले उपयोग गर्न सकौं**

उनीहरुको अर्को चिन्ता नेपालको जलस्रोतको उपयोगमा रहेछ। टिप्पणीमा चर्चिलले भनेका छन्- नेपालले औद्योगिकरण गर्छ भने जलस्रोतकै क्षेत्रमा गरोस्, ता कि त्यो विजुली हामीले उपयोग गर्न सकौं। टिप्पणीमा उनले के समेत भनेका छन् भने- नेपालले औद्योगीकरण गर्छ भने उसलाई विद्युतको आवश्यकता त पर्छ। त्यसो गर्दा उसले हाम्रै टर्वाइन, हाम्रै मेशिनरी प्रयोग गर्ने स्थिति कसरी बनाउने, त्यो सम्बन्धी रणनीति-कार्यनीति बनाउन जरुरी छ।

१९४५ मा गएर वेलायतले भारत छोड्ने कुरा आईसकेको थियो। त्यतिखेर उनी के टिप्पणी लेख्छन् भने- नेपालले हामीलाई दोश्रो विश्वयुद्धमा खूबै मद्दत गऱ्यो, त्योवापत एकमुष्ट रुपमा उसलाई केबाट पुरस्कृत गर्ने? त्यो पुरस्कृत गर्न उसलाई हामीले औद्योगीकरणमा सहयोग त गर्नै पर्छ। तर यस मामलामा पनि नेपालले हाम्रै यन्त्र, हाम्रै टर्वाइन किन्ने स्थिति कसरी बनाउने, त्यो विचार पुऱ्याउनु पर्छ।

❑ केसम्म टिप्पणी लेखिएको भेटियो भने- औद्योगिकरण गरियो भने नेपाली वस्तु भारतीय वजारमा आउँछन्। सस्तो गोर्खाली श्रम र विजुलीका कारणले नेपाली वस्तु हाम्रोभन्दा सस्तो पर्नसक्छ। त्यो स्थितिमा हाम्रो वस्तुले वजारमा प्रतिस्पर्धा गर्न नसक्ने हुन सक्छ। त्यस्तो हुनबाट रोक्न नेपाली वस्तुमा सीमानामा counter veiling कर कसरी लगाउने र कसरी नेपाली वस्तुलाई भारतीय वस्तुभन्दा सस्तो हुनै नसक्ने पार्ने? कसरी समान अन्तशुल्क लगाउने?- यस्तो कुरा टिप्पणीमा लेखिएको छ। १९४६ सम्मको दस्तावेज मैले हेरें, तिनीहरुमा यिनै कुरा लेखिएका छन्।

❑ १९८९ मा जव नेपाल-भारत विवाद भयो, राजीव गान्धीले पनि तिनै चिन्ता व्यक्त गरेको पाइयो, जुन ब्रिटीशकालीन भारतले व्यक्त गर्ने गरेको थियो। मैले दुई थरिलाई दाँज्दा दृष्टिकोणमा केही फरक देखिनं।

यसबाट म के निष्कर्षमा पुगेको छु भने- १९५० को सन्धिको पूर्वाभ्यास १९३७ देखि नै भएको थियो। १९५० को सन्धि त्यही रिहर्सलको मूर्त परिणाम मात्रै हो। १९४७ मा भारतमा पूँजीवादी यन्त्रको ड्राइभर मात्र बदलियो, तर पूँजीवादी यन्त्र बदलिएन। १९५० को सन्धि पुरानै पूँजीवादी यन्त्रको स्वार्थ मुताविक १९३७ देखि नै गृह-कार्य भएअनुरुप हुन पुगेको सन्धि हो। त्यसका हस्ताक्षरकर्ता मात्र मोहनशम्सेर हुन्। प्रारंभकर्ता जुद्धशम्सेर हुन्। १९३७ देखि १९४६ सम्म ब्रिटीश भारत र नेपालबीच जे जति पत्राचार भएको छ, त्यसैलाई १९५० मा ब्रिटीश भारतले नै तालीम दिएका भारतीय कर्मचारीले १९५० को सन्धिमा हुवहू अक्षरमा उतारेका मात्र हुन्।

❑ १९९५ को भारत १९५० कोभन्दा धेरै बलवान भैसकेको छ। त्यो स्थितिमा १९५० को सन्धिलाई परिवर्तन गर्दा के याद गरिनु पर्छ भने, यो १९५० कोभन्दा पनि खराव हुन नजाओस्। १९५० को सन्धिभन्दा १९९० को सन्धि खराव देखिन्छ, १९९५ को सन्धि त्यो भन्दा खराव नहोस्। मेरो चिन्ताको विषय यो हो।

## अर्को सन्धि नगरेर पनि काम चलाउन सकिन्छ

**गोपाल शिवाकोटी 'चिन्तन'**

❑ यहाँ एउटै सम्मति पैदा भइरहेछ। १९५० को सन्धिका खतरनाक धारा भनेका धारा २, ५, ६, ७ हुन्। यी धारा नरहेपछि सन्धि रहनुको कुनै अर्थ रहँदैन। त्यसैले, पूरै सन्धि खारेज गरिनयोग्य छ।

❑ हाम्रो सबै राष्ट्रसित मैत्री-सन्धि छैन। तर पनि काम चलिरहेको छ। यो सन्धि खारेज गरेपछि पनि अर्को सन्धि गर्नु पर्छ भन्ने छैन। अन्तर्राष्ट्रिय मान्यता र कानून अनुसार काम चलाउन सकिन्छ।

❑ अन्तर्राष्ट्रिय कानूनअनुसार पनि यो सन्धि वदरयोग्य छ। यो डा. गोपाल पोखरेलले भनीसक्नु भयो। म त्यसमा सहमत छु।

❑ नेपालीहरु फर्केर आउने चुनौतिलाई हामीले स्वीकार्नु पर्छ, किनकि कुनै न कुनै दिन उनीहरु फर्कनै पर्छ।

❑ एउटा चाखलाग्दो कुरा, १९५० को सन्धि संयुक्त राष्ट्र संघमा दर्ता भएको रहेछ, तर त्यसमा साथैमा संलग्न भनिएको अरु खतरनाक गोप्य पत्राचार रहेनछ।

यसले यो सन्धिको वदनियत राम्ररी देखाएको छ।

## १९५० को सन्धिभन्दा १९९० को सन्धि खतरनाक छ

**डा. किशोरकुमार गुरुघराना**

❑ १९९० को आर्थिक सन्धि १९५० को सन्धिभन्दा पनि खतरनाक छ।

❑ राष्ट्रिय सहमति बनिसकेको छ भने १९९० को सन्धिलाई खारेज गर्ने आँट हाम्रा प्रधानमंत्रीले देखाउनै पर्छ। हामी कराउने, प्रमले संशोधनको कुरा मात्र गर्ने हो भने, यो कराउनुको कुनै मतलव रहन्न।

❑ जहाँसम्म सन्धि खारेज गर्दा दुःख भोग्नु पर्छ भन्ने कुरा छ, त्यो चुनौती सामना गर्नु पर्छ। यही दुःखले नै नेपालमा औद्योगीकरणको ढोका खोलिदिन सक्छ। यसले विकासको पूर्वाधार खडा गरिदिन सक्छ।


❑ हामी नयाँ सन्धिविना पनि काम चलाउन सक्छौं भन्ने कुरा जायज देखिन्छ। म पनि त्यसमा सहमत छु।

## सत्तामा आउनासाथ पूर्व अडान विर्सने हाम्रो संस्कृति छ

**बालकृष्ण चापागाई**

*पत्रकार*

❑ सत्तामा नपुगुन्जेल चर्काचर्का कुरा गर्ने, सत्तामा पुगेपछि कुर्सी टिकाउन हिजोको राष्ट्रिय अडान विर्सने, यो नेपालीको स्वभाव भइरहेछ। अहिले पनि यो स्वभाव नै कायम छ। यो स्वभाव हटाउनु जरुरी भएको छ। राष्ट्रमुखी सरकार हो भने, वर्तमान सरकारले उपनिवेशबाट नेपाललाई मुक्त गर्न १९५० को सन्धि खारेज गर्ने जोखिम उठाउनै पर्छ। यसका लागि सरकारले राजनैतिक प्रतिवद्धता देखाउनै पर्छ। ❑




## विद्यार्थीहरु त पढ्दै नपढी पास हुन चाहन्छन्

बैशाख महिनाको 'मूल्याङ्कन' पढें। 'संस्कृत समाचार किन र कस्को लागि ?' भन्ने समाचार शीर्षकले नै चाखलाग्दो लाग्यो र पढें। यसमा स्कूलका विद्यार्थीहरुलाई जबरजस्ती यो संस्कृत पढ्न लगाईदैछ भन्ने कुरा लेखिएको रहेछ। आफू पनि विद्यार्थी भएकोले मलाई के लाग्छ भने- विद्यार्थीहरु त संस्कृत मात्र हैन, जुनसुकै विषय पनि जबरजस्ती पढ्न परेको ठान्छन्। उनीहरु त पढ्दै नपढी पास हुन चाहन्छन्। यो त संभव छैन। विद्यार्थीहरुको रुचि बढाउन सकेमा अरु विषय मात्र हैन, संस्कृत पनि सरल र महत्वपूर्ण विषय बन्न सक्छ।

*-महिमा अधिकारी*, कक्षा-८, लिट्ल एन्जल्स् स्कूल, धोबीघाट, ललितपुर

## क्यूबा र संस्कृत समाचारबारे

फिडेल क्यास्त्रो संगको अन्तर्वार्ता, क्रान्तिपछिको ३६ वर्षमा क्यूबा शीर्षकको लेख ज्यादै ज्ञानबर्द्धक र रोचक लाग्यो।

यसैलाई निरन्तरता दिनका लागि आगामी अंकहरुमा क्यास्त्रोको जीवनी, कोरियाली नेता स्व. किम इल सुङ्को जीवनी अनि उत्तर कोरियाको प्रगतिको रहस्य र झलक दिने लेख संलग्न गर्नको जागि अनुरोध गर्दछु।

संस्कृत समाचार किन र कस्को लागि ? शीर्षकको लेख सान्दर्भिक र औचित्यपूर्ण लाग्यो। नेपाल जस्तो आर्थिक उत्पीडनमा परेको मुलुकले संवैधानिक रुपमा, राष्ट्रिय, राष्ट्र वा कामकाजको, यी तीनै भाषाको रुपमा अस्तित्व स्वीकार नगरिएको र साथै ०.५०% नेपालीले पनि नबुभ्ने संस्कृत भाषामा समाचार प्रसारण गर्नुको खासै औचित्य के छ ?

*-रत्न राना मगर*,
नेपालगन्ज न. पा. वडा नं.-१, धम्बोझी

## अरुणबारे मूल्याङ्कनलाई धन्यवाद

गताङ्कमा "नेपाललाई सोमालिया बन्न नदिने हो भने" भन्ने लेखले संकीर्णतावादी प्रवृत्ति हावी भएको एमाले पार्टी र वर्तमान सरकारलाई आम जनताको पक्षमा समाहित हुन दिशाबोध गराएको जस्तो लाग्यो।

अरुण-३ बारेमा समयमा नै सरकारको यो गंभीर त्रुटीलाई औंल्याइदिएकोमा मूल्याङ्कनलाई धेरै धेरै धन्यवाद !

*-हेमराज शर्मा*, हुगिदिशिर-२, वाग्लुङ्ग

## महान सांस्कृतिक क्रान्ति

सन् १९६० को दशकमा चीनमा चलेको महान सर्वहारावादी सांस्कृतिक आन्दोलनको सर्वपक्षीय विश्लेषण सहितको प्रस्तुति अहिलेको सान्दर्भिकता हो। सो आन्दोलनका पक्षधरहरुले अन्ध समर्थन मात्रै गर्ने र त्यसका विरोधीहरुले धज्जी उडाउने मात्रै गरिरहेको बेला यथार्थ जानकारीका लागि मूल्याङ्कन नै अघि सरोस्।

*-श्रीराम खड्का*, त्रि.वि.वि., कीर्तिपुर

## विवाहको तडकभडक

चन्द्रदेब नेपाली लिखित 'विवाहका तडक भडक र फजुल खर्ची प्रवृत्ति रोक्ने कसले र कसरी ?' शीर्षकको लेख ज्यादै पठनीय लाग्यो। आज भोलिका दाइजोमुखी राक्षसहरुलाई यसले निकै राम्रो झापड दिएको छ।

*-मञ्जुला श्रेष्ठ*, तनहुँ- ८ गैरा पाल्पा

## कुन क.पा. हो, कुन होइन ?

मूल्याङ्कनको अङ्क-२७ राम्ररी अध्ययन गरें। प्रायः सबै सामग्री स्तरीय र शिक्षाप्रद छन्। त्यसमा पनि नेपालमा फुट रहेको वाम आन्दोलनको सन्दर्भमा निरव शेरचनले उठाउनु भएको विषयलाई लिएर लेखिएको लेख धेरै महत्वपूर्ण छ। त्यस लेखमा एउटा कम्युनिष्ट पार्टीभित्र भिन्न वा अल्पमतमा रहेको विचारलाई कसरी जीवित र खेल्न सक्ने वातावरण दिने र बिचारको आधारबाट पार्टी बीच आउने फुट कसरी हुन नदिने भन्नेबारे राम्रोसंग स्पष्ट गरिएको छ।

त्यसरी नै उक्त लेखमा कुन पार्टी क. पा. हो वा होइन भनेर छुट्याउने मापदण्ड पनि तोकिएको छ। अब हामी जस्ता मार्क्सवादका शुरुका चेलालाई मापदण्ड देखाईदिने मात्र काम गरेर किन मूल्याङ्कन उम्कन खोज्यो ? एउटा सही कम्युनिष्ट पार्टी छुट्याउने मापदण्ड यो यो हो भनेर विचार-प्रवाह गराउने मूल्याङ्कन जस्तो जिम्मेवार पत्रिकाले सो मापदण्ड अन्तरगत नेपालका यो यो पा.हरु क. पा. हुन र यो यो क. पा. होइनन् भनेर भन्ने साहस किन गर्न सकेन ?

*-सरोज भण्डारी* 'आस्था', झापा
लखनपुर-९ हाल, नयाँ बानेश्वर, काठमाडौं

## सान्दर्भिक सामग्री

गत अङ्कमा प्रकाशित विश्व कम्युनिष्ट आन्दोलनबारे क्यूबाली नेता क. क्यास्त्रोको विशेष अन्तर्वार्ता, श्रीमती लिक् भोल्गा चमारो ट्रियसको अन्तर्वार्ता विशेष सान्दर्भिक छ।

भारतलाई विजुली बेच्ने हो भने, के हुनु पर्छ नेपालको नीति र योजना ? बारे विकास पाण्डेको लेख, पर्दा/रंगमञ्च स्तंभमा कलकार जीवन शर्माको अन्तर्वार्ता पनि उल्लेखनीय छन्। १९५० को नेपाल-भारत सन्धि र यसमा हुनु पर्ने परिवर्तनबारे इतिहासविद्- डा कृष्णबहादुर थापाको इतिहास सम्बन्धी लेख वर्तमान नेपालको सन्दर्भमा विशेष चिन्तन मनन् गर्नु पर्ने देखिन्छ।

## क. प्रश्रितः हिजो र आज

फागुन-चैत अंक ज्यादै सम्मानयोग्य छ। हरेक लेखहरुमा उत्तिकै मार्मिकता अनि सकारात्मक आलोचनाहरु प्रशस्त छन्। यसै अन्तरगत "प्रधानमन्त्री र बोकोको बली" अन्तर्गत मलाई पनि केही टिप्पणी गर्न मन लाग्यो। म लगायत साथीहरु मिलेर एउटा "भोजपुर-खोटाङ्ग र 'तेह्रथुमको व्यथा' नामक कविता संग्रहको लागि माननीय कमरेड प्रश्रितज्यूबाट भूमिका लेखिदिनु भएको थियो र मेरो एउटा कवितामा देवी शब्द उल्लेख भएकोमा उहाँले त्यस्तो "देवी देउता" शब्दहरु विस्तारै हटाउनु पर्ने धारणा व्यक्त गर्नु भएको हस्तलिपी मसंग सुरक्षित छ। तर मूल्याङ्कनमा त उहाँ होम गर्न बस्नु भयो भनेर लेखिएको देख्दा मैले पत्ताउन सकिनँ। के यो सत्य हो ?हो भने कमरेडप्रति म दुःख व्यक्त गर्दछु।

*-रमेश 'गाउँले'*, धरान-८, हाल काठमाडौं, नयाँ बानेश्वर

## सामान्यज्ञान प्रतियोगिता हुनुपऱ्यो

म यस मूल्याङ्कन मासिकलाई अवलोकन गर्ने एक नियमित पाठक हुँ। मलाई यसमा प्रकाशित संमूर्ण स्तम्भको साथै लेख, रचना र टिप्पणीहरु निकै रोचक लाग्छन्। यसबाट मैले मेरो ज्ञानको भण्डारलाई विस्तारित गर्ने निकै ठूलो अवसर पाएको छु।

तर मेरो यस मासिकप्रति के सुझाव छ भने यसले अधिराज्यका संपूर्ण पाठकहरुको सहभागिताको लागि आफ्नो प्रत्येक अङ्कहरुमा सामान्य ज्ञान प्रतियोगिता राख्नुपर्छ। यसले गर्दा संपूर्ण पाठकहरु यसप्रति आकर्षित हुने थिए।

*-शरद पौडेल*, शुखानगर, बुटवल-१०

## पाठकदेखि पाठकसम्म

गताङ्कमा 'पाठकको कुरो'मा मीनप्रसाद भट्टजीले दीपक प्रधानको लेखलाई विवादास्पद भन्नु भएको रहेछ। यो लेख पढ्दा के थाहा पाइन्छ भने, वामपंथी सिद्धान्त कुल्चेर विवादास्पद व्यवहार गर्ने नेताहरुको पर्दाफास लेखकले गर्नु भएको छ। यो लेख अनुसार कुनै पनि कम्युनिष्ट नेता सिद्धान्तले मात्र बनिदैन, व्यवहारको कसौटीमा पनि उत्रेको हुनुपर्छ भन्ने तथ्य उजागर हुन आउँछ।

मीनजीले नेताहरुको नाम लिएर के वहाँहरुले धर्म मान्दैमा कम्युनिष्ट सिद्धान्त छोडिने वा हुन नसकिने हो त भन्नु भएको छ। यसमा म के भन्न चाहन्छु भने, देशको वामपंथी आन्दोलनका अग्रज कार्यकर्ताहरुले धर्म र कम्युनिष्ट दर्शनलाई संगै लैजानाले 'जो अगुवा उही बाटो हगुवा' भन्ने उखान चरितार्थ हुन गई सही कार्यकर्ताहरु र सर्वसाधारण जनतामा उल्टो भ्रम पार्न जान्छ। त्यसैले लेखलाई हटाउने होइन कि विवादास्पद व्यवहार गर्ने नेताहरुलाई पार्टीले यही स्पष्टीकरण माग्ने गरे राम्रो होला।

*-शिवप्रसाद खनाल*, दिव्यपुरी- ३
केउरेनी, नवलपरासी

## जीवन शर्माको अन्तर्वार्ता पढेपछि

गताङ्कमा रेडियाले वेवास्ता गरी गीतहरु लिएको तर परिश्रमिक नदिएको आदि कुरा कलाकार जीवन शर्माको अन्तरवार्ता पढेर थाह पाइयो। लाखौं जनताका प्रिय कलाकारप्रति गरिएको यस्तो उपेक्षापूर्ण व्यवहार राम्रो होइन। दुःख लाग्यो।

*-वसन्त 'संघर्ष'*, एम्. एम्. क्याम्पस, (प्रमाण-पत्र तह), नेपालगंज

## विवाहका फजुल खर्च

विवाहका फजुल खर्च संबन्धमा हाम्रो समाजमा जुन कु-संस्कार कायम छ, त्यसलाई तोड्न क्रान्तिकारीहरु नै अघि बढ्नु पर्छ। आदर्शवादी र विसर्जनवादीहरुले यसो गर्न सक्दैनन्।

*-नरबहादुर बुढा मगर*,
*विष्णु बहादुर कुँवर*, वाग्लुङ्ग

## धन्यवाद-नीरवजी

पूर्णाङ्क २७ ले नीरव शेरचनका सवालको खुट छुट्याएकोमा- धन्यवाद। आफ्नो पूरा जीवन साम्यवादी विचारधारामा अर्पेर मूल्याङ्कनले गरेको अस्पष्ट सम्पादकीयलाई नीरबजीबाट जिज्ञासाका रुपमा व्यक्त भएपछि "झिंजाले मुढो पोल्छ" भने झैं आफूमा ल्याएको हलचललाई मूल्याङ्कनले पूर्ण रुपले व्याख्यात्मक जवाफ दिएर सर्वसाधारणमा फैलिएको भ्रमलाई छर्लङ्ग पारी "मूल्याङ्कन" जस्तो स्वच्छ पाठकको खुराक अझ पवित्र बनेको छ।

विश्व समाजमा जन्मिएका विचारधारा भनेका दुई धारमा अवतरित भैसकेका छन्। जसको तथ्यलाई यस लेखले मात्र खुलस्त पार्न सफल भएको छ। यसरी नीरवजीबाट प्रश्न जन्मिएर पनि मूल्याङ्कनको ढोकासम्म नपुगेको भए साम्यवादी विचारधारामा रहेको गुटबन्दी सम्बन्धी अवधारणाले पाठकलाई दुविधामा पार्ने थियो। यसरी सुक्ष्मातिसुक्ष्म ढंगले व्याख्या गर्ने जुन जमर्को मूल्याङ्कन मण्डलीले गऱ्यो- यसको श्रेय भने "गर्ने भन्दा गराउने ठूलो" भनेझैं जिज्ञासाकर्ता नीरबजीलाई दिनै पर्छ। वहाँ धेरै प्रबुद्ध व्यक्ति हुनुभएकोले नेपाली जनमानसमा साम्यवादी गुटबन्दी र विचारधारामा हुनुपर्ने एकताका लागि आवश्यक क्रान्ति, केन्द्रीकरण एव साझेदारी सम्बन्धमा उब्जिएका तगारा भत्काउन स्वयं पार्टीमा रहेका अलग विचारधारालाई एकीकृत गर्नु पर्ने तथ्य खुलस्त भएको छ। एकातिर कुनै पनि दलमा गुटबन्दी वा विचार- द्वन्द जरुरी छ। किनभने गुट-गुट बीचको आलोचना र आरोपबाटै प्रतिक्रिया हुन्छन्। पार्टी एकीकरण र विकासको जग त्यसपछि मात्र बस्छ- जब विचारमा एकरुपता आउँछ। त्यसैले यसबेला कम्युनिष्टहरु समायनुकूल यथार्थतातिर लम्कनु पर्ने कुरालाई कसैले नकार्न सक्दैन। तै पनि अर्कातिर पार्टीमा द्वन्द्व तयार नभएमा सो पार्टी तानाशाही वा निरंकुश हुने तथ्यलाई जनसमक्ष उजागर गराएर पाठकमा पर्ने भ्रमलाई नष्ट गर्ने चेष्टा यस लेखले गरेको छ। यो नै नीरवजीबाट उद्धृत गरिएका प्रश्नहरुबाट उब्जिएका जवाफहरुले दिएको मूल शिक्षा हो।

अन्त्यमा "मूल्याङ्कन"ले मुलुक बाहिर रहेका कम्युनिष्ट पार्टीबारेका गतिविधिलाई पाठकमा पुऱ्याउने परंपरा बसालेकोमा पुनः धन्यवाद !!

*-मोहनचन्द्र दहाल*, मादी, संखुवासभा

# चिराग उद्योग समूह

अन्तर्राष्ट्रिय स्तरको फोमका डस्ना, चकटी, तकिया तथा फर्निचर आदिमा प्रयोग गर्न सकिने फोमका सिटहरुको लागि हामीलाई संझनुहोस् ।

खानेपानी, ढल निकास, सिंचाई, ट्यूबवेल आदिमा प्रयोग गर्न सकिने अत्याधुनिक प्रविधिबाट उत्पादित विभिन्न साईजका उच्चस्तरीय पि.भि.सि. पाईपहरू प्रयोग गर्नु भई ढुक्क हुनुहोस् ।

**पि.भि.सि. पाईपहरु बलियो, किफायती, हलुको, खिया नलाग्ने, कडा हुने र यसलाई चूहावट नहुने गरी जडान गर्न सकिन्छन् ।**

*मुक्तेश्वर पि.भि.सि. पाईपहरू नेपाल अधिराज्यका मुख्य शंहरहरूका हार्डवेयर पसलहरूमा पाइन्छन् ।*

प्राकृतिक रवर प्रयोग गरी निर्माण गरिएका विभिन्न साईजका डनलपका (रवर) डस्ना, चकटी, तकियाको लागि संपर्क गर्नुहोस् ।

निर्माता **चिराग फोम ई. प्रा. लि.,**
वा. औ. क्षे., काठमाडौं,
फोन नं. : २७२३८४

निर्माता **मुक्तेश्वर पाईप ई. प्रा. लि.,**
पुतलीसडक, काठमाडौं,
फोन : ४२०७७३

निर्माता **श्री राम रवर ई.,**
वालाजु, काठमाडौं,
फोन नं.: २७०००८

**मुख्य कार्यालय : फोन नं : ४२०७७३, २२७३८५, फ्याक्स नं.: ९७७-१-४२०७७३, पुतली सडक, काठमाडौं**




## घरायसी उपकरणहरु

आइपुग्यो !

| | |
|---|---|
| १) माइक्रो वेब ओभन (कम्प्यूटर कन्ट्रोल) | १०,०००।- |
| २) माइक्रो वेब (मेसिन कन्ट्रोल) | ९,५००।- |
| ३) ह्याण्ड मिक्स्चर | २,१००।- |
| ४) फुड प्रोसेसर | २,५००।- |
| ५) जुस स्क्वीजर | १,०००।- |

**५% छुटका साथै**

**नेशनल ट्रेडिंग लिमिटेडको टेकूस्थित बिक्री कक्षबाट धमाधम विक्री हुँदैछ ।**

**नेशनल ट्रेडिङ्ग लिमिटेड**
केन्द्रीय कार्यालय, टेकू, काठमाडौं

**WINTER SCHEDULE 1ST OCTOBER TO 14TH MARCH 1995**

# The Best of Nepal.
# The Complete Domestic Airlines.

**Nepal Airways**

| FROM/TO | FLT. DAYS | FLT. NO. | DEP | ARR | AIRCRAFT TYPE |
|---|---|---|---|---|---|
| KTM/BHR | DAILY | 7E637 | 1145 | 1210 | Y - 12 |
| /BIR | DAILY | 7E605 | 1145 | 1240 | AVRO |
| /BWA | 7,3,5 | 7E623 | 1130 | 1220 | AVRO |
| /KEP | 7,3,5, | 7E623 | 1130 | 1330 | AVRO |
| /LUA | DAILY | 7E609 | 0810 | 0845 | Y - 12 |
| /LUA | DAILY | 7E611 | 0950 | 1025 | Y - 12 |
| /LUA | DAILY | 7E601 | 1130 | 1205 | Y - 12 |
| /MTN | DAILY | 7E633 | 0815 | 0915 | AVRO |
| /MTN | DAILY | 7E634 | 0845 | 0945 | AVRO |
| /PKR | DAILY | 7E603 | 0945 | 1015 | AVRO |
| //PKR | 7,1,2,3,4,6 | 7E645 | 1510 | 1540 | AVRO |
| PKR | DAILY | 7E637 | 1144 | 1255 | Y - 12 |
| PKR/BHR | DAILY | 7E640 | 1000 | 1020 | Y - 12 |
| /JOM | DAILY | 7E661 | 0715 | 0740 | Y- 12 |
| /JOM | DAILY | 7E663 | 0835 | 0900 | Y - 12 |
| /KTM | DAILY | 7E640 | 1000 | 1110 | Y - 12 |
| /KTM | 7,1,2,3,4.,6 | 7E646 | 1610 | 1640 | AVRO |
| /KTM | DAILY | 7E604 | 1045 | 1115 | AVRO |
| BIR/KTM | 7,1,3,4, | 7E606 | 1305 | 1355 | AVRO |
| | 2,5,6 | 7E606 | 1455 | 1545 | AVRO |
| /TMY | 2,5,6 | 7E621 | 1305 | 1330 | AVRO |
| BWA/KEP | 7,3,5 | 7E623 | 1250 | 1330 | AVRO |
| /KTM | 7,3,5 | 7E624 | 1510 | 1600 | AVRO |
| KEP/BWA | 7,3,5 | 7E624 | 1400 | 1440 | AVRO |
| /KTI | 7,3,5 | 7E624 | 1400 | 1600 | AVRO |
| TMI/BIR | 2,5,6 | 7E622 | 1400 | 1425 | AVRO |
| LUA/KTM | DAILY | 7E610 | 0900 | 0935 | Y - 12 |
| /KTM | DAILY | 7E612 | 1040 | 1115 | Y - 12 |
| /KTM | DAILY | 7E602 | 0715 | 0750 | Y - 12 |
| KEP/BJR | 1 | 7E683 | 0900 | 0940 | Y - 12 |
| /FEB | 5,6 | 7E681 | 1200 | 1235 | Y - 12 |
| | 3 | 7E681 | 1100 | 1135 | Y - 12 |
| /JUM | 7 | 7E671 | 1200 | 1245 | Y - 12 |
| /JUM | 1,2,4 | 7E675 | 1050 | 1135 | Y - 12 |
| /JUM | 2,5,6 | 7E669 | 0900 | 0945 | Y - 12 |
| /JUM | 3,4 | 7E671 | 1300 | 1345 | Y - 12 |
| /JUM | 3 | 7E673 | 1500 | 1545 | Y - 12 |
| /JUM | 7,3,5,6 | 7E667 | 0700 | 0745 | Y - 12 |
| BHR/KTM | DAILY | 7E638 | 1045 | 1110 | Y - 12 |
| /PKR | DAILY | 7E639 | 1235 | 1255 | Y - 12 |
| BJR/KEP | 1 | 7E684 | 0955 | 1035 | Y - 12 |
| FEB/KEP | 5,6 | 7E682 | 1250 | 1325 | Y - 12 |
| | 3 | 7E682 | 1150 | 1225 | Y - 12 |
| JUM/KEP | 7,3,5,6 | 7E668 | 0800 | 0845 | Y - 12 |
| /KEP | 7 | 7E672 | 1300 | 1345 | Y - 12 |
| /KEP | 1,2,4 | 7E676 | 1150 | 1235 | Y - 12 |
| /KEP | 2,5,6 | 7E670 | 1000 | 1045 | Y - 12 |
| /KEP | 3,4 | 7E672 | 1400 | 1445 | Y - 12 |
| /KEP | 3 | 7E674 | 1600 | 1645 | Y - 12 |
| JOM/PKR | DAILY | 7E662 | 0755 | 0820 | Y - 12 |
| /PKR | DAILY | 7E664 | 9015 | 0940 | Y - 12 |

NOTE : 1 = Monday, 2 = Tuesday, 3 = Wednesday, 4 = Thrusday
5 = Friday 6 = Saturday, 7 = Sunday

*(Subject to Government approval)*